असोज – २

# सर्वोच्च अदालत बुलेटिन

**पाक्षिक प्रकाशन**


| वर्ष २४, अङ्क १२ | २०७२, असोज १६–३० | पूर्णाङ्क ५५८ |
|---|---|---|





**प्रकाशक**

## सर्वोच्च अदालत

**रामशाहपथ, काठमाडौं**

**फोन न. ४२५०७४२, ४२६२३९७, ४२६२३९८, ४२६२८०१, ४२५८१२२ Ext.२५१२ (सम्पादन), २५११ (छापाखाना), २१३१ (बिक्री)**

**फ्याक्सः ४२६२८७८, पो.व.न. २०४३८**

**Email:** info@supremecourt.gov.np, Web: **www.supremecourt.gov.np**

## प्रकाशन, सञ्चार तथा सम्पादन समिति

| | |
|---|---|
| माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्याय, सर्वोच्च अदालत | - अध्यक्ष |
| माननीय न्यायाधीश श्री दीपकराज जोशी, सर्वोच्च अदालत | - सदस्य |
| नायव महान्यायाधिवक्ता श्री ठोकप्रसाद सिवाकोटी, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय | - सदस्य |
| अधिवक्ता श्री लक्ष्मीदेवी दाहाल (रावल) प्रतिनिधि, नेपाल बार एसोसिएसन | - सदस्य |
| वरिष्ठ अधिवक्ता श्री नरहरि आचार्य, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन | - सदस्य |
| सहरजिस्ट्रार श्री नहकुल सुवेदी, सर्वोच्च अदालत | - सदस्य सचिव |

**प्रकाशन, सञ्चार तथा सम्पादन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री राजन बास्तोला
शाखा अधिकृत श्री मिनबहादुर कुँवर
ना.सु.श्री सरस्वती खड्का
ना.सु.श्री अमृत विश्वकर्मा
ना.सु.श्री लक्ष्मण वि.क.
सि.कं.श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री कृष्णबहादुर श्रेष्ठ
कार्यालय सहयोगी श्री प्रेमलाल महर्जन

**भाषाविद् :** उप.प्रा. श्री रामचन्द्र फुयाल

**बिक्री शाखामा कार्यरत् कर्मचारी**

डि.श्री नरबहादुर खत्री

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

सुपरभाइजर श्री कान्छा श्रेष्ठ
सिनियर बुकबाइन्डर श्री मधुसूदनमान श्रेष्ठ
सिनियर बुकबाइन्डर श्री तेजराम महर्जन
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री नरेन्द्रमुनि बज्राचार्य
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सहायक डिजाइनर श्री रसना बज्राचार्य
बुकबाइन्डर श्री यमनारायण भडेल
बुकबाइन्डर श्री मीरा वाग्ले
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री मोति चौधरी

---

**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | |
|---|---|
| विशेष इजलास | ३ |
| पूर्ण इजलास | १ |
| संयुक्त इजलास | १५ |
| इजलास नं. १ | ५ |
| इजलास नं. २ | ४ |
| इजलास नं. ३ | ११ |
| इजलास नं. ४ | ४ |
| इजलास नं. ५ | १० |
| इजलास नं. ६ | १५ |
| इजलास नं. ७ | ४ |
| इजलास नं. ८ | ६ |
| एकल इजलास | २ |
| रीत / बेरीत आदेश | १ |
| जम्मा | ८१ |

नेपाल कानून पत्रिकामा

२०१५ सालदेखि २०६९ साल असोजसम्म

प्रकाशित

# निर्णयहरूको सारसङ्ग्रह

## विषयगत आधारमा

## वर्गीकृत

एघार खण्ड पुस्तकहरू बिक्रीमा छन् ।

मूल्य रू.५,५००।-

<u>पाइने ठाउँ</u>

- नेपाल कानून पत्रिका बिक्री कक्ष, सर्वोच्च अदालत
- न्यायाधीश समाज नेपाल, बबरमहल
- सर्वोच्च अदालत बार एसोसिएसन, *नेबाए* भवन

यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः

सअ बुलेटिन २०७... ... .... १ वा २, पृष्ठ ....

(साल) (महिना)

उदाहरणार्थः सअ बुलेटिन २०७२, असोज – २, पृष्ठ १

का.जि.द.नं. ३९।०४९।०५०

सर्वोच्च अदालतलगायत मातहतका अदालतहरू एवम् अन्य न्यायिक निकायहरूका कामकारवाहीसँग सेवाग्राहीहरूको कुनै गुनासो, उजुरी र सुझाव भए सर्वोच्च अदालत, प्रधानन्यायाधीशको निजी सचिवालयमा रहेको

**Toll Free Number**

**१६६०– ०१– ३३३– ५५**

वा

**इमेल ठेगाना**

**cjscomplain@supremecourt.gov.np**

मा सम्पर्क गर्न सकिने छ ।

मूल्य रू.१५।-

मुद्रकः सर्वोच्च अदालत, छापाखाना

विषयसूची


| क्र.सं. | विषय | पक्ष/विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **विशेष इजलास** | | | **१-४** |
| १. | उत्प्रेषण / परमादेश | यादवप्रसाद थपलिया वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | |
| २. | उत्प्रेषण / परमादेश | अधिवक्ता माधवकुमार बस्नेतसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | |
| **पूर्ण इजलास** | | | **४-५** |
| ३. | उत्प्रेषण / परमादेश | त्रिलोचन संग्रौला वि. भूमि सुधार कार्यालय झापा, चन्द्रगढीसमेत | |
| **संयुक्त इजलास** | | | **५-१२** |
| ४. | उत्प्रेषण / परमादेश | पुकार नरसिंह राणासमेत वि. नेपाल राज्यका महान्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालयसमेत | |
| ५. | नापी नक्सा निर्णय र दर्ता बदर गरी सार्वजनिक बाटो कायम गरिपाऊँ | राममिलन कांदु वि. तिरथराम कुर्मी | |
| ६. | कर्तव्य ज्यान | नजरमान पुरी वि. नेपाल सरकार | |
| ७. | भ्रष्टाचार | नेपाल सरकार वि. बद्रीनाथ श्रेष्ठ | |
| ८. | उत्प्रेषण / परमादेश | अमितकुमार टिवडेवालसमेत वि. एच. एन्ड. बी. डेभलपमेन्ट बैंक, शाखा कार्यालय, न्यूरोडसमेत | |
| ९. | कर्तव्य ज्यान | दिपन भन्ने दिपेन श्रेष्ठ वि. नेपाल सरकार | |
| १०. | निषेधाज्ञा | कृष्णकुमार भट्टराई वि. होटल द्वारिकाज | |
| ११. | छुवाछुत | दिपकप्रसाद उपाध्याय वि. नेपाल सरकार | |
| १२. | दर्ता बदर हक कायम दर्ता | राघो ठाकुर भुमिहारसमेत वि. नेपाल सरकार | |
| १३. | परमादेश | सुवोधसिंह थारू वि. चन्द्रावती थारू | |
| १४. | कर्तव्य ज्यान | नेपाल सरकार वि. छिमा राना | |
| १५. | बन्दी प्रत्यक्षीकरण | अम्बिका घिमिरे वि. नेपाल सरकार | |
| १६. | उत्प्रेषण | देउती रिमाल वि. मालपोत कार्यालय, कलंकी, काठमाडौंसमेत | |
| **इजलास नं. १** | | | **१२-१५** |
| १७. | हक कायम नामसारी | निलमकुमार पाण्डे वि. दिग्वीजय नाथ पाण्डे | |

| | | |
|---|---|---|
| १८. | जग्गा खिचोला चलन | हविव अंसारी वि. मुक कुमारी न्यौपाने क्षेत्री |
| १९. | उत्प्रेषण | राम दुलारी थारूसमेत वि. नेपाल सरकार, मन्त्रिपरिषद् सिंहदरबार, काठमाडौंसमेत |
| २०. | परमादेश | पूर्णबहादुर गुरूङ वि. जिल्ला प्रहरी कार्यालय, कास्कीसमेत |
| २१. | उत्प्रेषण / परमादेश | फुबु याङ्गजी लामासमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत |
| **इजलास नं. २** | | **१५-१८** |
| २२. | उत्प्रेषण | बालकृष्ण श्रेष्ठ वि. रामेश्वरी श्रेष्ठसमेत |
| २३. | कर्तव्य ज्यान, ज्यान मार्ने उद्योग र आगजनी | नेपाल सरकार वि. पासाङ तामाङसमेत |
| २४. | कर्तव्य ज्यान | नेपाल सरकार वि. परवीर डाँगीसमेत |
| २५. | लागु औषध खैरो हेरोइन | रामबहादुर गुरूङ वि. नेपाल सरकार |
| **इजलास नं. ३** | | **१८-२३** |
| २६. | गैंडाको खाग बिक्री | राजेश्वर खतिवडा वि. नेपाल सरकार |
| २७. | लगत कट्टा बदर | राजोदेवी विन वि. दुखिया देवी |
| २८. | धर्मपुत्र लिखत बदर | श्रीनारायण साह तेली वि. जितेन्द्रप्रसाद साह |
| २९. | परमादेश | मन्जुकुमारी साह वि. बबनकुमार गुप्ता |
| ३०. | निषेधाज्ञा | मङ्गलुदेवी ठाकुरसमेत वि. प्रभुनारायण ठाकुरसमेत |
| ३१. | परमादेश | जगरनाथ साह कानू वि. नागेश्वर साह कलवारसमेत |
| ३२. | कर्तव्य ज्यान | विक्रम कुमाल वि. नेपाल सरकार |
| ३३. | लागु औषध खैरो हेरोइन | इर्साद अहमद वि. नेपाल सरकार |
| ३४. | जबर्जस्ती करणी | राजकिशोर भेडिहार वि. नेपाल सरकार |
| ३५. | जालसाजी | अम्बिका गजुरेलसमेत वि. शम्भेप्रसाद गजुरेलसमेत |
| **इजलास नं. ४** | | **२३-२६** |
| ३६. | उत्प्रेषण | रामनारायण राय यादव भन्ने रामनारायण दास बैरागी वि. जिल्ला प्रशासन कार्यालय, सर्लाही, मलंगवासमेत |
| ३७. | कर्तव्य ज्यान | नेपाल सरकार वि. सञ्जय केबट भन्ने सकई केबटसमेत |
| ३८. | हातहतियार खरखजाना | नेपाल सरकार वि. सोनुकुमार सिंहसमेत |

| | | |
|---|---|---|
| ३९. | खुन डाँका | नेपाल सरकार वि. दिलवा र दीलिप भन्ने विद्यानन्द राय यादवसमेत |
| **इजलास नं. ५** | | **२७-३१** |
| ४०. | मानव बेचविखन तथा ओसार पसार | राजेश भन्ने भगीरथ दाहाल वि. नेपाल सरकार |
| ४१. | प्रतिषेध / परमादेश | प्राचार्य राजु भाइ त्यात वि. पूर्वाञ्चल विश्वविद्यालय विराटनगर नेपालसमेत |
| ४२. | उत्प्रेषण / परमादेश | मेदनीप्रसाद उप्रेती वि. मालपोत कार्यालय दमक झापासमेत |
| ४३. | उत्प्रेषण / परमादेश | कृष्णबहादुर श्रेष्ठसमेत वि. नेपाल सरकार |
| ४४. | अंश चलन | पम्फा खकुरेल वि. दयाराम खकुरेलसमेत |
| ४५. | बन्दी प्रत्यक्षीकरण | मुजारहद्दिन खाँको हकमा निजको बाबु जियाउद्दिन खाँ वि. जिल्ला प्रशासन कार्यालय, बाँकेसमेत |
| ४६. | माना चामल | बालकृष्ण खकुरेल वि. पम्फा खकुरेल |
| **इजलास नं. ६** | | **३१-३३** |
| ४७. | मोही लगत कट्टा | मोतीराम साफी वि. गयाराम यादव |
| ४८. | कर्तव्य ज्यान | दीपकराज सेन वि. नेपाल सरकार |
| ४९. | जबरजस्ती करणी | नेपाल सरकार वि. विकेश कोइराला |
| ५०. | डाँका चोरी | नेपाल सरकार वि. दुर्योधन मेहेता |
| ५१. | अंश चलन | लक्ष्मी केशरी श्रेष्ठ वि. जीवनलाल श्रेष्ठसमेत |
| **इजलास नं. ७** | | **३३-३५** |
| ५१. | अंश दर्ता | रामप्रसाद यादव वि. भागोदेवी यादवसमेत |
| ५२. | अंश चलन | चन्द्रशेखर सिंह राजपूतसमेत वि. विष्णुदेव सिंह |
| ५३. | अंश चलन | शान्ताकुमारी पाण्डेय (पन्त) वि. चोलकुमारी पाण्डेयसमेत |
| **इजलास नं.८** | | **३५-४१** |
| ५४. | कर्तव्य ज्यान | धनबहादुर थापा मगर वि. नेपाल सरकार |
| ५५. | सरकारी छाप दस्तखत किर्ते | नेपाल सरकार वि. नवराज नेपाल |
| ५६. | क्षतिपूर्ति रकम दिलाई भराइ पाऊँ | उर्मिला श्रेष्ठ वि. प्रचण्डबहादुर बम |
| ५७. | सेवाबाट हटाएको | योगेन्द्र गिरी वि. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, रामशाहपथ, काठमाडौंसमेत |

| | | |
|---|---|---|
| ५८. | निषेधाज्ञा | सुवोध दवाडी वि. नेपाल इन्डस्ट्रियल एन्ड कमर्सियल बैंक लिमिटेड, कमलादी, काठमाडौं |
| ५९. | उत्प्रेषण / परमादेश | नर्वदेश्वर शुक्ल वि. विद्यालय शिक्षक किताबखाना, ताहाचल, काठमाडौंसमेत |
| **एकल इजलास** | | **४१-४२** |
| ६०. | उत्प्रेषण / परमादेश | चन्द्रकुमारी खड्का वि. सीता भट्टराई न्यौपानेसमेत |
| ६१. | उत्प्रेषण / परमादेश | संजीव कोइराला वि. शहरी विकास मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत |
| **रीत / बेरीत आदेश** | | **४२** |
| ६२. | उत्प्रेषण / परमादेश | ज्ञानेन्द्रराज आरणसमेत वि. त्रिभुवन विश्वविद्यालय केन्द्रीय कार्यालय, कीर्तिपुर काठमाडौंसमेत |
| **अदालत गतिविधि** | | **४३** |

## विशेष इजलास

१

**स.प्र.न्या. श्री रामकुमार प्रसाद शाह, मा.न्या. श्री गिरीश चन्द्र लाल र मा.न्या. श्री बैद्यनाथ उपाध्याय,** ०७०-WS-००४२, उत्प्रेषण / परमादेश, यादवप्रसाद थपलिया वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत

निजामती सेवालाई कस्तो बनाउने, यसको संगठनात्मक स्वरूप कस्तो हुने, पदसोपानको संरचना कुन प्रकारको राख्ने, निजामती कर्मचारीको नियुक्ति, बढुवा र बर्खासीका मापदण्ड के कस्तो आधारबाट निर्धारण गर्ने, सेवाका सर्त र सुविधाहरू के कस्तो प्रदान गर्ने भन्ने विषयहरू कर्मचारी प्रशासनको क्षेत्रमा विकसित मान्यता, सिद्धान्त र प्रचलनलाई ध्यान दिई देशको अवस्था र आवश्यकताअनुरूप राज्यले अख्तियार गर्ने नीतिमा भर पर्ने विषय भएको हुँदा न्यायिकरूपमा व्यवस्थापन हुने विषय मान्न नमिल्ने।

निवेदकले उठाएको नियमावलीको नियम ८८ को उपनियम (१), (२) र (३) लगायतको व्यवस्था टाइपिष्ट र कम्प्युटर अपरेटर पदमा कार्यरत् निजामती कर्मचारीको हकमा लागू हुने कानूनी व्यवस्था हो भन्नेमा विवाद देखिँदैन। कामको प्रकृतिअनुसार यी दुवै पदहरू एकै भएको हुँदा उक्त व्यवस्था हुनुलाई स्वाभाविक मान्नु पर्ने हुन्छ। तर यी निवेदक टाइपिष्ट वा कम्प्युटर अपरेटर पदमा कार्यरत् नभई नेपाल विविध सेवाको टेलिफोन अपरेटर पदमा कार्यरत् निजामती कर्मचारी रहेको हुँदा निवेदकको कामको प्रकृति र टाइपिष्टको कामको प्रकृति समान रहेको मान्न मिल्ने हुँदैन। यस्तो अवस्थामा उक्त नियममा भएको व्यवस्था आफूलाई पनि लागू हुनुपर्ने भन्ने तर्क जायज मान्न मिल्दैन। बढुवाको आधार र अवस्था नै फरक फरक रहेका र अलगअलग वर्गका कर्मचारीहरूको बढुवाको लागि कानूनमा तोकिएको पृथकपृथक सेवाको सर्त युक्तिसङ्गत वर्गीकरणको सिद्धान्त (Theory of Reasonable Classification) अनुकूल नै देखिँदा समानताको हकविपरीत भएको भन्ने निवेदन दाबी सिद्धान्ततः उपयुक्त मान्न नमिल्ने।

कुनै ऐन वा नियमावलीको प्रावधान संविधानको धारासँग बाझिएको छ भनी दाबी गर्नेले दाबी गरेअनुसारको कानूनी व्यवस्था के कसरी संविधानसँग बाझिएको हो भन्ने प्रमाणित गरी अदालतलाई विश्वास दिलाउने भार त्यस्तो दाबीकर्ता निवेदक (Petitioner) मा रहने हुन्छ। निवेदकले सो कुरा आफ्नो निवेदनमा स्पष्टरूपमा खुलाउन सकेको देखिँदैन। त्यसमा पनि संविधानको धारा १३ द्वारा प्रदत्त समानताको हकलाई निरपेक्ष नभई सापेक्षरूपमा ग्रहण गर्नुपर्ने र समान अवस्थामा रहेकाहरूबीच असमान व्यवहार गर्न नहुने भन्ने मूल अवधारणा नैं समानतासम्बन्धी सिद्धान्तको आधार भएको अवस्थामा कामको प्रकृति नै भिन्न भएका यी निवेदकले लागू नै नहुने बढुवाको व्यवस्था र समायोजनको प्रक्रियालाई समानताको हकविपरीत भयो, पेसा, रोजगार, उद्योग र व्यापार गर्ने स्वतन्त्रता हनन् भयो भनी मान्न नमिलेको हुँदा निजामती सेवा नियमावली, २०५० को नियम ८८ को उपनियम (६) को व्यवस्था नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२(३)(च) र १३(१) सँग बाझिएको भन्ने निवेदन दाबीसँग सहमत हुन नसकिने।

यी निवेदक निजामती सेवा ऐन, २०४९ को (तेस्रो संशोधन) अध्यादेश आउनुपूर्व अर्थात् मिति २०६८।१०।१ देखि नै सोही सेवाको टेलिफोन अपरेटर (रा.प.अनं.प्रथम श्रेणी) पदमा उक्त ऐनको दफा २४घ१ बमोजिम बढुवा भएको र संशोधित अध्यादेशद्वारा व्यवस्था भएको दफा २४घ१ख बमोजिम सम्बन्धित मन्त्रालय, सचिवालय वा आयोगको पुल दरबन्दीमा समायोजन भै सकेको कर्मचारी हुँदा जुन पदमा बढुवा भएको हो सोही पदमा समायोजन हुने कानूनको व्यवस्था हो। दफा २४घ१ख बमोजिम समायोजनको प्रक्रिया र नियम ८८ बमोजिम बढुवा हुने प्रक्रिया नै

फरक भएको अवस्थामा निवेदकको हकमा नियम ८८ आकर्षित हुने नदेखिने।

निवेदक दफा २४घ१ख को व्यवस्था र उपदफा (८) बमोजिम निज स्वयम्ले रूची र चाहनाको फाराम भरी निजकै चाहनाअनुसार अर्थ मन्त्रालयको मिति २०७०।५।१४ को निर्णयानुसार सामान्य प्रशासन मन्त्रालय वा अन्तर्गत पदस्थापनासमेत भइसकेको निजामती कर्मचारी भएको भन्ने लिखित जवाफबाट समेत देखिँदा एक पटक समायोजन पदस्थापन प्रक्रियामा सहभागी भइसकेको कर्मचारीले पछि आफ्नो अनुकूल भएन भनी प्रशासन समूहको पदमा बढुवा पदस्थापना हुनुपर्ने भन्ने जिकिर लिन निवेदक विवन्धित भएको मान्नुपर्ने।

निवेदक मिति २०६८।१०।१ देखि बढुवा भैसकेको र सो बढुवालाई स्वीकार गरी हालसम्म सोही पदमा कार्यरत् रहेकामा हाल आएर नियम ८८ को उपनियम ६ बमोजिम बढुवाको व्यवस्था गरिपाउँ भन्ने निवेदन दाबी कानूनसङ्गत र तर्कसङ्गत देखिएन। साथै उल्लिखित आधार कारणबाट नियम ८८ को उपनियम (६) संविधानसँग बाझिएको भन्ने पनि नदेखिँदा निवेदन मागबमोजिम रिट जारी गर्न मिलेन, रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: ईश्वर पराजुली
कम्प्युटर: विकेश गुरागाईं
इति संवत् २०७१ साल चैत १२ गते रोज ५ शुभम्।

**२**

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह, मा.न्या.श्री गिरीश चन्द्र लाल र मान्याश्री गोपाल पराजुली,** ०६४-WS-००३०, उत्प्रेषण / परमादेश, *अधिवक्ता माधवकुमार बस्नेतसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

प्राकृतिक स्रोतको बाँडफाँड भन्नाले त्यस्ता स्रोतको स्वामित्व र सार्वभौम अधिकारको सन्दर्भमा हेर्नुपर्ने हुन्छ। राज्यभित्रको स्रोतमा राज्यको सार्वभौम अधिकार निहित रहने हुनाले राज्यले आफ्नो स्रोतलाई उपयोग गरी वस्तु वा सेवा उत्पादन गर्न अनुमति दिँदा राज्यले प्रचलित कानूनको अधीनमा रही सर्तहरू तोक्न सक्छ। त्यसरी तोकिएका सर्त उल्लङ्घन भएमा विद्युत् उत्पादन गर्न दिएको अनुमति नै रद्द गर्ने वा आफ्नो कब्जा वा भोग पुनर्स्थापित गर्न सक्ने हुन्छ। यसरी राज्यले आफ्नो कानूनअन्तर्गत आफैँले निर्णय वा नियन्त्रणमा लिने विषयवस्तुको हकमा आफुले अनुमति दिएकोलाई प्राकृतिक स्रोत र त्यसको उपयोगको राज्यको क्षेत्राधिकारभन्दा बाहिरको राष्ट्र वा अन्तर्सरकारी संगठनसँग बाँडफाँड गरेको भन्न मिल्ने नदेखिने।

विद्युत् स्वयम्मा प्राकृतिक स्रोत नभई प्राकृतिक स्रोत पानीबाट उत्पादन हुने वस्तु भएकाले अन्य वस्तुसरह विद्युत् व्यापारयोग्य र निर्यातयोग्य वस्तु पनि हो। प्रस्तुत जलविद्युत् आयोजना सम्बन्धमा दुई देशबीच वा अन्तर्राष्ट्रिय अन्तर्सरकारी संगठनबीच प्राकृतिक स्रोत साधनको बाँडफाँडसम्बन्धी सम्झौता नभई प्राकृतिक स्रोतको रूपमा रहेको पानी प्रयोग गरी सो पानीबाट उत्पादित विद्युत्लाई मात्र व्यापारिक सम्झौताबाट व्यवस्थापन गर्न निश्चित सर्तहरू सहित खास अवधिको लागि अनुमतिसम्म दिइएको हुँदा प्राकृतिक स्रोतको बाँडफाँड गरेको भन्न नमिल्ने।

विद्युत् स्वयम्मा प्राकृतिक स्रोत नभई प्राकृतिक स्रोतबाट उत्पादित वस्तु भएकाले यसको उत्पादन र व्यवस्थापन गर्न राज्यले नीतिगत व्यवस्था गरी नेपाल सरकारलाई अधिकार प्रदान गरेको राज्यको त्यस्तो नीतिगत व्यवस्था पुनरावलोकन गरी कानून बदर गर्नु पनि उचित हुने नदेखिने।

कुन आयोजना कसरी सञ्चालन गर्ने र त्यसबाट प्राप्त हुने लाभ र लागतको कुराको औचित्य के हुने हो भन्ने कुरा राज्यको र खासगरी राज्यको अङ्गको रूपमा रहेको कार्यपालिकाको उत्तरदायित्वको विषयभित्र पर्ने हुँदा विद्युत् आयोजनाहरूको वर्गीकरण, छनौट वा कार्यान्वयनसम्बन्धी यस्ता नीतिगत प्रश्नहरूमा अदालतको खास संलग्नता रहने अवस्था

रहँदैन । के कस्ता आयोजनाहरू राष्ट्रका लागि आवश्यक हुने, ती आयोजनाहरू निर्माण गर्दाको अवस्थामा प्रचलित कानूनमा के कस्ता व्यवस्थाहरू कायम छन् र ती कानूनी व्यवस्थाको प्रतिकूल नहुने गरी राष्ट्र तथा जनताको हितका लागि कार्यपालिकीय निकायले प्रचलित कानूनको अधीनमा रही राष्ट्रका लागि आवश्यक त्यस्ता आयोजनाहरूको वर्गीकरण, छनौट, सञ्चालन, रेखदेख तथा नियमन गर्ने जस्ता नियमित कार्यपालिकीय कार्यमा अदालतले हस्तक्षेप गरी त्यस्ता आयोजनाहरूको निर्माण, सञ्चालन तथा अन्य नियमित प्रक्रियामा अवरूद्ध पार्ने गरी कानून बदर गर्दै जानु पनि उचित नहुने।

नेपाल सरकारलाई कुनै पक्षसँग जलविद्युत् आयोजनाको सञ्चालन सम्बन्धमा प्रचलित विद्युत् ऐन, जलस्रोत ऐन, सम्बन्धित नियम र नीतिअन्तर्गत निर्णय गरी कुनै आयोजना सञ्चालन गर्न सम्झौता गर्ने अधिकार भएकै देखिएको र त्यस्तो विषय राज्यको नीतिगत व्यवस्थाअन्तर्गतको विषय भएकाले विद्युत् उत्पादन गरी देश विकासमा अग्रगामी द्रुतगति विकास गर्ने मार्ग अवलम्बन गरेको त्यस्तो अवस्थामा कानून बदर गर्दा राज्यले अवलम्बन गरेको विकास नीति नै ठप्प हुन जाने सम्भावनालाई पनि सामान्यरूपमा लिन नमिल्ने।

विद्युत् स्वयम्मा प्राकृतिक स्रोत साधन नभई प्राकृतिक स्रोत पानीको माध्यमबाट उत्पादित वस्तु हुँदा विद्युत् उत्पादन र त्यसको व्यवस्थापन पनि राज्य राज्य वा राज्य र अन्तर्राष्ट्रिय अन्तर्सरसकारी संगठनबीच भएको सम्झौता नभई नेपाल सरकार र निजी कम्पनीहरूबीच निश्चित अवधिसम्मको लागि सम्झौता भएको र उक्त सम्झौतामा प्राकृतिक स्रोतको बाँडफाँड नगरी प्राकृतिक स्रोतबाट वस्तु उत्पादन गर्न र त्यसको व्यवस्थापन गर्न लागिएको हुँदा नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५६(२) बमोजिमको प्रक्रिया अवलम्बन गर्नु नपर्ने हुँदा त्यस्तो विषयमा करार वा सम्झौताको माध्यमबाट विद्युत्को उत्पादन, प्रशारण, वितरण र अन्य व्यवस्था गर्न सक्ने गरी विद्युत् ऐन, २०४९ को दफा ३५ तथा जलस्रोत ऐन, २०४९ को दफा १२ ले नेपाल सरकारलाई अधिकार प्रदान गरेको उक्त व्यवस्था नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५६(२) तथा (३) सँग बाँझिएको नदेखिएकाले बदर गरिरहन नपर्ने। नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५६ बमोजिम राष्ट्रलाई व्यापक, गम्भिर र दीर्घकालीन असर पर्ने खालको प्राकृतिक स्रोतको बाँडफाँडसमेत नदेखिएकाले उक्त धाराबमोजिम नेपाल सरकार र विपक्षी कम्पनीहरूबीच भएको सम्झौता संसदबाट अनुमोदन गराउनु पर्ने विषय पनि देखिन आएन। नेपाल सरकार र विपक्षी कम्पनीहरूबीच भएको करारीय सम्झौता दुई देशहरूबीचको वा बहुराष्ट्रिय अन्तर्राष्ट्रिय अन्तर्सरकारी संगठनहरूबीचको प्राकृतिक स्रोत र साधनको बाँडफाँडसम्बन्धी सम्झौता नभई उक्त व्यापारिक सम्झौताबाट निजी कम्पनीलाई जलविद्युत् उत्पादन गर्ने र बिक्री गर्ने गरी निश्चित सर्तहरूसहित खास अवधिको लागि अनुमतिसम्म दिइएको हुँदा प्राकृतिक स्रोत वा तिनको उपयोगको बाँडफाँड गरेको भन्न मिल्ने देखिएन।

विद्युत् उत्पादन गर्न अनुमति पाएको कम्पनीले ३० वर्षसम्म आयोजना सञ्चालन गरी सो अवधिपछि चालु अवस्थामा नेपाल सरकारलाई फिर्ता गर्नुपर्ने हुँदा उक्त आयोजनाहरू दीर्घकालीन आयोजना भन्न पनि नमिल्ने।

विद्युत् स्वयम्मा प्राकृतिक स्रोत साधन नभई प्राकृतिक स्रोत पानीको माध्यमबाट उत्पादित वस्तु हुँदा विद्युत् उत्पादन र त्यसको व्यवस्थापन पनि राज्य राज्य वा राज्य र अन्तर्राष्ट्रिय अन्तरसरकारी संगठनबीच भएको सम्झौता नभई नेपाल सरकार र निजी कम्पनीहरू बीच निश्चित अवधिसम्मको लागि भएको र प्राकृतिक स्रोतको बाँडफाँड नगरी प्राकृतिक स्रोतबाट वस्तु उत्पादन गर्न र त्यसको व्यवस्थापन गर्न नेपालको अन्तरिम संविधान, २०६३

को धारा १५६(२) बमोजिमको प्रक्रिया अवलम्बन गर्नु नपर्ने हुँदा त्यस्तो विषयमा करार वा सम्झौताको माध्यमबाट विद्युत्को उत्पादन, प्रशारण, वितरण र अन्य व्यवस्था गर्न सक्ने गरी विद्युत् ऐन, २०४९ को दफा ३५ तथा जलस्रोत ऐन, २०४९ को दफा १२ ले नेपाल सरकारलाई अधिकार प्रदान गरेको उक्त व्यवस्था नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५६(२) तथा (३) सँग बाझिएको नदेखिएकाले बदर गरिरहन परेन। मागबमोजिम आदेश जारी गर्नुपर्ने अवस्था विद्यमान नदेखिएकाले प्रस्तुत रिट निवदेन खारेज हुने।

इजलास अधिकृत: दीपक ढकाल

इति संवत् २०७१ साल कात्तिक २१ गते रोज ५ शुभम्।

- यसै लगाउको ०६४-WS-०८०५, उत्प्रेषण / परमादेश / प्रतिषेध, *अधिवक्ता रविन सुवेदीसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ।

## पूर्ण इजलास

**मा.न्या. श्री गिरीश चन्द्र लाल, मा.न्या. श्री गोपाल पराजुली र मा.न्या. श्री दीपकराज जोशी,** ०७०-NF-००२२, उत्प्रेषण / परमादेश, *त्रिलोचन संग्रौला वि. भूमि सुधार कार्यालय झापा, चन्द्रगढीसमेत*

जग्गा बाँडफाँडको लागि भूमि सुधार कार्यालयमा मोहीको निवेदन परिसकेपछि जग्गाधनी श्रीकृष्ण प्रणामी मन्दिरलाई झिकाई आवश्यक प्रक्रियाहरू पुरा गरेकामा कुनै विवाद देखिँदैन। तर जग्गा बाँडफाँड गर्दा नरम करम भएको छैन भनी जग्गाधनी अदालतमा आइसकेपछि तत्सम्बन्धमा अदालतले आफ्नो क्षेत्राधिकार ग्रहण गर्ने पर्ने हुन्छ। निवेदक र विपक्षीबीच जग्गा नरम करम हुने गरी बन्डा भएको छ छैन भन्ने सम्बन्धमा हेर्न जग्गाको क्षेत्रफल आधा आधा हुनु र दुवैलाई बाटो निकास हुने गरी भएको बन्डा पर्याप्त हुन सक्ने हो होइन भन्ने सम्बन्धमा पनि विचार गर्नु पर्ने हुन्छ। जग्गाको पश्चिमतर्फ मूल सडक रहेको भनी भूमि सुधार कार्यालय झापाले गरेको सर्जमीन तथा स्थलगत प्रतिवेदन र मिसिल संलग्न नक्सा मुचुल्काबाट देखिइरहेको अवस्था छ। सार्वजनिक मूल सडकले छोएको जग्गामा दुवै जनालाई सार्वजनिक सडकतर्फ पर्ने गरी बन्डा नगरी सो जग्गाको उत्तरतर्फ १० फिटे बाटो कायम गरी बन्डा गर्नु पर्ने अवस्था के कसरी रहन गयो भन्नेसम्मको आधार र कारण भूमि सुधार कार्यालयको निर्णयमा उल्लेख नै गरेको पाइँदैन। यस्तो अवस्थामा एकजनालाई पुरै मूल सडकतर्फ र अर्कोलाई भित्री बाटोमा पर्ने गरी गरिएको बन्डा जग्गाको क्षेत्रफल बराबर हुँदैमा नरम करम गरिएको मान्न मिल्ने नहुने।

मूल सडक र भित्र जग्गामा सम्म जान खोलिएको निजी बाटोले छोएको जग्गाको समग्र मूल्याङ्कनमा पार्ने प्रभावसमेतको विश्लेषण गरी जग्गाको मूल्याङ्कनसमेत गरी नरम करम गर्नुपर्ने हुन्छ। तर उक्त जग्गा मोही र जग्गाधनीबीच बाँडफाँड हुँदा बाटो निकास र जग्गा आधा भएकै आधारमा वास्तविकरूपमा नरम करम हुने गरी बन्डा भएको रहेछ भनी मान्न नमिल्ने।

माथि विवेचित आधार कारणबाट रिट खारेज गर्ने गरेको यस अदालतको संयुक्त इजलासको मिति २०६५।१।६ को फैसला मिलेको नदेखिँदा उल्टी भई प्रस्तुत मुद्दामा झापा जिल्ला, चारपाने गा.वि.स. वडा नं.५ कि.नं.०८८ को क्षेत्रफल ०-९-० जग्गा यी जग्गाधनी निवेदकलाई मर्का पर्ने गरी भित्री १० फिटे बाटोतर्फ पर्ने गरी र मूल सडकतर्फ पुरै मोहीको भाग पर्ने गरी गरिएको भूमि सुधार कार्यालय, झापाको मिति २०६३।८।४ को जग्गा बाँडफाँडको निर्णय र सो निर्णयको आधारमा मालपोत कार्यालय, झापाले गरेको सम्पूर्ण काम कारवाही उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर्छ। अब भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६घ मा उल्लिखित कानूनी व्यवस्थाको आधारमा

दुवै पक्षलाई राखी वास्तविकरूपमा नरम करम हुने गरी जग्गा बाँडफाँडतर्फ पुनः निर्णय गर्नु गराउनु भनी विपक्षी भूमि सुधार कार्यालय, झापाको नाउँमा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत: ईश्वर पराजुली

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७२ साल वैशाख ३ गते रोज ५ शुभम्।

## संयुक्त इजलास

१

**स.प्र.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री जगदीश शर्मा पौडेल,** ०६९-WO-१२६७, उत्प्रेषण/परमादेश, *पुकार नरसिंह राणासमेत वि. नेपाल राज्यका महान्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालयसमेत*

निवेदकहरूउपर परेको पहिलो उजुरीमा अनुसन्धानको क्रममा यी रिट निवेदकहरूलाई कानूनबमोजिम बयान गराई प्रमाण सङ्कलन गर्नेसमेतका काम सम्पन्न भएको अवस्थामा कसुरदार नदेखिएको आधारमा एकपटक निवेदकहरूलाई मुद्दा नै नचलाउने भनी निर्णय गरिसकेपछि पुन: सोही अभियोगमा मुद्दा चलाउने भनी गरेको निर्णय कानूनत: मिल्ने नदेखिने।

सुरू कारवाही र किनारा गर्ने अधिकारभित्र अभियोगपत्र पेस गर्ने गरी आदेश गर्न पाउने अधिकार समावेश भएको मान्न नमिल्ने।

अमुक व्यक्तिलाई कुनै अमुक मुद्दामा सजायको माग दाबी लिई अभियोजन गर्नु भनी मुद्दाको रोहमा आदेश गर्नु संवैधानिक र कानूनी व्यवस्थाको विपरीत हुनुको साथै स्वतन्त्र न्यायपालिकासम्बन्धी अवधारणा र मूल्यमान्यताको विपरीत हुने देखिने।

रिट निवेदकहरू कसुरदार नदेखिएको भन्ने आधारमा मुद्दा नचल्ने गरी सरकारी वकिल कार्यालयबाट निर्णय भई सोही निर्णयको आधारमा निजहरूको हकमा अभियोगपत्र पेस नभएपछि निजहरूलाई सोही कसुरमा पुन: अनुसन्धान तहकिकात गरी पूरक अभियोजन गर्ने गरेको विपक्षी निकायहरूको कार्यलाई प्रचलित संविधान एवम् कानून र न्यायिक मूल्य मान्याताअनुरूपको मान्न मिल्ने नदेखिने।

जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौंको मिति २०६९।६।१५ को निर्णय र पेस भएको पूरक अभियोगपत्र नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(२) बमोजिम उत्प्रेषणको आदेशले बदर गरिदिएको छ। अब मिति २०६४।८।२६ मा दायर भएको पहिलो अभियोगपत्रबाट जो जे बुझ्नुपर्छ बुझी कानूनबमोजिम निर्णय गर्नु भनी वैदेशिक रोजगार न्यायाधिकरणको नाममा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत: भीमबहादुर निरौला

इति संवत् २०७१ साल भदौ २४ गते रोज ३ शुभम्।

२

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री कल्याण श्रेष्ठ,** ०६८-CI-०५८७, नापी नक्सा निर्णय र दर्ता बदर गरी सार्वजनिक बाटो कायम गरिपाऊँ, *राममिलन कांदु वि. तिरथराम कुर्मी*

कोर्ट फी ऐन, २०१७ को दफा १८(१) को खण्ड (क) मा "विगो खुलेको मुद्दामा पुनरावेदन गर्दा जति कुरामा चित्त नबुझी पुनरावेदन गरेको छ त्यति कुरामा सुरू नालेस वा उजुरी गर्दा लाग्ने कोर्ट फीको सयकडा पन्ध्रका दरले सबै तहको पुनरावेदनमा कोर्ट फी लाग्नेछ" भन्ने व्यवस्था रहेको छ। वादीले सुरूमा रू.२००।- कोर्ट फी राखी फिराद दिएको देखिएको र निजले पुनरावेदन अदालतमा पुनरावेदन गर्दा सो सुरूमा राखेको कोर्ट फी रू. २००।- को सयकडा १५ प्रतिशतले हुन आउने रू. ३०।- दाखिल गरेको स्पष्ट देखिएको हुँदा पुनरावेदन अदालतमा पुनरावेदन गर्दा कोर्ट फी नराखेको वा घटी कोर्ट फी राखेको भन्ने पुनरावेदकको पुनरावेदन जिकिर हचुवा र आधारहीन

देखिन आएकाले निजको सो पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने भई बाँके जिल्ला अदालतको फैसला उल्टी गरी न.नं. ८ को जग्गा कि.नं. २२ को सार्वजनिक बाटोभित्र पर्ने देखिएकाले सो न.नं. ८ मा प्रतिवादीले निर्माण गरेको संरचना भत्काई वादी दाबीबमोजिम सो जग्गा सार्वजनिक कायम गरी चलनसमेत चलाउन पाउने ठहर्‍याएको पुनरावेदन अदालत नेपालगञ्जको मिति २०६७।११।१ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ। पुनरावेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः किशोर घिमिरे

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७२ साल जेठ १७ गते रोज १ शुभम्।

३

**स.प्र.न्या. श्री रामकुमार प्रसाद शाह र मा.न्या. श्री दीपकराज जोशी,** ०६७-CR-०७५९, कर्तव्य ज्यान, *नजरमान पुरी वि. नेपाल सरकार*

वारदात एवम् अपराधमा चश्मदिद् गवाह नभएको अवस्थामा कसुरदारले गरेको कसुर प्रमाणित हुन अपराधको अनुसन्धान हुँदा विभिन्न कोणहरूबाट प्राप्त तथ्य एवम् अभिव्यक्त भएका भनाइहरूलाई परिस्थितिजन्य प्रमाणहरूबाट समर्थित भने हुनुपर्ने हुन्छ। घरमा यी प्रतिवादी र मृतकमात्र रहेको अवस्थामा वारदात हुन गएको हुँदा प्रत्यक्षदर्शी साक्षीको उपस्थिति नहुनु स्वाभाविकै हो। त्यतिकै कारणले मात्र वारदातमा यी प्रतिवादीहरूको कसुरमा संलग्नता छैन भनी अन्य परिस्थितिजन्य प्रमाणलाई ठाडै अस्वीकार गर्न नमिल्ने।

कसुरमा प्रतिवादीको इन्कारीमात्र आरोपित कसुरबाट फुर्सद पाउन र सजायबाट उन्मुक्ति पाउन सक्ने आधार बन्दैन, अन्य स्वतन्त्र प्रमाणबाट प्रमाणित गर्न गराउनसमेत सक्नुपर्ने हुन्छ। सजायबाट बच्नका लागि सामान्यरूपले इन्कारी बयान गर्नु एउटा कुरा हो र तर त्यसको पुष्ट्याइँका लागि विश्वसनीय र ठोस आधार प्रमाण पनि पेस गरी आफ्नो जिकिर प्रमाणितसमेत गर्न सक्नु अर्को कुरा हो। सजायबाट बच्नका लागिमात्र हो वा वास्तवमै अमुक अभियुक्त बेकसुर रहेको छ भन्ने सम्बन्धमा यकिन गर्न अदालतले अनुसन्धानबाट प्राप्त समग्र प्रमाणको विश्लेषण गरी सत्य र तथ्यको निरोपण गरी प्रमाणको आधारमा ठहर इन्साफ गर्नुपर्ने हुन्छ प्रस्तुत मुद्दामा यी प्रतिवादीले आफ्नो इन्कारी बयान अन्य स्वतन्त्र प्रमाणबाट प्रमाणित गर्न गराउनसमेत नसकेको अवस्थामा केवल प्रतिवादीको इन्कारी बयानलाई मात्र आधार मानी निज निर्दोष रहेछन् भनी मान्न मिल्ने नदेखिने।

उपर्युक्त आधार कारणबाट यी पुनरावेदक प्रतिवादी नजरमान पुरीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्ने गरी भएको सुरू फैसला सदर गर्ने गरी भएको पुनरावेदन अदालत, तुलसीपुरको मिति २०६७।६।१० को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : ईश्वर पराजुली

कम्प्युटर : विकेश गुरागाई

इति संवत् २०७१ साल मङ्सिर २१ गते रोज १ शुभम्।

४

**स.प्र.न्या. श्री रामकुमार प्रसाद शाह र मा.न्या. श्री दीपकराज जोशी,** ०६७-CR-०१७८, भ्रष्टाचार, *नेपाल सरकार वि. बद्रीनाथ श्रेष्ठ*

जग्गा खरिद बिक्री गर्दा हुने खर्च एवम् आम्दानी यकिन गर्दा लिखतमा अङ्कित मूल्यलाई आधार मानी गणना गर्दा वास्तविक र कानूनसङ्गत हुने नै हुन्छ। वस्तुनिष्ठ प्रमाणविना हालको मूल्य भनी अनुमानको आधारमा मूल्य यकिन गर्दा अवास्तविक हुन जाने देखिन्छ। प्रतिवादीले जग्गा बिक्री गरेबापत आय यकिन गर्दा लिखत मूल्य मान्ने तर तीनै प्रतिवादीले खरिद गर्दा लिखत मूल्य नमानी अनुमानको भरमा हालको प्रचलित मूल्यमा मूल्याङ्कन गर्दा एउटै विषयमा दोहोरो मापदण्ड भई असमानता हुने हुँदा सम्पत्ति खरिद एवम् बिक्री गर्दा अन्यथा प्रमाणित नभएसम्म लिखतमा अङ्कित मूल्यका आधारमा मूल्याङ्कन

गर्नु न्यायोचित हुने हुन्छ । प्रस्तुत मुद्दामा पनि विशेष अदालतले प्रतिवादीले खरीद गरेको जग्गाको खर्च यकिन गर्दा लिखत पारित हुँदाका बखत लिखतमा अङ्कित मूल्य कायम गरेको हुँदा कानूनसङ्गत रहेको मान्नुपर्ने हुन आउने ।

विशेष अदालतले घर निर्माणबापतको खर्चका सम्बन्धमा घर बनेको सालको दररेटको आधारमा कायम हुन आउने अङ्कलाई घर निर्माण लागत मानी सो अङ्कबाट व्यक्तिले निर्माण गर्दा नलाग्ने ओभरहेड खर्चबापतको १५ प्रतिशत र ठेक्का कर ५ प्रतिशतसमेत जम्मा २० प्रतिशत रकम कटाई घरको निर्माण खर्च कायम गरेको देखिँदा त्यसलाई अन्यथा भन्न नमिल्ने ।

कुनै पनि व्यक्तिको नाममा रहेको सम्पत्ति निजले गैरकानूनीरूपमा आर्जन गरेको भनी उजुरी परे पछिमात्र त्यस्तो सम्पत्ति विवादित सम्पत्ति मानिने हुन्छ । सम्पत्तिको स्रोत खुलेको नखुलेको भन्ने कुरा विवादको रोहमा अदालतको अन्तिम निर्णयले ठहर हुने कुरा भएको हुँदा विवाद पर्नुअघि जसको नाममा उक्त सम्पत्ति रहेको छ कानूनीरूपमा उक्त सम्पत्ति उसैको हुनेमा विवाद रहँदैन र त्यस्तो सम्पत्तिबाट बढे बढाएको सम्पत्ति पनि त्यस्तो व्यक्तिको आम्दानीको स्रोत बन्नै नसक्ने भन्ने हुँदैन । तर आधारभूत सम्पत्तिको स्रोत पुष्टि गर्न सकेको अवस्था भने हुनै पर्ने ।

जाँच अवधिमा प्रतिवादीको आयस्रोतको अनुपातमा खर्च बढी नदेखिएको र प्रतिवादीको साथमा रहेको सम्पत्ति निजको वैध आयस्रोतसँग अमिल्दो र अस्वाभाविक मान्न मिल्ने नदेखिँदा अभियोग दाबीबाट सफाइ पाउने ठहर गरी भएको विशेष अदालतको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : ईश्वर पराजुली

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०७१ साल मङ्सिर २९ गते रोज २ शुभम् ।

५

**स.प्र.न्या. श्री रामकुमार प्रसाद शाह र मा.न्या. श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७१-WO-०२६१, उत्प्रेषण / परमादेश, *अमितकुमार टिवडेवालसमेत वि. एच. एन्ड. बी. डेभलपमेन्ट बैंक, शाखा कार्यालय, न्यूरोडसमेत*

फौजदारी मुद्दाअन्तर्गतको दण्डात्मक दायित्व हकवाला वा अंसियारहरूमा बाँडिन नसक्ने अवस्थामा आफ्ना आमाबाबु र दाजुसँग छुट्टीभिन्न भएका अंसियार अमृतकुमारले गरेको कसुरको आर्थिक दण्डको असुलीको प्रयोजनको लागि अन्य व्यक्ति यी निवेदिकाको सम्पत्ति रोक्का राख्नु भनेको नागरिकले आफ्नो सम्पत्ति प्रयोग गर्न पाउने हकमाथि लगाइएको अनुचित बन्देज हो । यस्तो अनुचित बन्देज संविधानतः स्वीकार्य हुन नसक्ने ।

माथि विवेचित आधार र कारणबाट निवेदक सूर्या इम्पेक्सका प्रोपाइटर अमितकुमार टिवडेवालले निवेदकमध्ये कुसुमदेवी टिवडेवालको नाम दर्ताको जिल्ला ललितपुर, ललितपुर उपमहानगरपालिका वडा नं.२ को कि.नं.१३२४ को क्षेत्रफल रो.०-१२-०-० जग्गा विपक्षी एच. एन्ड बी. डेभलपमेन्ट बैंकमा मिति २०६८।११।२ मा धितो राखी कर्जा लिएकामा उक्त कर्जा मिति २०७०।१।१६ मा चुक्ता भई सम्पत्ति रोक्का राख्ने कुनै प्रयोजन नै बाँकी नरहेको अवस्थामा अमृतकुमारले गरेको बैकिङ्ग कसुर अपराधमा निजबाट छुट्टिएकी आमा कुसुमदेवीको जग्गा रोक्का राखेको कारणबाट निवेदकहरूको सम्पत्तिसम्बन्धी हकमा प्रतिकूल असर परेको देखिँदा विपक्षी एच.एन्ड. बी. डेभलपमेन्ट बैंकको मिति २०७१।२।१८ तथा नेपाल राष्ट्र बैंकको मिति २०७१।३।१२ को पत्र उत्प्रेषणको आदेशले बदर गरी दिएको छ । जग्गाधनी निवेदक कुसुमदेवी टिवडेवालको नाम दर्ताको जिल्ला ललितपुर, ललितपुर उपमहानगरपालिका वडा नं.२ को कि.नं.१३२४ रोक्का जग्गा फुकुवा गरी दिनु भनी

विपक्षीहरूको नाममा परमादेश जारी हुने ।

इजलास अधिकृत : दीपक ढकाल

इति संवत् २०७२ साल वैशाख ८ गते रोज ३ शुभम् ।

६

**स.प्र.न्या. श्री रामकुमार प्रसाद शाह र मा.न्या. श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६७-CR-१२०७, कर्तव्य ज्यान, *दिपन भन्ने दिपेन श्रेष्ठ वि. नेपाल सरकार*

मृतक र दिपेनबीच प्रेम र यौन सम्बन्ध रही मृतकले विवाहको प्रस्ताव राख्दा प्रतिवादीले इन्कार गर्नु, मृतक आफ्नो डेरा कोठामा रहेको अवस्था विनु अधिकारीमार्फत फोन गरी आफ्नो घरमा बोलाउनु, विनु अधिकारीलाई फिर्ता पठाई मृतकलाईमात्र आफ्नो घरमा राख्नु, प्रतिवादीको साथमा मृतक राति १२.०० बजेसम्म जीवित रहेकामा भोलिपल्ट मृत भेटिनु, विनु अधिकारीले उर्मिला कहाँ छ भनी फोनबाट जानकारी माग्दा ट्वाईलेटमा छ भनी ढाँट्नु, विनु अधिकारीलाई बोलाई आफू फस्ने भएकाले सिकाएबमोजिमका कुरामात्र भन्नु भनी विनु अधिकारीलाई सिकाउनु, सुदीप तामाङलाई घटनाको बारेमा तथ्य ढाँटी भन्न सिकाउनु आदि तथ्यहरू मालाकाररूपमा जोडिएर आएका वास्तविक तथ्यहरू हुन्, जुन तथ्यहरू परिस्थितिजन्य प्रमाणका रूपमा स्थापित हुन आएको देखिने ।

सबै वारदात र अपराधमा चश्मदीद गवाह हुनैपर्दछ भनी अर्थ गर्ने हो भने वास्तविक दोषीले कसुरबाट उन्मुक्ति पाई राज्यमा दण्डहिनताले प्रश्रय पाउने स्थितिको बढोत्तरी हुँदै जान्छ । अपराध हुनुका पछाडिका कारणहरू प्राप्त तथ्य र प्रमाणले पुष्टि गर्दछ भने चश्मदीद गवाह नभएको कारणले कसुर नै भएको होइन भन्न नमिल्ने ।

माथि विवेचित आधार र कारणबाट प्रतिवादीको उर्मिला चेम्जोङसँग प्रेम र यौन सम्बन्ध रहेकाले उर्मिला चेम्जोङले प्रतिवादीलाई विवाह गर्न दबाब दिने गरेको कारणबाट प्रतिवादी दिपन भन्ने दिपेन श्रेष्ठले उर्मिला चेम्जोङलाई आफ्नो घरमा बोलाई मारी लासमा अधिबाट सल बाँधी पछिबाट सलको पासो कोठाको झ्यालको भेन्टिलेटरमा लगी बाँधेको तथ्य स्थापित हुन आएकाले प्रतिवादी दिपन भन्ने दिपेन श्रेष्ठलाई अभियोग माग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय हुने ठहर गरेको इलाम जिल्ला अदालतको मिति २०६६।९।२३ को फैसला सदर गरेको पुनरावेदन अदालत इलामको मिति २०६७।८।१४ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । अभियोग माग दाबीबाट सफाइ पाउँ भन्ने प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: दीपक ढकाल

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७१ साल फागुन २५ गते रोज २ शुभम् ।

७

**स.प्र.न्या. श्री रामकुमार प्रसाद शाह र मा.न्या. श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६८-CI-११५१, निषेधाज्ञा, *कृष्णकुमार भट्टराई वि. होटल द्वारिकाज*

अदालतबाट अन्तिम टुङ्गो लाग्न बाँकी रहेको विचाराधिन मुद्दाका सम्बन्धमा मुद्दाको फैसला भएपछि फैसलाको परिणामबारे समाचार सम्प्रेषण गर्नुबाहेक मुद्दाको विषयवस्तु त्यसमा अन्तर्निहित एवम् पेस भएका सबुद प्रमाणको विवेचना र विश्लेषण तथा सम्भावित परिणामको अड्कल इत्यादिको सम्बन्धमा कुनैपनि सञ्चार माध्यमबाट समाचार प्रसारण गर्दा न्याय सम्पादन प्रभावित हुन सक्ने त्यसको परिणामलाई असर पर्ने तथा जनमानसमा अदालत र अदालतको न्यायिक काम कारवाहीप्रति नकारात्मक प्रभाव पार्न सक्ने अवस्था विद्यमान रहन जान्छ । यस्तो कार्यबाट मुद्दाका कुनै पक्षलाई स्वाभाविकरूपमा असर पर्ने हुँदा यी निवेदीकाको कानून प्रदत्त हकमा असर पर्न सक्ने प्रबल आशङ्का विद्यमान रहेकोलाई इन्कार गर्न सक्ने अवस्था नहुँदा त्यस्तो विचाराधिन विषयको समाचार संप्रेषण नगर्नु नगराउनु भनी निषेधाज्ञाको आदेश जारी गर्नु स्वाभाविक

हुन जाने।

इजलास अधिकृत : ईश्वर पराजुली

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०७२ साल जेठ ५ गते रोज ३ शुभम्।

८

**स.प्र.न्या. श्री रामकुमार प्रसाद शाह र मा.न्या. श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६८-CR-०७९३, कर्तव्य ज्यान, *नेपाल सरकार वि. शिवराज उपाध्यायसमेत*

पोष्टमार्टम रिपोर्टमा Asphyxial Death due to Strangulation भन्ने उल्लेख भए पनि शरीरमा सङ्घर्षका चिन्ह एवम् घटनास्थल विवरणमा कुनै पनि शङ्कास्पद स्थिति नदेखिएको अवस्थामा कुटपिटसम्मको वारदातको प्रकृति र पोष्टमार्टम रिपोर्टबीचको तादात्म्यता देखिँदैन । कुटपिटको वारदातमा लागेको चोटको कारण अत्याधिक रक्तस्राव भई मृत्यु भएको भन्ने पोष्टमार्टम रिपोट पनि नहुँदा यी प्रतिवादीलाई मृतकको मृत्युको लागि जिम्मेवार ठहराउनु कानूनसङ्गत नदेखिने।

स्कुलबाट फर्केकी छोरीले घरभित्र पसेपछि मृतकलाई झुन्डिएको देखी एक्कासि चिच्याएपछिमात्र घटनाको बारेमा थाहा जानकारी पाएका प्रतिवादी हर्कबहादुरले मृतकलाई बाँच्छ कि भनी प्रयासस्वरूप मृतकको घाँटीमा रहेको पासो काट्ने कार्यलाई आफैँमा अपराध भन्न मिल्ने हुँदैन। यी प्रतिवादीहरूले मृतकलाई मार्नुपर्नेसम्मको पूर्व रिसइवी थियो भन्ने कुरा अनुसन्धानको क्रममा कहीँ कतै केही पनि नदेखिएको अवस्थामा त्यति नै कारणले मात्र निज प्रतिवादीहरू दोषी रहेछन् भनी बिना सबुद प्रमाण भन्न मिल्ने अवस्था नरहने।

मृतकलाई कोठामा पासो लगाएको अवस्थामा देख्ने सावित्री धामी र पासो काट्ने कृष्ण धामी र मृतकलाई समात्ने हरि भन्ने हर्कबहादुर धामीसमेतको बयान कागजबाट मृतक झुन्डिएको अवस्थामा भेटिएको र तत्काल पासो काटी हेर्दा मरिसकेको भन्ने स्पष्ट घटनाक्रमबाट देखिँदा त्यसलाई अन्यथा रहेछ भनी मान्न मिलेन । यी प्रतिवादीहरूको कर्तव्यबाटै मृतकको मृत्यु भएको भन्ने मिसिल संलग्न वस्तुनिष्ठ सबुद प्रमाणको अभावमा यी प्रतिवादीहरूलाई कर्तव्य ज्यान जस्तो गम्भिर फौजदारी अपराधमा दोषी ठहर गर्न मिल्ने नदेखिने।

सुरू अदालतबाट सफाइ पाएका प्रतिवादी हरि भन्ने हर्कबहादुर धामीको हकमा सुरू फैसला सदर गरी प्रतिवादी शिवराज उपाध्यायलाई समेत सफाइ दिने ठहर गरी निजलाई मुलुकी ऐन, कुटपिटको १३ नं. अनुसार रू.२५०।– जरिवाना गर्ने गरेको पुनरावेदन अदालत, दिपायलको मिति २०६८।२।१ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: ईश्वर पराजुली

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७२ साल जेठ ५ गते रोज ३ शुभम्।

९

**स.प्र.न्या. श्री रामकुमार प्रसाद शाह र मा.न्या. श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६८-CR-१२९०, छुवाछुत, *दिपकप्रसाद उपाध्याय वि. नेपाल सरकार*

जातीय भेदभावको कुरा मानवधिकारको विश्वव्यापी घोषणापत्रको धारा १ (All human beings are born free and equal in dignity and rights…) को विपरीत हुन जाने हुँदा समाजमा रहेको जातीय छुवाछुत र विभेदको अन्त्य गर्ने अभिप्रायले नेपालको अन्तरिम संविधान, २०६३ को धारा १४ मा छुवाछुत तथा जातीय भेदभाव विरूद्धको हक प्रदान गरी भेदभावपूर्ण व्यवहारलाई दण्डनीय हुने र पीडित व्यक्तिले कानूनद्वारा निर्धारण भएबमोजिम क्षतिपूर्ति पाउनेछ भन्ने व्यवस्था गरिएको पाइन्छ । यसैगरी मुलुकी ऐनमा अदलको महलको १०क नं. मा कसैले कसैलाई जातीपाती, धर्म, वर्ण, वर्ग वा कामको आधारमा छुवाछुतको भेदभावपूर्ण व्यवहार वा बहिष्कार वा निषेध गर्न नहुने भनी कानूनी व्यवस्था गरेको अवस्थामा यी प्रतिवादीले जाहेरवालाहरूलाई धागो नबाँधी जातीय

विभेदजन्य कार्य गरेको तथ्य स्थापित हुन आएकाले त्यस्तो कार्य क्षम्य हुन सक्ने अवस्था नरहने।

इजलास अधिकृत : ईश्वर पराजुली

कम्प्युटर : विकेश गुरागाई

इति संवत् २०७१ साल माघ ६ गते रोज ३ शुभम्।

१०

**स.प्र.न्या. श्री रामकुमार प्रसाद शाह र मा.न्या. श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६७-CI-०३२०, दर्ता बदर हक कायम दर्ता, *राघो ठाकुर भुमिहारसमेत वि. नेपाल सरकार, मन्त्रिपरिषद् सचिवालय, सिंहदरबार, काठमाडौंसमेत*

विवादित पोखरी पुनरावेदकहरूको हक भोगमा रहेको भन्ने कुरा पुनरावेदकहरूका पूर्वजहरूबीच भएको २०१६ सालको पारित बन्डापत्रको लिखत, जलेश्वर नगरपालिका बोर्ड बैठकले सो पोखरीमा पुनरावेदकको हक रहेको भनी गरेको निर्णय र अदालतमा भएको मिति २०४२।७।३० को मिलापत्रसमेतका कागजबाट समर्थित र पुष्टि भइरहेको स्थितिमा पुनरावेदकले छुट जग्गा दर्ता गरी पाउँ भनी दिएको निवेदन कारवाहीयुक्त अवस्थामा हुँदा हुँदै सो पोखरी जग्गा नेपाल सरकारको नाममा मोठ स्रेस्ता कायम गर्ने गरेको मालपोत कार्यालय, महोत्तरीको निर्णय बदर गरी सो पोखरी जग्गामा वादीहरूको हक कायम हुने ठहर गर्नु पर्नेमा वादी दाबी पुग्न नसक्ने ठहर्‍याएको पुनरावेदन अदालत, जनकपुरको मिति २०६६।८।२२ को फैसला मिलेको नदेखिँदा उल्टी भई वादी दाबीबमोजिम कि.नं. ११८ को ०-१९-१९ $^{1}/_{2}$ को जग्गाको पोखरी जग्गामा पुनरावेदक वादीहरूको हककायम हुने भई दाबीबमोजिम वादीहरूको नाममा दर्तासमेत गरी दिने ठहर्ने।

इजलास अधिकृत : किशोर घिमिरे

कम्प्युटर : विकेश गुरागाई

इति संवत् २०७२ साल जेठ १८ गते रोज २ शुभम्।

यसै लगाउका निम्न मुद्दामा पनि यसैअनुसार आदेश भएका छन्:

- ०६७-CI-०३३२, छुट जग्गा दर्ता, *कमलदेव ठाकुर भुमिहारसमेत वि. मालपोत कार्यालय महोत्तरी, जलेश्वर*

११

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री चोलेन्द्र शमशेर राणा,** ०६८-CI-१२८७, परमादेश, *सुवोधसिंह थारू वि. चन्द्रावती थारू*

सार्वजनिक अधिकारीले आफूलाई तोकिएको पदीय दायित्व पालन नगरेमा वा पालन गर्न इन्कार गरेमा त्यस्ता सार्वजनिक अधिकारीका विरूद्ध परमादेश जारी हुन सक्छ । जग्गा (नापजाँच) ऐन, २०१९ को दफा ८ बमोजिम निवेदिकाले निवेदन दिएपछि निजको निवेदनमा कारवाही गरी निवेदिकाको मागबमोजिम गर्न मिल्ने हो वा होइन भन्ने सम्बन्धमा निर्णय गर्ने अधिकार पाएको विपक्षी कार्यालयले सो कानूनी व्यवस्थाको पालना नगरी निवेदकको निवेदनमा कुनै कारवाही गरेको नदेखिँदा विपक्षी कार्यालयको सो काम कारवाहीलाई कानून र न्यायसङ्गत मान्न मिल्ने नहुने।

माथि विवेचित आधार र कारणहरूबाट निवेदिका र निजका छोरा सुशान्तसिंह थारूले सुवोधसिंह थारूबाट चार किल्ला खोली अंश भरपाईबाट पाएको जग्गा दर्ता गरी जग्गा धनी प्रमाणपत्र पाउँ भनी दिएको निवेदनमा कारवाही गरी निवेदकको मागबमोजिम हुने हो वा होइन भन्ने सम्बन्धमा कानूनबमोजिम निर्णय गर्नु भनी विपक्षी नापी कार्यालय, बाँके र २ नं. नापी टोली, बाँकेसमेतका नाममा परमादेश जारी हुने ठहर्‍याएको पुनरावेदन अदालत, नेपालगञ्जको मिति २०६८।७।२ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । पुनरावेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः किशोर घिमिरे

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७१ साल चैत १७ गते रोज ३ शुभम्।

१२

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७०-RC-००३१, कर्तव्य ज्यान, *नेपाल सरकार वि. छिमा राना*

वारदातको उल्लिखित परिस्थितिको समग्र विश्लेषण गर्दा हाडनातामा पर्ने भाइ नाताको व्यक्तिबाट बलात्कृत हुनु परी सोही बलात्कारको फलस्वरूप गर्भ रहन गई कमजोर आर्थिक अवस्थाको कारण गर्भपतन गराउन नसकी छोरीलाई जन्म दिनु परेको अवस्थामा १७ वर्ष उमेरकी यी प्रतिवादीबाट हुन पुगेको उक्त कसुरका सम्बन्धमा निजलाई ऐनबमोजिम ठहरेको कैद सजाय गर्दा चर्को पर्न जाने अवस्था देखिन आएको छ। उल्लिखित समग्र अवस्थालाई विचार गरी यी प्रतिवादी छिमा रानालाई अ.बं.१८८ नं. बमोजिम ७ वर्ष कैदको सजाय हुनु पर्ने भनी पुनरावेदन अदालत, पोखराबाट व्यक्त भएको रायसमेत मनासिब देखिन आएको हुँदा साधकको रोहमा पेस भएको प्रस्तुत मुद्दामा प्रतिवादी छिमा रानालाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहराई अ.बं.१८८ नं. बमोजिम ७ वर्ष कैदको सजाय हुन राय व्यक्त भएको पुनरावेदन अदालत, पोखराको मिति २०६९।१२।२५ को फैसला मिलेको देखिँदा सदर हुने।

इति संवत् २०७१ साल पुस २५ गते रोज ६ शुभम्।
इजलास अधिकृतः विश्वनाथ भट्टराई
कम्प्युटरः अमिररत्न महर्जन

१३

**स.प्र.न्या. श्री रामकुमार प्रसाद शाह र मा.न्या. श्री जगदीश शर्मा पौडेल,** ०७१-WH-००५८, बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाऊँ, *अम्बिका घिमिरे वि. नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत*

कसैको विरूद्ध जाहेरी परेपछि कानूनबमोजिम अख्तियारप्राप्त निकायको आदेशले कानूनबमोजिम राखेको थुनालाई गैरकानूनी थुना भनी मान्न मिल्ने नहुँदा निवेदिकाका पतिलाई गैरकानूनीरूपमा बन्दी बनाइएको मान्न नमिल्ने।

कानूनले दिएको अख्तियारीबमोजिम अधिकारप्राप्त निकायको आदेशले थुना रहेको अवस्थालाई गैरकानूनी थुना मानी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिरहनु पर्ने हुँदैन। जिल्ला प्रशासन कार्यालय, काठमाडौंसमेतको लिखित जवाफबाट निवेदिकाको पति काशीराज घिमिरे धरौटी दाखेल गरी तारेखमा छुटिसकेको भन्ने देखिएको र इजलाससमक्ष निज काशीराज घिमिरे स्वयम् उपस्थित भएको देखिँदा रिट निवेदन जारी गरिरहनु नपर्ने।

इजलास अधिकृत : ईश्वर पराजुली
इति संवत् २०७१ साल चैत १३ गते रोज ६ शुभम्।

१४

**स.का.मु.प्र. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६८-WO-००८८, उत्प्रेषण, *देउती रिमाल वि. मालपोत कार्यालय, कलंकी, काठमाडौंसमेत*

दाबीको कि.नं. १, ७३, ८७, ८८ र ९५ का जग्गाका संयुक्त दर्तावाला देउती रिमाल र सिताराम रिमालको नाममा दर्ता फारी हुने गरी मिति २०६८।३।२६ मा काठमाडौं जिल्ला अदालतमा मिलापत्र भएको, जय शिवशक्ति बहुउद्देश्यीय सहकारी संस्था लि.को रकम यी निवेदिकाले हिनामिना गरेको नभई कृष्णहरि रिमालले हिनामिना गरेको भन्ने निक्षेपकर्ताहरूको निवेदन भएको, रिट निवेदिका देउती रिमाल सहकारी सञ्चालक कृष्णहरी रिमालको अंशियार नदेखिएको अवस्थामा अन्य व्यक्तिले गरेको कार्यको परिणामको दायित्व रिट निवेदिकाले बहन गर्नु नपर्ने हुँदा डिभिजन सहकारी कार्यालय, काठमाडौंको च.नं.६२, मिति २०६७।४।९ र च.नं.८२, मिति २०६७।४।१२ को पत्राचारसमेतका आधारमा निवेदिकाको समेत संयुक्त नामको कि.नं. १, ७३, ८७, ८८ र ९५ का जग्गामध्ये सबै कित्ताहरूमा निवेदिकाको आधि हकहिस्सा जति जग्गा रोक्का राखेको कार्य उत्प्रेषणको आदेशले बदर हुने ठहर्छ।

कि.नं. १, ७३, ८७, ८८ र ९५ का जग्गामध्ये निवेदिकाको हकको जति रोक्का भएको जग्गा फुकुवा गरिदिनु भनी विपक्षीहरूका नाममा परमादेशसमेत जारी हुने ।

इजलास अधिकृत: शिवप्रसाद खनाल

कम्प्युटर: विकेश गुरागाईं

इति संवत् २०७१ साल चैत ४ गते रोज ४ शुभम् ।

## इजलास नं. १

१

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री दीपकराज जोशी,** ०६७-CI-१४७१, हक कायम नामसारी, *निलमकुमार पाण्डे, वि. दिग्वीजय नाथ पाण्डे*

वादी दिग्वीजयनाथ पाण्डेले आफ्नो बाबुबाट प्राप्त गरेको सम्पत्ति निजका बाबुको मिति २०५९।७।२५ मा भएको मृत्युपश्चात् निज वादीको एकलौटी हक स्थापित भैरहेको अवस्थामा मुलुकी ऐन जग्गा पजनीको २क नं. बमोजिम निजले जहिलेसुकै दाखेल खारेज नामसारी गराउन सक्ने नै हुँदा वादी मालपोत कार्यालयमा प्रवेश गरी सो मुद्दामा तेरो मेरोको अवस्था भएपछिमात्र दावा गर्नुपर्ने भन्ने पुनरावेदकको पुनरावेदन जिकिरसँग सहमत हुन सक्ने अवस्था नरहँदा उपर्युक्त विवेचित आधारसमेतबाट फिराद दाबी खारेज गर्ने गरी कपिलवस्तु जिल्ला अदालतबाट भएको फैसलालाई उल्टी गरी विवादित घरजग्गा वादीका नाममा हककायम नामसारी हुने ठहराएको पुनरावेदन अदालत बुटवलको मिति २०६७।६।११ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत : कमलप्रसाद ज्ञवाली

इति संवत् २०७१ साल चैत २५ गते रोज ४ शुभम् ।

२

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री दीपकराज जोशी,** ०६६-CI-११५४, जग्गा खिचोला चलन, *हविव अंसारी वि. मुक कुमारी न्यौपाने क्षेत्री*

नक्सा कैफियतसमेतबाट प्रतिवादीको जग्गा वादीको जग्गाको पूर्वतर्फ रही प्रतिवादीले जिकिर लिएअनुसार निजको जग्गा पुर्जामा उल्लिखित ०-०-६ मात्र देखिरहेको र वादी प्रतिवादीले जग्गा प्राप्त गरेका जग्गा बिक्री दाता एकै व्यक्ति सिंहासन साह गोड भै प्रतिवादीले ०-०-६ जग्गा खरिद गरेपश्चात् बाँकी रहेको जग्गा यी वादीले खरिद गरेकाले यी वादीको कि.नं. ६५८ को जग्गा स्पष्ट तथ्य प्रमाणसमेतबाट प्रतिवादीले खिचोला गरेको भन्ने नदेखिएकाले वादी दाबीबमोजिम खिचोला भएको ठहऱ्याउन मिल्ने नदेखिँदा उपर्युक्त विवेचित तथ्यगत आधार एवम् नक्सा कैफियतसमेतबाट सुरू पर्सा जिल्ला अदालतबाट वादी दाबीबमोजिम खिचोला मेटाई घर हटाई पाउने ठहराएको फैसलालाई पुनरावेदन अदालत, हेटौंडाबाट उल्टी गरी वादी नपुग्ने ठहराएको मिति २०६६।३।१५ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक वादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत : कमलप्रसाद ज्ञवाली

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०७१ साल चैत २५ गते रोज ४ शुभम् ।

३

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री दीपकराज जोशी,** ०६९-WO-०७२३, उत्प्रेषण, *राम दुलारी थारूसमेत वि. नेपाल सरकार, मन्त्रिपरिषद् सिंहदरबार, काठमाडौंसमेत*

यस अदालतमा दायर भएको राजेन्द्र प्रसाद ढकाल वि. नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत भएको रिट नं. ३५७५ समेतका विविध नम्बरका रिट निवेदनहरूमा यी रिट निवेदकमध्येका बेपत्ता बनाइएका जगना थारू, हरिराम थारू चौधरी, टाटेराम थारूको हकमा समेत अभिवक्ता सितासरण मण्डलले निजहरूका हकमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी आवश्यक निर्देशन दिनसमेत माग गरेको देखिएबाट हाल

आएर बेपत्ता बनाइएका भनी उल्लेख गरिएका निज व्यक्तिहरूका हकदार निजहरूका पत्नी र बाबुसमेत रहेका यी रिट निवेदकहरूको प्रस्तुत जिकिर लिइएको बेपत्ता पारिएका व्यक्तिका हकदारलाई राहत प्रदान गर्ने (प्रथम संशोधन) निर्देशिका, २०६८ को दफा १५ मा व्यवस्था गरिएको उल्लिखित प्रावधानले आफूहरूलाई यस अदालतबाट जारी भएको २०६४।२।१८ को आदेशले प्रदान गरेको उपचारविपरीत भएको भन्ने जिकिरलाई अन्यथा मान्न सक्ने स्थिति नदेखिने।

यस अदालतको आदेशबाट गठित कार्य टोलीको अनुसन्धानबाट समेत मृत्यु भैसकेको पुष्टि भएको भनिएका व्यक्तिहरूको हकमा तत्कालीन राहतको रूपमा तिनको नजिकको हकवालालाई र अन्य मृत घोषित भएका परिवारलाई जनही दुई लाख रूपैयाँ क्षतिपूर्ति दिने, यस अदालतको अनुसन्धान टोलीबाट छानबिन गरी सुरक्षाकर्मीले पक्राउ गरी बेपत्ता पारिएको निष्कर्ष निकालिएका राजेन्द्रप्रसाद ढकालसमेतको हकमा जनही एकलाख पचास हजार र बाँकी निवेदनमा उल्लिखित स्थिति प्रस्ट नभएका व्यक्तिहरूको हकमा जनही एक लाख रूपैयाँ तत्कालिन राहतस्वरूप अविलम्ब उपलब्ध गराई दिनु भनी विपक्षी नेपाल सरकारका नाममा निर्देशनसमेतको आदेश जारी भइसकेको छ। यसरी उक्त रिट निवेदनमा समेत आफ्ना पति तथा छोराको स्थितिका सम्बन्धमा माग गर्दै दायर भएको बन्दीप्रत्यक्षीकरणको निवेदनमा लिइएको निर्णयाधार बाटै हाल निवेदन लिई यस अदालतसमक्ष उपस्थित भएका यी रिट निवेदकहरूको आफन्तहरूको स्थिति अझैसम्म पनि यकिन हुन नसकेको भन्ने रिट निवेदकहरूको भनाईसमेत रहेको र सो कुरालाई विपक्षीहरूले खण्डन गर्न सकेकोसमेत देखिन्न । उक्त आदेशको रोहमा विपक्षी नेपाल सरकारलाई निर्देशन गरिएअनुरूप त्यस बखत स्थिति प्रस्ट नभएका व्यक्तिहरूको हकमा जनही एक लाख रूपियाँ तत्कालिक राहतस्वरूप उपलब्ध गराउने यस अदालतको पूर्व निर्णयविपरीत हुने गरी विपक्षीले जारी गरेको उक्त बेपत्ता पारिएका व्यक्तिका हकदारलाई राहत प्रदान गर्ने (प्रथम संशोधन) निर्देशिका, २०६८ को दफा १५ यस अदालतको मिति २०६४।२।१८ को आदेशमा दिइएको निर्देशन विपरीतसमेत देखिन आउने।

रिट निवेदक राजेन्द्रप्रसाद ढकाल विरूद्ध नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत भएको बन्दीप्रत्यक्षीकरण निवेदनमा यस अदालतबाट मिति २०६४।२।१८ मा फैसला भई सो फैसलामा प्रतिपादित सिद्धान्तबमोजिम वितरण हुने हिसाबको गणना नगर्ने गरी राहत रकम दिन आदेश भएकामा उपर्युक्त आदेशको व्यवस्थाले जुनसुकै स्रोतबाट दिएको रकम पनि गणना गर्ने मनसाय देखिएकाले सो व्यवस्था यस अदालतबाट प्रतिपादित उक्त सिद्धान्तविपरीत देखिन्छ । उपर्युक्त मुद्दामा प्रतिपादित भएको सिद्धान्तबमोजिम बेपत्ता परिवारलाई दिएको अनुदान रकमलाई पछिको राहत प्याकेजमा गणना नगर्ने गरी वितरण गर्नुपर्ने हुनाले उक्त मुद्दाको आदेशको सन्दर्भमा निवेदकले आपत्ति जनाएको उक्त बेपत्ता पारिएका व्यक्तिका हकदारहरूलाई राहत प्रदान गर्ने (प्रथम संशोधन) निर्देशिकाको दफा १५ उक्त सिद्धान्तको भावनाविपरीत भएकोसमेत देखिँदा निवेदकले उठाएको सो निर्देशिकाको दफा १५ मा आवश्यक पुनरावलोकन गरी संशोधन गर्नु भनी विपक्षी शान्ति तथा पुन निर्माण मन्त्रालयसमेतका नाउँमा परमादेश जारी हुने।

इजलास अधिकृत : दीक्षा प्रधानाङ्ग

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०७१ साल माघ २१ गते रोज ४ शुभम्।

४

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री गोविन्दकुमार उपाध्याय,** ०६६-WO-०९०८, परमादेश, *पूर्णबहादुर गुरूङ वि. जिल्ला प्रहरी कार्यालय, कास्कीसमेत*

कुनैपनि व्यक्तिको हत्या भएको भनी जाहेरी परेपछि सो सम्बन्धमा अख्तियार प्राप्त निकायले कानूनबमोजिम जे जोलगायतको अनुसन्धानको प्रक्रिया अगाडि बढाउनुपर्ने हुन्छ । राज्यको सुरक्षा निकायमा रहेका पदाधिकारीसमेतको संलग्नतामा कसुर अपराध भएको पाइएमा राज्यआतंकको विभिन्न बहानामा निजहरूलाई कारवाही हुनु हुँदैन भन्न सक्ने अवस्था पनि रहँदैन । राज्य सञ्चालनका लागि विभिन्न अङ्गमा रहेर कार्यरत् रहेका पदाधिकारीहरूले आ-आफ्नो कर्तव्य निर्वाह गर्नुपर्ने हुन्छ । कुनै व्यक्ति सुरक्षा निकायमै रहेको अवस्थामा कुनै अपराध घटना भएमा त्यस्तोमा कारवाही अगाडि बढाउनु हुँदैन भन्न सकिने अवस्था रहँदैन । यदि त्यसो हुन गएको अवस्था रह्यो भने राज्यमा शान्ति सुरक्षा, अर्थात् सुशासनको महसुस गर्न सकिँदैन र दण्डहिनताले प्रश्रय पाउँदै जाने ।

प्रस्तुत विवादका सम्बन्धमा जिल्ला प्रहरी कार्यालय कास्कीबाट जाहेरी दर्तापश्चात् कानूनी अनुसन्धान पुरा गरी जो चाहिने कारवाही अगाडि बढाउनुपर्ने हुन्छ । सोतर्फ आवश्यक प्रगतिको अभावमा सन्तोष मान्न मिल्ने अवस्था देखिएन । विपक्षी निकायबाट अनुसन्धानको नाममा झारा टार्ने खालको तर ताकेता गरी अनुचितरूपमा समय बिताउनु अनुसन्धानकर्तालाई सुहाउने अवस्था नहुने ।

उपर्युक्त उल्लिखित तथ्यगत आधारसमेतबाट विपक्षी जिल्ला प्रहरी कार्यालय कास्कीबाट उपर्युक्त घटनाका सम्बन्धमा अनुसन्धानसमेतको कारवाही अगाडि बढाएको नदेखिएकाले सो घटना सम्बन्धमा जो चाहिने अनुसन्धान प्रक्रिया पुरा गरी कानूनबमोजिम जे जो गर्नुपर्छ गर्नू र सोको नतिजा जाहेरवाला रिट निवेदकलाई ३ महिनाभित्र जनाउ दिनु भनी विपक्षीका नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत: कमलप्रसाद ज्ञवाली

इति संवत् २०७१ साल चैत २२ गते रोज १ शुभम् ।

५

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री ओमप्रकाश मिश्र,** ०७१-WO-०६२४, उत्प्रेषण / परमादेश, *फुबु याङ्गजी लामासमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत*

बौद्धनाथ क्षेत्र विकास समिति (गठन) आदेश, २०५३ को दफा ३(३) मा सो समितिका पदाधिकारीलाई मिति २०७०।३।२४ को मितिदेखि चार वर्षका लागि मनोनित गरिएकामा निजहरूबाट सो अवधि पुरा गर्न पाएको देखिएन । त्यसैगरी नेपाल सरकारले आवश्यक देखेमा समितिका सदस्यहरूमा आवश्यक थपघट वा हेरफेर गर्न सक्ने प्रावधान रहेकामा पुरै पदाधिकारीहरूलाई नै हटाई सूचनाको मौकासमेत नदिई पुरै नयाँ पदाधिकारीलाई मनोनयन गर्नु सो कानूनमा उल्लिखित प्रावधानको सही अभ्यास भएको मान्न सक्ने अवस्था पनि नरहने ।

सूचनाको मौकासमेत नदिई उपर्युक्त कानूनी व्यवस्थाको प्रतिकूल हुने गरी नेपाल सरकार (मन्त्रीस्तरीय) को मिति २०७१।१०।६ को निर्णय आत्मनिष्ठरूपमा प्रयोग भए गरेको पाइएको र निवेदक सुरेशप्रसाद यादव विपक्षी नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत भएको ०६८-WO-०५९९ को उत्प्रेषणयुक्त परमादेशको निवेदनमा प्रतिपादित सिद्धान्तसमेतको विपरीत हुने गरी पदावधि बाँकी रहेका बौद्धनाथ क्षेत्र विकास समितिका अध्यक्ष, कार्यकारी निर्देशक एवम् सदस्यहरूलाई हटाइएको र नयाँ समिति गठन गरेको कार्य कानूनसङ्गत देखिन नआउने ।

उपर्युक्त विवेचित आधार एवम् यस अदालतबाट प्रतिपादित उपर्युक्त सिद्धान्तसमेतका आधारमा निवेदन मागबमोजिम उत्प्रेषणको आदेशद्वारा नेपाल सरकार (मन्त्रीस्तरीय) को मिति २०७१।१०।६ को निर्णय एवम् सो निर्णयका आधारमा अन्य विपक्षीहरूलाई मनोनित गरिएका मिति २०७१।१०।२० का पत्रसमेत बदर गरी दिएको छ । अब

निवेदकहरूलाई मनोनित गरिएको २०७०।३।२४ को मितिदेखि चार वर्षको पदावधिसम्म साबिकबमोजिम नै कार्य गर्न दिनु भनी विपक्षी पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका नाममा परमादेश जारी हुने।

इजलास अधिकृत: कमलप्रसाद ज्ञवाली

कम्प्युटर : रामशरण तिमिल्सीना

इति संवत् २०७१ साल चैत २४ गते रोज ३ शुभम्।

## इजलास नं. २

१

**मा.न्या. श्री गिरीश चन्द्र लाल र मा.न्या. श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७०-WO-०२८४, उत्प्रेषण, *बालकृष्ण श्रेष्ठ वि. रामेश्वरी श्रेष्ठसमेत*

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ को मौलिक हक "प्रदत्त हकको प्रचलनको लागि धारा १०७ मा लेखिएको तरिकाअनुसार कारवाही चलाउन पाउने हक सुरक्षित गरिएको" र धारा १०७(२) मा "अर्को उपचारको व्यवस्था भए पनि सो उपचार अपर्याप्त वा प्रभावहीन देखिएको" स्थितिमा मात्र यस अदालतको असाधारण अधिकार क्षेत्रमा प्रवेश गरी उपचार माग गर्न सकिने व्यवस्था रहेको छ। प्रस्तुत निवेदनमा कानूनी उपचारको मार्ग नभएको भनी असाधारण अधिकार क्षेत्रको माग गरे तापनि मुद्दामा सर्वोच्च अदालतसम्मबाट अन्तिम फैसला भै फैसला कार्यान्वयन सम्पन्न भएकामा बन्डा हुँदा उपस्थित रही सही नगर्ने र तहतह उजुरी गरी विवादको अन्त्य भएकोलाई अझ लम्ब्याई यस अदालतमा पुनः रिट क्षेत्रमा प्रवेश गर्ने निवेदक सफा हात लिई अदालतमा प्रवेश गरेको मान्न सकिएन। फैसलाबमोजिमको प्रतिफल वादीले प्राप्त गरी सकेको स्थितिमा अनन्तकालसम्म फैसला कार्यान्वयनलाई लम्ब्याई राख्नु कानूनतः उचित मान्न मिल्ने नदेखिने।

सर्वोच्च अदालतको मिति २०६७/८/२२ को फैसलाले बन्डा नलाग्ने जग्गाबाहेक गरी रिट निवेदक वादीको घरले चर्चेको जग्गा अलग गरी दाबीका कि.नं. ७१ र १४३ नं. को जग्गालाई एकै प्लट गरी ललितपुर जिल्ला अदालतको तहसिल डोरले छुट्याएको बन्डालाई रीतपूर्वक मानी पुनरावेदन अदालत, पाटनको मिति २०७०/५/१४ को आदेशले बदर नगरेको भन्नेसमेत आधारमा एकपटक सम्पूर्ण कानूनी उपचार प्रयोग गर्ने निवेदकलाई पुनः यस अदालतको असाधारण अधिकार क्षेत्रको प्रयोग गर्न मिल्ने नदेखिने।

तसर्थ अंश मुद्दामा सर्वोच्च अदालतको मिति २०६७/८/२२ को अन्तिम फैसलाबमोजिम ललितपुर जिल्ला अदालतको तहसिल शाखाको डोरले दाबीका जग्गालाई नरम करम मिलाई बन्डा छुट्याइएको कार्यउपर द.स. को ६१ नं. बमोजिम जिल्ला अदालतमा र अ.बं. १७ नं. अन्तर्गत पुनरावेदन अदालत, पाटनमा परेको उजुरीबाट बन्डा सदर भै फैसला कार्यान्वयनको कार्य सम्पन्न भैसकेको यस स्थितिमा पुनरावेदन अदालत, पाटनको मिति २०७०/५/१४ को आदेश उत्प्रेषणको आदेशले बदर गरी पुनः बन्डा गरिपाउँ भन्ने निवेदकको दाबी तथ्ययुक्त मान्न मिलेन। रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : शान्तिप्रसाद आचार्य

कम्प्युटर : कल्पना बर्तौला

इति संवत् २०७२ साल असार ३० गते रोज ४ शुभम्।

२

**मा.न्या. श्री गिरीश चन्द्र लाल र मा.न्या. श्री जगदीश शर्मा पौडेल,** ०६७-CR-११४६, कर्तव्य ज्यान, ज्यान मार्ने उद्योग र आगजनी, *नेपाल सरकार वि. पासाङ तामाङसमेत*

प्रतिवादीहरूमध्ये प्रेमसिंह तामाङ र नीलमान तामाङले प्रहार गरेको चोटबाट मृतकको मृत्यु भएको तथा यी दुवैमध्ये यसैले छाडेको चोटबाट मृत्यु भएको भनी यकिन हुने अवस्था नहुँदा निजहरू दुवैजनालाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं.

बमोजिम जन्मकैद हुने ठहर गरेको फैसलालाई सदर गरेको पुनरावेदन अदालत, पाटनको फैसलालाई अन्यथा भन्न मिल्ने नदेखिई मिलेकै देखिने।

पुनरावेदक प्रतिवादीहरू प्रेमसिंह तामाङ र नीलमान तामाङको मृतक लुलमान तामाङसँग कुनै व्यक्तिगत रिसइवी भएको नदेखिएको, एउटै गाउँमा बस्ने छिमेकी भएको र गाउँको विकास एवम् गा.वि.स.को बजेट प्रयोग गर्ने सन्दर्भमा बुढा पक्ष र युवा पक्ष भनी समूह विभाजित हुन पुगेको, दुवै पक्षतर्फका मानिसहरू आक्रोशित भई बहुसङ्ख्यक मानिसहरूकाबीच झडप हुने क्रममा प्रतिवादी प्रेमसिंह र नीलमानको कुटपिटका कारणबाट लुलमानको मृत्यु हुन पुगेको घटनाक्रमको समग्र अवस्था र परिस्थितिलाई विचार गर्दा लुलमानलाई नै मार्ने नियतबाट वारदात घटेको भन्दा दुवै पक्षका मानिसहरूको हुलहुज्जतबाट भीडभाडमा ज्यान मार्ने कार्य हुन पुगेको देखिँदा निजहरूलाई ज्यानसम्बन्धी महलको १३(३) नं. अनुसार जन्म कैद गर्दा चर्को पर्ने देखिई अ.बं. १८८ नं. बमोजिम १० वर्ष कैद हुने गरी पुनरावेदन अदालत, पाटनबाट लगाएको रायसमेत मनासिब नै देखिँदा उक्त रायसमेत मिलेकै देखिन आउने।

पीडितको शरीरमा लागेका चोटपटकहरू घा जाँच केस फारामबाट समेत समर्थित भएको अवस्था छ। चोटपटक गम्भिर भएको र तत्काल उपचारका लागि काठमाडौं ल्याई सुविधा सम्पन्न अस्पतालमा उपचार गराएको कारण इच्छाएको परिणाम प्राप्त हुन नपाइ ज्यान मर्नबाट जोगिएको अवस्था मिसिलबाट देखिन आएको हुँदा यी प्रतिवादीहरू पासाङ तामाङ, खरिमान तामाङ, लिलामान तामाङ र दामीरत्न तामाङसमेत जना ४ लाई ज्यानसम्बन्धी महलको १५ नं. बमोजिम जनही ५ वर्ष कैद हुने र अरू प्रतिवादीहरूलाई ज्यान मार्ने उद्योगतर्फको कसुरमा सफाइ दिने ठहरेको सुरू अदालतको फैसलालाई सदर गरेको पुनरावेदन अदालत, पाटनको फैसला मनासिब नै देखिन आउने।

प्रतिवादी इमान तामाङले धन बहादुरको घरमा ढुङ्गा हानेको भनी साबित रहि अनुसन्धानको क्रममा बयान गरेको र अर्का प्रतिवादी वरमान तामाङले अनुसन्धानको क्रममा प्रतिवादी प्रेमसिंह तामाङ, दामीरत्न तामाङ, इमान तामाङ, पासाङ तामाङसमेतका व्यक्तिहरू मिली धनबहादुर तामाङको घरमा ढुङ्गा हानी घरको छानोलगायत झ्याल ढोका तोडफोड गरेको भन्नेसमेत व्यहोरा उल्लेख गरेको देखिँदा प्रतिवादी प्रेमसिंह तामाङ, पासाङ तामाङ, वरमान तामाङ, दामीरत्न तामाङ र इमान तामाङसमेत भै जाहेरवाला धन बहादुरको घरमा आगजनी गरी क्षति पुर्‍याएको तथ्य पुष्टि हुन आउँछ। यसरी पुनरावेदक प्रतिवादी प्रेमसिंह तामाङसमेतले घरमा आगजनी गर्दा घरभित्र रहेको मानिस मर्न सक्ने र घरसमेतका सरसमानहरू जलेर नष्ट हुने कुराको पूर्व जानकारी रहने अवस्थालाई ख्याल नगरी मनसायपूर्वक नै आगजनी कार्य गरेको तथ्यमा विवाद नदेखिने।

उल्लिखित आधार र कारणबाट प्रतिवादी प्रेमसिंह तामाङ र नीलमान तामाङलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने ठहर्‍याई अ.बं. १८८ नं. बमोजिम १० वर्ष कैद हुने गरी लगाएको राय, प्रतिवादीहरू पासाङ तामाङ, खरिमान तामाङ, लिलामान तामाङ र दामीरत्न तामाङलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १५ नं. बमोजिम जनही ५ वर्ष कैद हुने र अरू प्रतिवादीहरूलाई ज्यान मार्ने उद्योगतर्फको कसुरमा सफाइ पाउने, प्रतिवादीहरू पासाङ तामाङ, वरमान तामाङ, इमान तामाङ, खरिमान तामाङ, डिलमान तामाङ, लिलामान तामाङ, दमग्याल्बो घले, दामीरत्न तामाङ, रेक भन्ने रिकमान तामाङसमेत जना ९ लाई सुरूको फैसला केही उल्टी गरी मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(३) नं. बमोजिम जनही ३ वर्ष कैद हुने, प्रतिवादीहरू प्रेमसिंह तामाङ, पासाङ तामाङ, वरमान तामाङ, दामीरत्न तामाङ र इमान तामाङ जना ५ को हकमा सुरूको फैसला उल्टी गरी आगो लगाएतर्फ मुलुकी ऐन, आगो

लगाउनेको ५ नं. बमोजिम जनही ४ वर्ष कैद हुने र आगलागीबाट नोक्सानी भएको बिगो रू. २,८६,२००/- यी प्रतिवादीहरू प्रेमसिंह तामाङ, पासाङ तामाङ, वरमान तामाङ, दामीरत्न तामाङ, इमान तामाङबाट घरधनी धन बहादुर तामाङले दामासाहीका हिसाबले भराई पाउने ठहर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६७।०९।१३ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक वादी नेपाल सरकार, प्रतिवादीहरू प्रेमसिंह तामाङ र नीलमान तामाङको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: दिलीपराज पन्त

कम्प्युटर: कल्पना बर्तौला

इति संवत् २०७२ साल असार २८ गते रोज २ शुभम्।

३

**मा.न्या. श्री गिरीश चन्द्र लाल र मा.न्या. श्री जगदीश शर्मा पौडेल,** ०६७-CR-०५४९, ०९७५, कर्तव्य ज्यान, *नेपाल सरकार वि. परवीर डाँगीसमेत, परवीर डाँगी वि. नेपाल सरकार*

अपराधिक दायित्व सृजना हुने दृष्टिकोणबाट आवेशप्रेरित हत्या र भवितव्य नितान्त फरक प्रकृतिको अपराध हो । भवितव्यमा ज्यान लिने मनसायको विद्यमानता रहँदैन साथै आफूले गरेको कर्तव्यले मानिस मर्लाजस्तो पनि देखिएको हुँदैन । आफूले गरेको कर्तव्यबाट मानिस मर्न सक्छ भन्ने कुराको पूर्व जानकारी नहुनु तर त्यसैद्वारा केही भै मानिसको मृत्यु हुनु भवितव्यको महत्त्वपूर्ण तत्त्व हो। प्रस्तुत वारदातमा पुनरावेदक प्रतिवादीसमेत आवेशमा आई मृतक गोपीलाल डाँगीलाई उत्तिस एवम् कनकीको काठले पटकपटक कुटपिट गरी शरीरका विभिन्न भागमा घाउ चोट गराएको र सोही चोटका कारण निजको मृत्यु भएको भन्ने मिसिल कागजबाट खुल्न आएको देखिँदा उक्त कार्यलाई भवितव्य भनी मान्न न्यायोचित नहुने भएकाले पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर मनासिब देखिन नआउने।

मृतक र यी पुनरावेदक प्रतिवादीसमेत बीच ज्यानै लिनेसम्मको इवी पनि नरहेको, मृतक गोपीलाललाई नै मार्ने मनसायसाथ प्रहारसमेत नभएको, वारदातमा जोखिमी हतियार प्रयोग नभई साधारण लाठी प्रयोग भएको र जग्गा जमिनको झगडामा मृतकसमेत वारदातमा संलग्न हुँदा तत्काल उठेको रिस थाम्न नसकी आवेशमा आई लाठी प्रहार गर्दा सोही कारणबाट गोपीलाल डाँगीको मृत्यु हुन गएको अवस्थालाई विचार गरी भएको पुनरावेदन अदालत, तुलसीपुरको फैसलालाई अन्यथा भन्न नमिल्ने।

उल्लिखित आधार र कारणबाट सुरू जिल्ला अदालतको फैसला उल्टी गरी यी पुनरावेदक प्रतिवादी परवीर डाँगी र पुनरावेदन नगर्ने प्रतिवादीहरू अम्बे डाँगी र पत्रबहादुर डाँगीसमेत लाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. बमोजिमको कसुर ठहर गरी ऐ. १४ नं. अनुसार जनही १० वर्ष कैद हुने गरी भएको पुनरावेदन अदालत, तुलसीपुरको मिति २०६७।३।२०को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक वादी नेपाल सरकार र प्रतिवादी परवीर डाँगीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : दिलीपराज पन्त

कम्प्युटर: कल्पना बर्तौला

इति संवत् २०७२ साल असार २८ गते रोज २ शुभम्।

४

**मा.न्या. श्री गिरीश चन्द्र लाल र मा.न्या. श्री जगदीश शर्मा पौडेल,** ०६७-CR-०९०७, लागु औषध खैरो हेरोइन, *रामबहादुर गुरूङ वि. नेपाल सरकार*

सङ्गठितरूपमा गरिने अपराधमा को कसको साथबाट बरामद भएको भन्ने कुराले त्यति महत्त्व राख्दैन । २ वा २ भन्दा बढी व्यक्तिहरूको व्यक्तिगत सम्बन्धका आधारमा श्रेणीबद्धरूपले अपराधमा संलग्न भई यस्ता अपराध हुने गर्दछन् । अपराधिक कार्यमा संलग्न भएका व्यक्तिहरूको मुनाफा आर्जन गर्ने वा प्रतिफल प्राप्त गर्ने सामूहिक उद्देश्य रहन जान्छ। यस्तो प्रकृतिको अपराधबाट कुनै व्यक्ति प्रताडित (Victim) हुँदैन। साथ साथै यस्ता प्रकृतिका अपराधहरू कसैलाई

क्षति पुर्‍याउने वा हानी नोक्सानी गर्ने उद्देश्यभन्दा पनि अपराधिक लाभ प्राप्त गर्ने योजना साथ सम्पन्न भएका हुन्छन् । लागु औषध को ओसारपसार र कारोबार कुनै एक व्यक्ति विशेषको प्रयासबाटमात्र सम्पन्न हुने नभई लागु औषध सञ्चयकर्ता, खरीद कर्ता, ओसार पसार गर्ने र बिक्री वितरणको व्यवस्था मिलाउने व्यक्तिसम्मको सङ्गठित समूहबाट सम्पन्न हुने यस्ता किसिमका अपराधबाट पर्याप्त मुनाफा प्राप्त गर्न सकिने भएको हुनाले प्राय सङ्गठित अपराधिक समूहले यस्तो प्रकृतिको अपराध गरी रहेका मानिने ।

यी प्रतिवादी रामबहादुर गुरूङ आईतराम तामाङको पोलबाट पक्राउ परेका, उक्त लागु औषध बिक्री वितरण गर्नका लागि रामबहादुरले हरिकृष्णलाई दिएको र हरिकृष्ण र आईतरामले ग्राहक खोज्ने क्रममा सुराकीको मद्दतबाट निजहरू रहेको डेरा कोठाबाट बरामद भएको भन्ने प्रतिवादीहरूको अनुसन्धान अधिकारीसमक्षको बयान र मिसिल संलग्न कागज प्रमाणबाट खुली आएको देखिँदा यी पुनरावेदक प्रतिवादी रामबहादुर गुरूङसमेतलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को देहाय (घ)(ङ)(च) बमोजिमको कसुर अपराधमा ऐ.को १४(१) को देहाय (६)(३) बमोजिम जरिवाना र कैद हुने ठहरी भएको सुरू काठमाडौं जिल्ला अदालतको फैसला सदर हुने ठहर्‍याएको पुनरावेदन अदालत पाटनको मिति २०६७।५।२९ गतेको फैसला मिलेकै देखिँदा सदर हुन्छ । पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत : दिलीपराज पन्त

इति संवत् २०७२ साल असार २८ गते रोज २ शुभम् ।

## इजलास नं.३

१

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६७-CR-०३९३, गैंडाको खाग बिक्री, *राजेश्वर खतिवडा वि. नेपाल सरकार, गौरी लामा वि. नेपाल सरकार*

मुद्दामा प्रतिवादी रहेका गैंडाको खाग बिक्री व्यवसाय गर्ने जीवन भन्ने जगदीश चौधरीलाई ७ वर्ष कैदको सजाय र रू.६०,०००।- जरिवाना हुने गरी सोही चितवन राष्ट्रिय निकुञ्ज कार्यालयबाट मिति २०६९।३।१४ मा फैसला भएको भन्ने देखिन आएबाट सोही मुद्दामा सोही गैंडाको खाग बिक्री व्यवसाय गर्ने अर्का प्रतिवादी यी राजु भन्ने राजेश्वर खतिवडा र गौरी लामालाई १५ वर्ष कैदको सजाय भएको देखिँदा समान कसुरको मात्रा (Same Gravity) भएको अवस्थामा पनि सोही निकायबाट फरकफरक सजाय भएको देखिँदा सो फैसला मिलेको देखिन आएन । यी प्रतिवादीहरूलाई पनि कम सजाय हुनु पर्ने देखिन आयो । तसर्थ सुरू तथा पुनरावेदन अदालत, हेटौंडाको फैसला केही उल्टि भई समानता (Equal Footing) को आधारमा यी प्रतिवादीहरूलाई पनि कैद वर्ष ७ (सात) हुने ठहर्छ । जरिवानाको हकमा भने सुरू तथा पुनरावेदन अदालतबाट भएको फैसला नै सदर हुने ।

यी प्रतिवादीहरूको बयान जिकिर, प्रतिवादीहरूले एक अर्कोमा गरेको पोलापोल तथा यी प्रतिवादीहरूका बीच राम्रोसँग चिनाजानी भएको र एक आपसमा मिलेमतो गरी गैँडाको खाग काठमाडौंसम्म लगी कारोबार, बेचबिखन तथा बिक्री व्यवसाय गरेको कुरा छर्लङ्ग हुने गरी बयानमा लेखाइ दिएकोसमेत देखिएबाट माथि उल्लिखित प्रश्नहरूका सन्दर्भमा खुलाइएका आधार र कारणहरूबाट समेत पुनरावेदक प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

यी पुनरावेदक प्रतिवादीहरूलाई सुरू चितवन राष्ट्रिय निकुञ्ज कार्यालय कसरा चितवनको मिति २०६५।६।१५ को फैसलाले कैद वर्ष १५ र जरिवाना रू.१,००,०००।- लागेकामा सुरू सदर हुने ठहराएको पुनरावेदन अदालत, हेटौंडाबाट भएको मिति २०६७।२।२५ को फैसला मिलेको नदेखिँदा केही उल्टी भई निज राजु भन्ने राजेश्वर खतिवडा र गौरी

लामाको हकमा र मुलुकी ऐन अ.बं. २०५ नं. बमोजिम पुनरावेदन नगर्ने खगप्रसाद श्रेष्ठको हकमासमेत जनही ७ (सात) वर्षमात्र कैदको सजाय हुने ठहर्छ। जरिवानाको हकमा भने सुरू तथा पुनरावेदन अदालतबाट भएकै जरिवाना सदर हुने।

इजलास अधिकृत : हेमबहादुर सेन

कम्प्युटर : पद्मा आचार्य

इति संवत् २०७१ साल पुस ६ गते रोज १ शुभम्।

२

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७०-CI-००९६, लगत कट्टा बदर, *राजोदेवी विन वि. दुखिया देवी*

मिति २०५४।९।१५ को मिलापत्रको निर्णयमा वडा नं. ५ (घ) हुनु पर्नेमा प्राविधक त्रुटिबस ५(ख) हुन गए तापनि उक्त विवादको जग्गाहरूको जग्गाधनी, मोही, गा.वि.स. वडा नं. लगायतका सम्पूर्ण कुराहरू मिलिरहेको अवस्थामा मिति २०५४।९।१५ मा भएको मिलापत्रबमोजिम मोही लगत कट्टा हुने गरी भूमिसुधार कार्यालय, महोत्तरीबाट मिति २०५६।४।११ मा निर्णय भैसकेको परिप्रेक्ष्यमा विवादको जग्गाको मोही नै कायम नभएको पुनरावेदक वादी राजोदेवी विनको माग दाबीबमोजिम आफ्नै कार्यालयको अघिल्लो निर्णय बदर गर्ने गरी गरेको भूमिसुधार कार्यालय महोत्तरीको मिति २०६७।१।१७ को निर्णय मिलेको नदेखिँदा भूमिसुधार कार्यालय, महोत्तरीको मिति २०६७।१।१७ को निर्णयलाई बदर गर्ने गरी पुनरावेदन अदालत, जनकपुरबाट मिति २०६९।६।८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक वादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: अर्जुनप्रसाद कोइराला

कम्प्युटर : खगेन्द्रकुमार खत्री

इति संवत् २०७१ साल फागुन १ गते रोज ६ शुभम्।

३

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६३-CI-०२९०, धर्मपुत्र लिखत बदर, *श्रीनारायण साह तेली वि. जितेन्द्रप्रसाद साह*

यी पुनरावेदक वादीलाई धर्मपुत्रको लिखत गरी दिनुभन्दा अगाडिदेखि नै रामरती देवी र सुन्दरवतीका बीचमा अंशबन्डा भई सौता-सौता भिन्दा भिन्दै बसेको अवस्थामा सुन्दरवतीको हकमा समेत यी पुनरावेदक वादी नै धर्मपुत्र हुन् भनी रामरतिदेवीले राखेको धर्मपुत्रको लिखतको आधारमा धर्मपुत्र मान्न कानूनत: मिल्ने नदेखिने।

कुलदिप साहको दुई पत्नीमध्येको जेठी पत्नी रामरतिले २०२८।१२।१३ गते धर्मपुत्रको लिखत पारित गरी विधिवत् यी पुनरावेदकलाई धर्मपुत्र राखेकामा विवाद नरहेको र कुलदिप साहको कान्छी पत्नी सुन्दरवतीले ०४९।८।१५ गते धर्मपुत्र राख्दा धर्मपुत्रको महलको २ र ३ नं. को प्रक्रिया पुरा नगरेको भन्ने विषयका सम्बन्धमा २०२० सालमा नै भिन्न भई अलग बसेकी रामरतीदेवीकी सौता सुन्दरवतीले आफ्नो इच्छानुसार धर्मपुत्रको महलको २ नं. बमोजिम नै ०४९।८।१५ गते धर्मपुत्र राखेको अवस्थामा निस्सा प्रदान गर्दा लिएको आधारसँग सहमत हुन सकिएन । यसरी कानूनबमोजिम भएको बन्डापत्रको आधारमा रामरतीको भिन्न बसेको सौता सुन्दरवतीदेवीले मिति २०४९।८।१५ को र.नं.३१३२ को लिखत पारित गराई जितेन्द्र प्रसादलाई धर्मपुत्र राखेको कानूनसम्मत नै देखिएकाले बदर गर्नु पर्ने अवस्था देखिन नआउने।

छुट्टिई भिन्न भई अलग बसेकी आमाले आफ्नो इच्छाअनुसार कानूनको रीत पुर्‍याई राखेको धर्मपुत्रको लिखतलाई बदर गर्नुपर्ने देखिन नआउने हुँदा स्व.सुन्दरदेवीले मिति २०४९।८।१५ को र.नं.३१३२ को लिखत पारित गराई जितेन्द्र प्रसादलाई धर्मपुत्र राखेको कानून सम्मत नै देखिएकाले बदर गर्नुपर्ने अवस्था देखिन नआएकाले वादी दाबीअनुसार धर्मपुत्र बदर गरी पाउँ भन्न दाबी नपुग्ने ठहर्‍याएको रौतहट जिल्ला अदालतको फैसला सदर हुने गरी भएको पुनरावेदन अदालत, हेटौंडाको मिति २०५८।११।५ गतेको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ ।

पुनरावेदक वादीको पुनरावेदन जिकिर पुग्न नसकिने।
इजलास अधिकृत : गेहेन्द्रराज पन्त
कम्प्युटर : गंगा के.सी.
इति संवत् २०७१ साल माघ ६ गते रोज ३ शुभम्।

- यसै लगाउको ०६७-CI-०७५३, *श्रीनारायण साह तेली वि. जितेन्द्रप्रसाद साह तेली* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

४

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७१-CI-०१५९, परमादेश, *गणेश साहु तेलीको मु.स. गरी आफ्नो हकमा समेत मन्जुकुमारी साह वि. बबनकुमार गुप्ता*

परमादेशको आदेश जारी हुनको लागि कानूनी हक र कानूनी दायित्व विद्यमानता हुनुपर्दछ। अर्थात् परमादेशको आदेश कानूनी कर्तव्य पालना गर्न लगाउने सशक्त उपचार हो। विराटनगर उपमहानगरपालिकाले मिति २०६९।११।३ को पत्रबाट १५ दिनभित्रमा उक्त विवादित ट्वाइलेट र झ्याल हटाई व्यवस्थित गर्नु गराउनु भनी विपक्षी मन्जु साहलाई जानकारी गराइएकामा निजले नगरपालिकाको आदेश अटेर गरी बसेको र सो आदेश नगरपालिकाले समेत कार्यान्वयन गराएको देखिँदैन। प्रस्तुत रिट निवेदनमा विपक्षी विराटनगर उपमहानगरपालिका स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १६१ बमोजिम जाँचबुझ र कारवाही गरी ट्वाइलेट र झ्याल हटाउन सक्ने अधिकार प्राप्त कानूनी निकाय हो। कानूनी अधिकार प्राप्त निकायले स्थलगत निरिक्षण गरी वातावरणमा प्रतिकुल असर पर्ने भन्ने राय कायम भएको अवस्था देखिँदा आफ्नो कर्तव्य पुरा नगर्दा छिमेकीले दुर्गन्धित वातावरणमा बसोबास गर्न बाध्य भई स्वच्छ जीवन जीउन पाउने हकबाट बञ्चित हुनु पर्ने हुँदा सो हक प्रचलनका निम्ति पुनरावेदन अदालत, विराटनगरबाट भएको आदेश मनासिब नै देखिने।

पुनरावेदकले नक्सा पास रोक्का राखेको फुकुवा गरी नक्सा पास गरी पूर्व निर्माण कार्य सम्पन्न गरेको प्रमाणपत्र पाएको हुँ भनी जिकिर लिए पनि विपक्षी विराटनगर उपमहानगरपालिकाबाट जाँचबुझ र कारवाही गरी ट्वाइलेट र झ्याल हटाउनेबारे कार्यादेश गरेको कुरालाई अस्विकार गरेको देखिँदैन। यसरी कानूनबमोजिमको कार्यालयबाट कानूनबमोजिम भएको पूर्व कार्यादेशको पालना गर्नुपर्ने कर्तव्य पुनरावेदकसमेतलाई हुन्छ। पुनरावेदकले कार्यादेशको पालना नगरेको खण्डमा विपक्षी विराटनगर उपमहानगरपालिकालाई स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १६५ (१) को देहाय (क)(ख) बमोजिम काम कारवाही तथा सजाय गराउन सक्ने अधिकार भएकाले सोबमोजिम भएको आदेश मिलेकै देखिन आउँदा निवेदन मागबमोजिम परमादेशको आदेश जारी हुने ठहर्‍याई पुनरावेदन अदालत, विराटनगरबाट मिति २०७०।१०।६ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : खेमकुमारी बस्नेत
कम्प्युटर: पद्मा आचार्य
इति संवत् २०७१ साल पुस २० गते रोज १ शुभम्।

५

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७१-CI-०१४४, निषेधाज्ञा, *मङ्गलुदेवी ठाकुरसमेत वि. प्रभुनारायण ठाकुरसमेत*

निवेदकले निवेदनमा जिकिर गरेअनुसार अदालतबाट फैसला हुँदा विवादित कि.नं. ४१७ को जग्गा सार्वजनिक कायम हुने ठहरी दे.नं.२३७९ को मुद्दाबाट फैसला भएको र सो फैसला पुनरावेदन अदालतबाट समेत सदर भएको उल्लिखित फैसला बदर गरिपाउँ भनी दर्ता भएको फैसला दर्ता बदर दर्ता मुद्दामा फैसला बदर नहुने ठहरी सप्तरी जिल्ला अदालतबाट भएका फैसला सदर हुने ठहरी फैसला भई अन्तिम अवस्थामा रहेकामा २००४ सालको स्रेस्ता कायम रही उक्त जग्गा दर्ता छुट रहन गएको र मालपोत कार्यालय, सप्तरीमा छुट जग्गा दर्ता कारवाही विचाराधीन

रहेको भन्ने पुनरावेदन जिकिरको सम्बन्धमा जग्गा छुट दर्ताको लागि दाबी गर्नेले सर्वप्रथम दर्ता हुन छुट्नाको औचित्यपूर्ण आधार देखाउन सक्नुपर्नेमा पुनरावेदकले कुनै आधार पुनरावेदनपत्रमा देखाउन सकेको नपाइने। पुनरावेदकले पुनरावेदनपत्रमा विवादित जग्गा हाम्रो स्वामित्वमा रहेको भनिएतापनि विपक्षीले आफ्नो लिखित जवाफमा सरकारी जग्गा नै भएको र सो जग्गाको सम्बन्धमा निवेदकलाई निवेदन दर्ता गर्न हकदैया पुग्दैन भनी जिकिर लिएको देखिन्छ। यसमा अतिरिक्त यी पुनरावेदकले उक्त जग्गामा पूर्ण स्वामित्व हाम्रो हो भन्न सकेको नदेखिने।

सा.कि.नं. ३४५५ को जग्गा हो भनी कि.नं. ४१७ को जग्गा देखाई दे.नं. १८३६ को अंश दर्ता मुद्दा मिलापत्र भए गरेबमोजिम दा.खा. को लागि मालपोत कार्यालय सप्तरीमा यी पुनरावेदकहरूले निवेदन दिई कारवाहीयुक्त अवस्थामा रहेको र पुनरावेदकले पुनरावेदनमा सोही जिकिर लिएकोबाट दाबीको पोखरी दर्ता गराई निजीरूपमा भोग गर्न सक्ने आशङ्का विद्यमान रहेको छ भन्ने निवेदकले निवेदनमा उठाएको जिकिर खम्बिररूपमा स्थापित भएकाले विवादित कि.नं. ४१७ को पोखरीमा कुनै हस्तक्षेप नगर्नु नगराउनु सार्वजनिक जग्गा हुँदा निजी उपभोगमा नल्याई यथास्थिती नल्याउनु भनी प्रत्यर्थीको नाममा निषेधाज्ञाको आदेश जारी हुने ठहर्‍याएको पुनरावेदन अदालत राजविराजको मिति २०७०।१०।२६ को आदेश मिलेको देखिँदा सदर हुने ठहर्छ पुनरावेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: खेमकुमारी बस्नेत

कम्प्युटर: पद्मा आचार्य

इति संवत् २०७१ साल पुस २० गते रोज १ शुभम्।

६

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६६-WO-०९२८, परमादेश, *जगरनाथ साह कानू वि. नागेश्वर साह कलवारसमेत*

फैसलाको चलन चलाउने कार्य स्थगित गर्न मिलेन भनी तहसिलदारबाट मिति २०६६।३।१६ मा भएको आदेशलाई सदर गर्ने गरी पर्सा जिल्ला अदालतबाट मिति २०६६।९।५ मा भएको आदेश बेरितको नदेखिँदा परिवर्तन गरी रहन परेन कानूनबमोजिम गर्नु भनी पुनरावेदन अदालत हेटौंडाबाट मिति २०६६।१२।५ मा भएको आदेश अन्तिम भई फैसला कार्यान्वयनका विषयमा कानूनले तोकिदिएको उपचारको बाटो अवलम्बन निवेदकले गरी सकेको अवस्थामा रिट क्षेत्रबाट उपचार दिन मिल्ने देखिँदैन। कानूनबमोजिम तल्लो अदालतबाट भएको कानूनबमोजिमको काम कार्वाहीको सम्बन्धमा निवेदकको मागबमोजिम आदेश जारी गर्नुपर्ने अवस्था नदेखिएकाले प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: गहेन्द्रराज पन्त

कम्प्युटर: पद्मा आचार्य

इति संवत् २०७१ साल पुस १ गते रोज ३ शुभम्।

७

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६९-CR-००४६, कर्तव्य ज्यान, *विक्रम कुमाल वि. नेपाल सरकार*

प्रतिवादी विक्रम कुमालले विश्वास गुरूङलाई धारिलो हतियार चक्कुले शरीरको विभिन्न भागमा प्रहार गरेको र सोही चोटको कारण विश्वास गुरूङको मृत्यु भएकाले निज प्रतिवादीले अभियोग दाबीबमोजिमको कसुर गरेको पुष्टि हुन आएको देखिँदा निज प्रतिवादी विक्रम कुमाललाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वश्वसहित जन्म कैदको सजाय हुने देखिन आउने।

उल्लिखित कानूनी व्यवस्था, प्रतिपादित सिद्धान्त, तथ्य एवम् विवेचनासमेतको आधारमा प्रतिवादी विक्रम कुमालले अभियोग दाबीबमोजिमको कसुर गरेको पुष्टि हुन आएकाले निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वश्वसहित जन्म कैदको सजाय हुने ठहर गरी प्रतिवादी विक्रम कुमाल र मृतक विश्वास गुरूङको बीच

ज्यानै लिनुपर्नेसम्मको पूर्व रिसइवी रहेको नदेखिएको, मृतकको ज्यान लिने मनसायले प्रतिवादीले योजना बनाई षडयन्त्रपूर्वक ज्यान लिएको अवस्था नदेखिएको, मृतक र प्रतिवादीबीच रहेको विषयलाई लिएर तत्काल विवाद भै वारदात घटेको, प्रतिवादीले अदालतमा बयान गर्दासमेत मृतकलाई चक्कु प्रहार गरेकामा साबित भई बयान गरेबाट न्याय सम्पादनको प्रक्रियालाई सहयोग गरेको, प्रतिवादी कलिलै उमेरको रहेको र निज अध्ययनरत बिद्यार्थी रहेकोसमेत समग्र पक्षहरूको विश्लेषण गर्दा निजलाई सर्वश्वसहित जन्म कैदको सजाय गर्दा चर्को पर्ने देखी १० (दश) वर्ष कैद सजाय हुन अ.बं.१८८ नं. बमोजिमको राय व्यक्त भएको पुनरावेदन अदालत, सुर्खेतको मिति २०६८।१२।५ को फैसला मिलेको देखिँदा सदर हुने र प्रतिवादी विक्रम कुमाललाई अ.बं.१८८ नं. बमोजिम १० (दश) वर्ष कैद सजाय हुने ठहर्छ। प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : रमेश रिजाल

कम्प्युटर: गंगा के.सी.

इति संवत् २०७१ साल फागुन २७ गते रोज ४ शुभम्।

८

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६९-CR-०३७८, लागु औषध खैरो हेरोइन, *इर्साद अहमद वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादीले लागु औषधको कारोबार बिक्री वितरणतर्फ इन्कार रही अदालतमा बयान गर्दा सेवनसम्ममा साबित रहेको देखिन आयो। निज प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको साबिति बयान निजको मन्जुरीविपरीतको हो भनी निजले प्रमाणित गर्न सकेकोसमेत देखिँदैन । यसरी अन्य स्वतन्त्र प्रमाणबाट समर्थित हुन नसकेको बयानको आधारमा प्रतिवादीको निर्दोषिता पुष्टि हुन नसक्ने।

लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १२ मा कुनै व्यक्तिका साथमा कुनै लागु औषध भएको फेला परेमा... त्यस्तो पदार्थ निजले यो ऐन र यस ऐनअन्तर्गत बनेको नियम जारी गरिएको आदेशबमोजिम प्राप्त गरेको वा राखेको हो भन्ने कुराको प्रमाण निजले पेस गर्नुपर्नेछ । त्यस्तो प्रमाण पेस गर्न नसकेमा र अन्यथा प्रमाणित भएमाबाहेक निजले यस ऐनअन्तर्गत सजाय हुने अपराध गरेको मानिनेछ भन्ने व्यवस्था रहेको छ । उक्त व्यवस्थाअनुसार प्रस्तुत मुद्दामा प्रमाणको भार पुनरावेदक प्रतिवादीमा रहेकामा निज प्रतिवादीले आफू निर्दोष रहेको कुरा वस्तुनिष्ठ प्रमाणबाट पुष्टि गर्न सकेको देखिन नआउने।

प्रतिवादीले १०८ ग्राम लागु औषध (खैरो हेरोइन) खरीद गरी घरकोठामा सञ्चय गरी राखेको पुष्टि हुन आएकाले निज प्रतिवादीबाट बरामद भएको लागु औषध (खैरो हेरोइन) को मात्रासमेतलाई विचार गरी पुनरावेदक प्रतिवादी इर्साद अहमदको हकमा अभियोग दाबीबमोजिम कसुर कायम गरी लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(छ)(३) बमोजिम १५ वर्ष कैद सजाय र रू.५,००,०००।- (पाँच लाख) जरिवाना गर्नु उपयुक्त हुने देखिन आउने हुँदा उल्लिखित कानूनी व्यवस्था, प्रतिपादित सिद्धान्त, तथ्य एवम् विवेचनासमेतको आधारमा पुनरावेदक प्रतिवादी इर्साद अहमदले अभियोग दाबीबमोजिम लागु औषध (नियन्त्रण) ऐन, २०३३ को (संशोधनसहित) दफा ४ को खण्ड (घ),(ङ) र (च) बमोजिमको निषेधित कार्य गरेकामा सोही ऐनको दफा दफा १४(१)(छ)(३) बमोजिम १५ वर्ष कैद सजाय र रू. ५,००,०००।- (पाँच लाख) जरिवाना गर्ने ठहर गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०६९।३।१९ मा भएको इन्साफ मुनासिब देखिँदा सदर हुने ठहर्छ। प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: रमेश रिजाल

इति संवत् २०७१ साल फागुन २७ गते रोज ४ शुभम्।

९

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६९-CR-०१७७, जबर्जस्ती करणी

(अप्राकृतिक मैथुन), *राजकिशोर भेडिहार वि. नेपाल सरकार*

प्रतिवादीले अदालतमा इन्कारी बयान गरे तापनि सो बयान अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि भएको देखिँदैन । निज प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको साबिति बयान निजको मन्जुरीविपरीतको हो भनी निजले प्रमाणित गर्न सकेकोसमेत देखिँदैन। यसरी अन्य स्वतन्त्र प्रमाणबाट समर्थित हुन नसकेको बयानको आधारमा प्रतिवादीको निर्दोषिता पुष्टि हुन नसक्ने।

पुनरावेदक प्रतिवादी राजकिशोर भेडिहरले पीडित "क" कुमारीलाई जबर्जस्ती करणी (अप्राकृतिक मैथुन) गरेको तथ्य पुष्टि हुन आएकाले प्रतिवादी राजकिशोर भेडिहरलाई मुलुकी ऐन जबर्जस्ती करणीको महलको ३ नं.ले दश वर्षमुनीका नाबालिकालाई जबर्जस्ती करणी गरेकामा दश वर्ष कैद र अप्राकृतिक मैथुनसमेत गरेको पुष्टि हुन आएकाले जबर्जस्ती करणीको महलको ९क नं. बमोजिम तीन महिना थप कैद गरी प्रतिवादीबाट पीडितलाई रू.दश हजार क्षतिपूर्ति भराई दिनेसमेत देखिन आउने।

उल्लिखित कानूनी व्यवस्था, तथ्य एवम् विवेचनासमेतको आधारमा प्रतिवादी राजकिशोर भेडिहरले दश वर्षभन्दामुनीको बालिकालाई जबर्जस्ती करणी र अप्राकृतिक मैथुन गरेको पुष्टि हुन आएकाले मुलुकी ऐन जबर्जस्ती करणीको महलको ३ नं. को देहाय १ नं. बमोजिम दश वर्षमुनीका बालिकालाई जबर्जस्ती करणी गरेकामा दश वर्ष कैद र ऐ. को ९क नं. बमोजिम ३ (तीन) महिना थप कैद गरी प्रतिवादीबाट पीडितलाई रू. दश हजार क्षतिपूर्ति भराई दिने ठहर गरी पुनरावेदन अदालत पाटनबाट मिति २०६८।९।१९ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: रमेश रिजाल

कम्प्युटर: गंगा के.सी.

इति संवत् २०७१ साल फागुन २७ गते रोज ४ शुभम्।

१०

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६७-CR-१२७१, ०७०-CR-००८९, जालसाजी, *अम्बिका गजुरेलसमेत वि. शम्भेप्रसाद गजुरेलसमेत, सविता श्रेष्ठ वि. प्रल्हाद गजुरेलसमेत*

प्रस्तुत मुद्दामा दिने शम्भेप्रसाद गजुरेल र लिने सबिता श्रेष्ठ भएको र.नं. १२३०३ मिति २०६१।३।३० मा पारित भएको विवादको घरजग्गा बिक्री गर्दाको लिखत हेर्दा सो लिखतमा यी प्रत्यर्थी वादीमध्येकी अम्बिका गजुरेललाई माथि उल्लिखित कानूनी प्रावधानअनुसार विवादको जग्गा बिक्री गर्दा अनिवार्यरूपमा साक्षी राखेको वा मन्जुरी लिनुपर्नेमा प्रतिवादी शम्भेप्रसाद गजुरेलले सो मन्जुरी लिएको नदेखिँदा निज अम्बिका गजुरेलको हक लाग्ने ४ भागको १ भागसम्मको लिखत जालसाजी ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको फैसला मिलेकै देखियो। एक्काइस वर्ष ननाघेका छोराछोरीको मन्जुरी लिनुपर्ने अवस्था नदेखिएकामा मन्जुरी नलिएको भनी ४ भागको ३ भाग लिखत जालसाज हुने ठहर्‍याएको सुरूको फैसला मिलेको नदेखिँदा माथि उल्लिखित आधार र कारणबाट ४ भागको ३ भाग लिखत जालसाजी हुने ठहर्‍याएको मिति २०६५।१।३१ को सुरू नुवाकोट जिल्ला अदालतको फैसला केही उल्टी गरी ४ भागको १ भागमात्र लिखत जालसाजी हुने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनबाट भएको मिति २०६७।७।१५ को फैसला मिलेकै देखिँदा त्यसमा कुनै परिवर्तन गरिरहनु परेन। सदर हुने।

इजलास अधिकृत: हेमबहादुर सेन

इति संवत् २०७१ साल पुस ७ गते रोज २ शुभम्।

## इजलास नं. ४

१

**मा.न्या. श्री बैद्यनाथ उपाध्याय र मा.न्या. श्री गोविन्दकुमार उपाध्याय,** ०६९-WO-०४१२,

उत्प्रेषण, *रामनारायण राय यादव भन्ने रामनारायण दास बैरागी वि. जिल्ला प्रशासन कार्यालय, सर्लाही, मलंगवासमेत*

निवेदक संरक्षक रहेको मठ बाहिरका व्यक्तिहरूले मठको संरक्षकको मन्जुरी बेगर मठको सम्पत्ति कब्जामा लिने गरी अर्कै संस्था खोल्न पनि हुँदैन र संस्था खोल्न दिन पनि नहुने।

निवेदकले मठको पूजाआजा, धार्मिक क्रियाकलापमा लापरवाही र मठको सम्पत्तिको संरक्षण नगरी हिनामिना गरेको भएमा उपर्युक्तबमोजिम कानूनी उपचार खोज्न सकिनेमा सो केही नगरी विपक्षीहरूले उक्त मठको अस्तित्व नै विलुप्त हुने गरी सो मठकै नामसमेत उल्लेख गरी त्यसको सम्पत्ति आफ्नो कब्जामा लिनेगरी अर्को संस्था दर्ता गराएको देखिएको र संस्था दर्ता ऐन, २०३४ को दफा ४ ले संस्था दर्ता गर्ने अधिकारीलाई परम्परादेखि अस्तित्वमा रहेको मठको सम्पत्तिलाई सो मठको मन्जुरी बेगर मठकै नामसमेत उल्लेख गरी मठ बाहिरका व्यक्तिले कब्जामा लिने गरी एकभन्दा बढी संस्था दर्ता गर्न सक्ने गरी छुट दिएको नदेखिने।

परापूर्वदेखि सञ्चालनमा रहेको श्रीराम कविर मठको सम्पत्तिमा असर पर्ने गरी मठको संरक्षकको सहमति नै नलिई सोही मठको नामसँग मिल्ने गरी अर्को श्रीराम कविर मठ परिचालन संस्था नामक संस्था दर्ता गर्ने गरी विपक्षी जिल्ला प्रशासन कार्यालयबाट भएको निर्णय कानून र विवेकसम्मत नरहेको।

निवेदक संरक्षक रहेको "श्रीराम कविर मठ" कै नामसँग मिल्ने गरी निजको सहमति नै नलिई परापूर्व कालदेखि सञ्चालनमा रहेको उक्त मठको अअस्तित्वमा प्रत्यक्षतः असर पर्ने गरी विपक्षी जिल्ला प्रशासन कार्यालय सर्लाहीमा द.नं. १३८०/०६९ मिति २०६९।४।२९ मा दर्ता भएको "श्रीराम कविर मठ परिचालन संस्था" नामक संस्थाको दर्ता कानून बमोजिम नदेखिँदा सो संस्थाको दर्ता उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । अब यी निवेदक संरक्षक भएको श्रीराम कविर मठको नियमित काम कारवाहीमा प्रचलित कानूनबमोजिम बाहेक कुनै हस्तक्षेप नगर्नु नगराउनु भनी विपक्षी जिल्ला प्रशासन कार्यालयका नाममा परमादेश जारी हुने ठहर्छ।

इजलास अधिकृत : सन्तोषप्रसाद पराजुली

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७२ साल जेठ २१ गते रोज ५ शुभम्।

२

**मा.न्या. श्री बैद्यनाथ उपाध्याय र मा.न्या. श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६८-CR-०२९७, ०००४, कर्तव्य ज्यान, *नेपाल सरकार वि. सञ्जय केबट भन्ने सकई केबटसमेत, राजेश चौधरी वि. नेपाल सरकार*

प्रतिवादी सञ्जयले इसारा गरेको हो भन्ने तथ्यलाई मिसिल प्रमाणबाट पुष्टि नभएको अवस्थामा निजले मृतकलाई मार्न इसारा गरेको हो भनी मान्न मिलेन। यस्तो अवस्थामा प्रतिवादीहरू सर्फराज खान, असलम मुसलमान बुढाली नाउ, कमाल मुसलमान र मुस्तफा मुसलमानलाई आरोपित अभियोगबाट सफाइ दिने ठहर्‍याएको सुरू जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, बुटवलको फैसलामा कानूनी त्रुटि रहेको नदेखिने।

प्रतिवादीले मौकामा अधिकारप्राप्त अधिकारीसमक्ष आरोपित अभियोग दाबीमा साबिती बयान गरेको देखियो । प्रतिवादीले मौकामा अधिकारप्राप्त अधिकारीसमक्ष साबिती बयान गरेको र अदालतमा इन्कारी बयान गरेको अवस्थामा मिसिल संलग्न स्वतन्त्र प्रमाणहरूले कुन बयान व्यहोरालाई पुष्टि र समर्थन गर्दछ त्यसतर्फ विचार गर्नुपर्ने।

प्रतिवादी राजेश चौधरीको मौकाको साबिती बयानलाई मिसिल संलग्न तथ्यगत, वस्तुनिष्ठ स्वतन्त्र प्रमाणले समर्थन गरेको नै देखियो । प्रतिवादीको अदालतमा भएको इन्कारी बयानलाई मिसिल संलग्न कुनै स्वतन्त्र प्रमाणले पुष्टी गरेको नदेखिने।

वारदातस्थलमा भेटिएको चप्पल प्रतिवादी राजेश चौधरीको हो भन्ने तथ्यमा निजले अदालतमा

समेत स्विकारेको देखिँदा वारदातस्थलमा निजको उपस्थिति थियो भन्ने कुरा साधारण समझबाट पनि देखिने कुरा हो । साथै मृतकलाई लागेको गोली प्रतिवादीबाट बरामद भएको ९ M.M. ब्राउनिङ यु.एस.ए. पेस्तोलको हो भन्ने परीक्षण प्रतिवेदनबाट देखिन आउने ।

प्रतिवादी राजेश चौधरीलाई मुलुकी ऐन ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्म कैद हुने र अन्य प्रतिवादीहरू सञ्जय केबट भन्ने सुकई केबट, सरफराज खान भन्ने सर्फराज अहमद खान, असलम मुसलमान, छोट्के भन्ने बुढाली नाउ मुसलमान भनिएको सविन नाउ, कमाल मुसलमान भन्ने कमाल अहमद खाँ, मुस्तफा मुसलमान भन्ने मोहमद मुस्तफालाई आरोपित अभियोग दाबीबाट सफाइ दिने ठहर्‍याएको सुरू कपिलवस्तु जिल्ला अदालतको मिति २०६६।१०।१३ को फैसला सदर हुने ठहर्‍याएको पुनरावेदन अदालत, बुटवलको मिति २०६७।११।१ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: प्रेमप्रसाद न्यौपाने

इति संवत् २०७२ साल असार ९ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६८-CR-०३३६, हातहतियार खरखजाना, नेपाल सरकार वि. सोनुकुमार सिंहसमेत

अनुसन्धानका क्रममा तयार भएका कागजातहरूमा बस्ने अन्य साक्षीलाई अभियोजन पक्षले मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराउन सकेको मिसिलबाट देखिँदैन । तसर्थ उक्त तथ्यबाट प्रतिवादीहरू दाबीको अभियोगमा सरिक रहेको पुष्टि हुन नसक्ने ।

हातहतियार बोकेर हिँड्ने अपराध देशभर फैलिएको अवस्थामा अदालतले हलुकारूपमा लिएको भन्ने जस्ता आत्मगत तर्कहरू पुनरावेदनमा लिएको सन्दर्भमा विचार गर्दा न्याय सम्पादन कानूनबमोजिम कानूनले तोकेको प्रक्रियाअनुरूप कानूनी सिद्धान्तहरूको पृष्ठभूमिमा गरिन्छ । फगत कुरै कुराको संवेदनशिलताको आधारमा निर्णय नहुने ।

सबुत प्रमाण र यसको परीक्षणबाट न्याय निर्धारित हुन्छ । अन्यथा बेकारको संवेदनशिलता देखाई बिना आधार परीक्षण गरी सजाय गर्दै जाने हो भने सरकार निरङ्कुश हुँदै जाने र जनताको मानवअधिकार सङ्कटमा पर्दै जाने अवस्था आउँदैन भन्न नसकिने ।

अदालत स्वयम्ले आफ्नो तटस्थताको स्थापित मापदण्ड नाघी अदालती बन्दोबस्तको ११५ नं. जो गम्भिर किसिमका नबुझी नहुने भनी अदालतलाई लागेको अवस्थामा मात्र निरपराध व्यक्तिले सजाय पाउनु, भोग्नु नपरोस् र जसले अपराध गर्छ ऊमात्र सजायको भागिदार हुनुपर्दछ भन्ने स्थापित न्यायिक सिद्धान्तलाई आत्मसात् गर्ने क्रममा प्रतिद्वन्द्वात्मक कानूनी प्रणालीको अपवादको रूपमा अदालतबाट प्रयोग हुन सक्ने कानूनी व्यवस्थालाई राज्यतर्फबाट सामान्यरूपमा पुरा गर्नु पर्ने भूमिकाका कुरामा राज्य स्वयम् उदासिन रहेको स्थितिमा अदालतले उक्त नं. प्रयोग गरी प्रमाण बुझ्नेसमेतका कार्य गर्न प्रस्तुत मुद्दामा उपयुक्त हुने देखिन नआउने ।

यस मुद्दामा वादी नेपाल सरकारको प्रत्यर्थी प्रतिवादीहरू उपरको हातहतियार खरखजानाको अभियोग दाबी र पुनरावेदन जिकिरसमेत पुग्न सक्ने देखिन नआउने हुँदा प्रतिवादीहरूले अभियोग दाबीबाट सफाइ पाउने ठहर्‍याई पुनरावेदन अदालत, राजविराजबाट मिति २०६७।५।१४ मा भएको फैसला मिलेको हुँदा सदर हुने ठहर्छ । वादी नेपाल सरकारको पुनरावदेन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: कपिलमणि गौतम

कम्प्युटर: सबिना अधिकारी

इति संवत् २०७१ साल चैत ४ गते रोज ४ शुभम् ।

**४**

**मा.न्या. श्री बैद्यनाथ उपाध्याय र मा.न्या. श्री जगदीश शर्मा पौडेल,** ०६३-CR-०४४४, खुन

डाँका, *नेपाल सरकार वि. दिलवा र दीलिप भन्ने विद्यानन्द राय यादवसमेत*

प्रतिवादीहरू प्रेमलाल साह तेली र विद्यानन्द राय यादव वारदातको मिति र समयमा वारदातस्थलमा नभई अन्यत्रै थिए भनी (alibi) जिकिर लिए तापनि प्रत्यक्षदर्शी बिमल ठाकुर, अजय मिश्र, सन्जय मिश्रसमेतका वारदातको प्रत्यक्षदर्शी व्यक्तिहरूको बकपत्रबाट प्रतिवादीहरू जाहेरवालाको पेट्रोल पम्पमा आई काउन्टरमा बसेका दीपेन्द्र मिश्रलाई गोली फायर गरी रगताम्मे बनाएका हुन् भनी मौका र अदालतसमेतमा बकपत्र गरेको अवस्थामा प्रतिवादीहरू अन्यत्रै थिए भनी लिएको alibi जिकिरलाई विश्वास गर्न नसकिने।

प्रतिवादी सञ्जयदास कथवनीया हतियारसहित वारदातस्थलमा उपस्थित भएको व्यहोरा प्रत्यक्षदर्शी अजय मिश्र, शैलेन्द्र मिश्र, महेश ठाकुर, बीमल ठाकुरसमेतको मौकाको कागजबाट देखिन आउँछ भने अदालतमा पनि सोही व्यहोरा उल्लेख गरी बकपत्र गरेको मिसिलबाट देखिएको अवस्थामा यी प्रत्यर्थी प्रतिवादी सञ्जयदास कथवनीयाले मृतक दीपेन्द्र मिश्रलाई मार्ने कार्यमा संलग्न रहे भएको पाइने।

कानूनबमोजिम दोस्रो तह पुनरावेदन लाग्नै नसक्ने अवस्थामा दुई तहबाट सफाइ पाई सकेका प्रतिवादी लालबावु यादवका हकमा आएको पुनरावेदनपत्रलाई कानूनको रीत पुर्‍याई दायर भएको भन्न नमिल्ने।

नेपाल सरकारले प्रतिवादीहरूले यति रकम डाँका गरी लगे भनी माग दाबी गर्नु मात्र पर्याप्त हुँदैन। डकैती भएको भनिएको रकम देखिनु पर्ने पनि हुन्छ। यसरी डकैती भएको रकम नै सप्रमाण यकिन हुन नसकेको र त्यसलाई पुष्टी हुने सबुद प्रमाण बादी पक्षबाट पेस हुन सकेको देखिँदैन। ठोस सबुद प्रमाणको अभावमा प्रत्यर्थी प्रतिवादीहरूले अभियोगपत्रमा उल्लिखित रकम डाँका गरी लगेको भन्ने वादी दाबीसँग सहमत हुन नसक्ने।

सुरू सर्लाही जिल्ला अदालतले प्रत्यर्थी प्रतिवादीहरू प्रेमलाल साह र दीलिप र दिलवा भन्ने बिद्यानन्द राय यादवलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. को कसुरमा सोही महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने डाँकातर्फको वादी दाबी नपुग्ने ठहर्‍याएको फैसला मिलेकै देखिएकामा उक्त फैसला केही उल्टी गरी अभियोग मागदाबीबाट सफाइ दिने ठहर्‍याएको पुनरावेदन अदालत, जनकपुरको मिति २०६३।२।३ को फैसला मिलेको देखिएन। सो नमिलेको हदसम्म उक्त फैसला केही उल्टी भई प्रतिवादी प्रेमलाल साह र दीलिप र दिलवा भन्ने विद्यानन्द रायले अभियोग माग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. कसुर गरेको ठहरी सोही महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने र डाँकातर्फको अभियोग दाबी पुग्न नसक्ने ठहर्छ। प्रतिवादी सञ्जयदास कथवनियाको हकमा सुरू सर्लाही जिल्ला अदालतले अभियोग माग दाबीबमोजिम ज्यानसम्बन्धीको १७(१) नं. को कसुरमा सोही नम्बरबमोजिम दश वर्ष कैद हुने ठहर्‍याएको फैसला मिलेकै देखिएकामा उक्त फैसला पुनरावेदन अदालतबाट उल्टी गरी अभियोग माग दाबीबाट सफाइ दिएको फैसला त्रूटिपूर्ण हुँदा उल्टी भई अभियोग माग दाबीबमोजिम ज्यानसम्बन्धी महलको १७ (१) नं. बमोजिम दश वर्ष कैद हुने ठहर्छ। अर्का प्रतिवादी लालबावु यादवको हकमा निजका विरूद्धमा पुनरावेदन दायर हुनै नसक्ने अवस्थामा पुनरावेदन दायर भएको हुँदा निजका विरूद्धको पुनरावेदन खारेज हुने।

इजलास अधिकृत : लोकनाथ पराजुली

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७१ साल कात्तिक २ गते रोज १ शुभम्।

## इजलास नं. ५

१

**मा.न्या. श्री गोपाल पराजुली र मा.न्या. श्री गोविन्दकुमार उपाध्याय,** ०६६-CR-०८४८, ०६७-CR-०५२७, ०७०-CR-१३०४, मानव बेचविखन तथा ओसार पसार, *राजेश भन्ने भगीरथ दाहाल वि. नेपाल सरकार, निर्मला राई दाहाल वि. नेपाल सरकार, नेपाल सरकार वि. निर्मला राई दाहाल*

अदालतले न्यायिक प्रक्रियामा मुद्दापिच्छे मूल्यको (value) पहिचान गर्नु पर्दछ। जुनसुकै मुद्दाको निर्णयमा स्वार्थहरूको द्वन्द्वको value judgement भइराखेको हुनेहुँदा अदालतद्वारा मुद्दाको अवस्था, प्रकृति र सन्दर्भअनुसार कानूनको व्याख्या एवम् प्रयोग गर्नुपर्ने।

संविधान र कानूनले अपराध हुँदाका अवस्थामा प्रचलनमा नरहेको कानूनले सजाय गर्न सकिँदैन तर पीडित राहत शास्त्र यस्तो विधिशास्त्र हो जहाँ पीडितका प्रति हुन गएको अनेकन क्षतिलाई अदालत मुद्दा चलाउने पक्ष र अरू संलग्न निकायले संवेदनशीलरूपमा हेर्नुपर्ने हुन्छ। प्रस्तुत मुद्दामा पनि पीडितलाई उचित क्षतिपूर्ति विना न्यायको महसुस पीडितले पाउन सक्दैन भन्ने निष्कर्षमा इजलास पुगेको छ। व्यक्तिको पवित्रता तथा पीडित राहत शास्त्रको सार नै judgment law भएको पाइएकाले पीडित शास्त्रको भावनालाई समेट्दै प्रतिवादी भगीरथ दाहालबाट रू.दुई लाख पीडित देवीका राईलाई क्षतिपूर्ति भराई दिने।

राष्ट्रिय र अन्तर्राष्ट्रिय कानून तथा नेपाल पक्ष रहेका सन्धि सम्झौता सम्मिलनले पीडितलाई उचित क्षतिपूर्ति भराउन बाधा पर्ने नदेखिएकाले पुनरावेदन अदालत, राजविराजबाट मिति २०६६/८/१० मा भएको फैसला केही उल्टी भै पुनरावेदक प्रतिवादी राजेश भन्ने भगिरथ दाहाललाई दश वर्ष कैद र पीडित देवीका राईलाई रू. दुई लाख क्षतिपूर्ति भराई दिने ठहर्छ। पुनरावेदक प्रतिवादी भगिरथको अन्य पुनरावेदन जिकिर तथा पुनरावेदक प्रतिवादी निर्मला राई र पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: रामप्रसाद पौडेल

कम्प्युटर : रूपा महर्जन

इति संवत् २०७१ साल चैत ११ गते रोज ४ शुभम्।

२

**मा.न्या. श्री गोपाल पराजुली र मा.न्या. श्री गोविन्दकुमार उपाध्याय,** ०६९-CR-००२४, ००२५, मानव बेचबिखन तथा ओसार पसार, *राजेश भन्ने भगीरथ दाहाल वि. नेपाल सरकार, निर्मला राई दाहाल वि. नेपाल सरकार*

वैदेशिक रोजगारको सिलसिलामा भारतमा सँगै गएको र त्यहाँबाट जाहेरवालीलाई विदेश पठाउन नसकेपछि सँगै फर्किएको कुरामा मुख मिलेको देखिँदा भन्ने आधार लिए पनि प्रतिवादीहरूको कार्य मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण ऐन, २०६४ ले परिभाषित कसुर गरेको देखिँदा उदयपुर जिल्ला अदालतबाट मिति २०६५/०९/२० मा प्रतिवादी राजेशकुमार दाहाल भन्ने भगीरथ दाहाललाई मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण ऐनको दफा १५(१)(च) बमोजिम ५ वर्ष कैद र अर्का प्रतिवादी निर्मला राई (दाहाल) लाई सोही ऐनको दफा १५(१)(ज) बमोजिम २ वर्ष कैद हुने ठहराई गरेका फैसला सदर गर्ने गरी गरेको मिति २०६६/०८/१० को पुनरावेदन अदालत राजविराजको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: रामप्रसाद पौडेल

कम्प्युटर: रूपा महर्जन

इति संवत् २०७१ साल चैत ११ गते रोज ४ शुभम्।

३

**मा.न्या. श्री गोपाल पराजुली र मा.न्या. श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६७-WO-१०८४, प्रतिषेध/परमादेश, *प्राचार्य राजु भाइ त्यात वि. पूर्वाञ्चल विश्वविद्यालय*

*विराटनगर नेपालसमेत*

निवेदक कलेजले प्रत्यर्थीमध्येको पूर्वाञ्चल विश्वविद्यालय विराटनगरबाट मिति २०५८।३।१८ मा सम्बन्धन प्राप्त गरी कलेज सञ्चालन भइरहेको देखिन्छ । शैक्षिक सत्र २०५७।५८ देखि सार्वजनिक स्रोत साधनबाट चल्ने शैक्षिक संस्थाहरूलाई ५० प्रतिशत छुट दिने भन्ने निर्णय भएपनि पूर्वाञ्चल विश्वविद्यालयको मिति २०६०।१२।५ को निर्णयद्वारा सार्वजनिक स्रोतबाट सञ्चालित जुनजुन क्याम्पस एवम् शैक्षिक संस्थाहरूले उक्त सुविधा उपभोग गरिरहेका छन् ती क्याम्पस एवम् शैक्षिक संस्थाहरूमा मिति २०६०।१२।५ सम्म भर्ना भएका विद्यार्थीहरूका लागिमात्र सोहीबमोजिम छुट दिने र मिति २०६०।१२।५ पछि भर्ना भएका सार्वजनिक भनिएका तथा निजी स्रोतबाट सञ्चालित सम्पूर्ण क्याम्पस एवम् शैक्षिक संस्थाहरूमा भर्ना हुने विद्यार्थीहरूका सम्बन्धमा पूर्वाञ्चल विश्वविद्यालय सम्बन्धनसम्बन्धी सर्त र प्रक्रिया २०५७ मा तोकेको प्रति विद्यार्थी प्रतिवर्ष लिइने सम्बन्धन शुल्कमा एकरूपता कायम गर्ने निर्णय भएको हुँदा सोहीबमोजिम गर्न गराउनु हुन जानकारी गराइन्छ भनी ख्वप इन्जिनियरिङ कलेजका नाममा पूर्वाञ्चल विश्वविद्यालयले पत्र पठाएको व्यहोरा मिसिल संलग्न मिति २०६०।१२।१९ को पत्रबाट प्रष्ट हुन्छ भने सोही पत्रलाई सम्बोधन गरी ख्वप इन्जिनियरिङ कलेजले पूर्वाञ्चल विश्वविद्यालयलाई मिति २०६१।६।१५ मा पत्राचार गरेको मिसिल संलग्नपत्रको व्यहोराबाट प्रष्ट हुन्छ । यसरी निवेदक र विपक्षीबीच विभिन्न मितिमा पटकपटक यही विषयलाई लिएर पत्राचार भएको मिसिल संलग्न प्रमाणबाट प्रष्ट भइरहेको देखिन्छ । मिति २०६०।१२।५ को पूर्वाञ्चलको निर्णयलाई निवेदकले २०६१ मा सूचना पाएपछि तत्कालै उपचारको बाटो लाग्नुपर्नेमा निवेदक विलम्ब गरी मिति २०६८।२।२ मा मात्रै अदालतमा रिट निवेदन लिएर उपस्थित भएको देखिने ।

यसरी विलम्ब गरी निवेदक कलेज अदालतमा आएको देखिँदा विलम्ब गरी आउनेलाई अदालतले सहयोग गर्न सक्दैन । विलम्बले समन्यायलाई पराजित गर्दछ भन्ने कार्यविधि कानूनको प्रमुख सिद्धान्तको आधारमा पनि निवेदकको रिट निवेदन खारेज हुने ठहर्छ । अर्कोतिर पूर्वाञ्चल विश्वविद्यालयबाट प्रदान गरिने सम्बन्धनसम्बन्धी सर्त र प्रक्रिया पूर्वाञ्चल विश्वविद्यालय नियमावली २०५३ को खण्ड (क) नियम ५४ बमोजिम कार्यकारी परिषद्ले तोक्नेछ भन्ने कानूनमा स्पष्ट भएको र सोहीबमोजिम पूर्वाञ्चलन विश्वविद्यालय कार्यकारी परिषद्ले गरेका निर्णय सो विद्यालयसँग सम्बन्धित शैक्षिक संस्थालाई लागू हुने कुरा कानूनमा स्पष्ट भएबाट पनि रिट निवेदकको मागसँग सहमत हुन नसकिने ।

उल्लिखित आधार एवम् प्रमाणबाट प्रस्तुत रिट निवेदनमा मागबमोजिमको उत्प्रेषणको आदेश हुने अवस्थाको विद्यमानता देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः कमला पौडेल

कम्प्युटर : विदुषी रायमाझी

इति संवत् २०७२ साल साउन ३२ गते रोज २ शुभम् ।

४

**मा.न्या. श्री गोपाल पराजुली र मा.न्या. श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६६- WO-११५३, उत्प्रेषण / परमादेश, *मेदनीप्रसाद उप्रेती वि. मालपोत कार्यालय दमक झापासमेत*

विवादित जग्गा मिति २०३४।६।५ मा तत्कालीन भूमि प्रशासन कार्यालय दमकले निवेदकका दाता ब्रह्मलाल सिटौलाको नाममा जाने ठहर गरी निजले जग्गाधनी प्रमाणपूर्जासमेत प्राप्त गरेको तथ्य मिसिल संलग्न प्रमाणबाट देखिन्छ । सोही जग्गाका सम्बन्धमा पुनः २०४६ सालमा सुकुम्बासी समस्या समाधान आयोगले निर्णय गरी उक्त जग्गाको कित्ताफोड गरी कि.नं. ४२९ को ज.वि. ०-०-१२ लक्ष्मीप्रसाद संग्रौला, कि.नं. ४३० को ज.वि. ०-३-१५ जगमाया कोइराला कि.नं. ४३१ को ज.वि.

०-३-४ बुद्धिमाया पाठक, कि.नं. ४३३ को ज.वि. ०-७-० दुर्गादेवी संग्रौलाको नाममा वितरण भई दोहोरो स्रेस्ता कायम गरेको कार्य यसै अदालतबाट मिति २०६१।१।१४ मा भएको फैसलाविपरीत देखिन आयो । लक्ष्मीप्रसाद संग्रौला, जगमाया कोइराला, बुद्धिमाया पाठक र दुर्गादेवी संग्रौलाले ब्रह्मलाललाई प्रतिवादी बनाई किर्ते, जालसाजी, लिखत दर्ता बदर मुद्दा दायर गरेको र सो मुद्दाहरू तह-तह हुँदै सम्मानित सर्वोच्च अदालतबाट मिति २०६१।१।१४ मा अन्तिम फैसला भई उल्लिखित विवादित जग्गा प्रतिवादी ब्रह्मलालकै ठहर्ने र वादी दाबी नपुग्ने ठहर गरी फैसला भएको तथ्य मिसिल संलग्न फैसलाका प्रतिलिपिबाट प्रष्ट हुँदाहुँदै सो तथ्यको विपरीत एकाको हक जग्गामा जहाँ फैसला तथा जग्गा प्राप्त हक स्रोतसमेत प्रष्ट भैरहेकामा त्यसलाई अनदेखा गरी आफूलाई प्राप्त अधिकारभन्दा बाहिर गै एकाको हक स्रोतको जग्गा अर्का पक्षलाई दिलाउने गरी भएको निर्णयलाई कार्यान्वयन गरेको विपक्षीहरूको कार्य कानून तथा न्यायसम्मत भन्न मिलेन । कानूनसम्मत नभएका निर्णयले मान्यता नपाउने हुँदा उत्प्रेषणको आदेशले विपक्षीहरूका काम कार्यवाही बदर हुने ।

उल्लिखित आधार र प्रमाणबाट यी निवेदकले विपक्षी मालपोत कार्यालयसमक्ष यसै जग्गाको सम्बन्धमा भएका फैसलाहरूका सबै विवरण खुलाई कित्ताकाटको माग गर्न आएबमोजिम कानूनबमोजिमको निवेदनमा निर्णय गर्नुपर्ने विषय देखिएकाले यसै फैसलाबमोजिमको निर्णय गरी कित्ताकाट गर्न माग गरेको विपक्षीसमक्ष निवेदन दिएमा सो निवेदनका उपर कानूनको नियमन गर्न भनी विपक्षीका नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत : कमला पौडेल

इति संवत् २०७२ साल साउन ३२ गते रोज २ शुभम् ।

५

**मा.न्या. श्री गोपाल पराजुली र मा.न्या. श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६७- WO-०१८०, उत्प्रेषण / परमादेश, *कृष्णबहादुर श्रेष्ठसमेत वि. श्री नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

निजीकरण ऐन २०५० को दफा १६ ले निर्दिष्ट गरेअनुरूपको कानूनी प्रक्रिया पूरा गरी कृषि कारखाना औजार लिमिटेडलाई नेपाल सरकारले २०६४/०९/०९ को निर्णयद्वारा निजीकरण गरेको एवम् रिट निवेदकहरूको पारिश्रमिक सुविधालगायतका विषयमा अर्थ मन्त्रालयबाट निकायसमेत भै कोष तथा लेखा नियन्त्रण कार्यालय, पर्सामा समेत पठाई सकिएको र रकमसमेत बुझिलिएको भन्ने अवस्था विद्यमान भएबाट निवेदकको मागबमोजिमको आदेश जारी गर्न मिलेन । प्रस्तुत रिट निवेदन खारेज हुने .

इजलास अधिकृत: रामप्रसाद बस्याल

कम्प्युटर : रूपा महर्जन

इति संवत् २०७१ साल फागुन १२ रोज ३ शुभम् ।

६

**मा.न्या. श्री गोपाल पराजुली र मा.न्या. श्री जगदीश शर्मा पौडेल,** ०६९-CI-०८०२, ०७०-CI-०२११, ०२१२, अंश चलन, *पम्फा खकुरेल वि. दयाराम खकुरेलसमेत, शम्भुप्रसाद खकुरेल वि. पम्फा खकुरेल, दयाराम खकुरेलसमेत वि. पम्फा खकुरेल*

प्रतिवादी बालकृष्ण खकुरेल र शम्भुप्रसाद खकुरेल सगोलमा अंशियार हुन् भन्ने कुरा वादीले फिरादपत्र र पुनरावेदनपत्रमा उल्लेख गर्नाले वादीले शम्भुप्रसाद खकुरेललाई र बालकृष्ण खकुरेललाई एकासगोलका अंशियार मानेको मिसिलबाट प्रष्ट देखिन्छ । सगोलको जुनसुकै अंशियारले अर्को अंशियारलाई गरिदिएको लिखतको विषयमा छुट्टै नालेस गरिरहनु पर्ने अवस्था रहन्न । सगोलको जुनसुकै अंशियारको नाममा रहेको सम्पत्ति सगोलको सम्पत्ति मान्नुपर्ने । जुन अंशियारको नाममा जग्गा दर्ता छ त्यो सम्पत्तिमा तिम्रो अंशहक छैन भनी भन्नु न्यायको मान्य सिद्धान्तले पनि नमिल्ने हुँदा पुनरावेदक वादीको पुनरावेदनसँग सहमत हुन नसकिने ।

अत: कि.नं. ५७८ को जग्गा अंशियारहरूमध्ये कसैको पनि नाममा नरहेको अंश बन्डा गर्नु नपर्नेमा बन्डा गर्ने गरेको र कि.नं. १०४३ को जग्गामा प्रतिवादी बालकृष्ण र निजका दुई श्रीमती र छोरा छोरीसमेत ५ अंशियारबीचमात्र बन्डा हुने गरी र अविवाहित अंशियारको विवाह खर्च पर सार्नुपर्नेमा सोबारेमा बोल्दै नबोल्दै काठमाडौं जिल्ला अदालतबाट मिति २०६७/३/२१ मा भएको फैसला सो हदसम्म नमिलेको हुँदा केही उल्टी भई कि.नं. ५७८ को हदमा वादी दाबी नपुग्ने कि.नं. १०४३ को जग्गा ५ जना मुख्य अंशियारबीच ५ बन्डा गरी बालकृष्ण खकुरेलको भागमा पर्ने १ भागबाट विवाह नभएका प्रतिमा र गौरवको विवाह खर्च पर सारी बाँकी हुन आउने बालकृष्ण खकुरेलको भागमा पर्न आउने सम्पत्तिबाट १ भाग सम्पत्ति वादी पम्फा खकुरेलले अंश छुट्याई लिन पाउने ठहर गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०६९।४।११ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : कमला पौडेल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७२ साल भदौ २ गते रोज ४ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसै अनुसार फैसला भएका छन्:

- ०७०-CI-१२६८, अंश बुझेको भरपाई लिखत बदर, *शम्भुप्रसाद खकुरेल, वि. पम्फा खकुरेल*
- ०७०-CI-१२६९, अंश बुझेको भरपाई लिखत बदर, *दयाराम खकुरेलसमेत, वि. पम्फा खकुरेल*

७

**मा.न्या. श्री गोपाल पराजुली र मा.न्या. श्री जगदीश शर्मा पौडेल,** ०७१-CR-०६९२, बन्दीप्रत्यक्षीकरण, मुजारहद्दिन खाँको हकमा निजको बाबु *जियाउद्दिन खाँ वि. जिल्ला प्रशासन कार्यालय, बाँकेसमेत*

जिल्ला प्रशासन कार्यालय, बाँकेको मिति २०७१।९।१६ को पत्र हेर्दा यी पुनरावेदक थुनुवा भनी जिकिर लिएका व्यक्ति काहिस अन्सारीलाई रू.५०००।– जरिवाना गर्ने र रू.६१०५।–क्षतिपूर्ति असुलउपर गर्ने गरी जिल्ला प्रशासन कार्यालय, बाँकेबाट मिति २०७१।९।१६ मा फैसला भएको र निज प्रतिवादीले थुनामा बसेको अवधि कटाई बाँकी जरिवाना रू.२३५०।– क्षतिपूर्ति रकम रू.६१०५ दाखिला गरेकाले थुनाबाट मुक्त गरी दिनु भन्ने व्यहोराको पत्र कारागार कार्यालयलाई लेखेको र कारागार कार्यलय, नेपालगञ्जको मिति २०७१।९।१६ को पत्रबाट थुनाबाट छाडी सकेको भन्ने मिसिल संलग्न कागजातबाट देखिन आएको छ। बन्दीप्रत्यक्षीकरणको आदेश बन्दीलाई गैरकानूनीरूपमा थुनामा राखेको तथ्यबाट देखिनुका अतिरिक्त थुनाको निरन्तरताको अवस्था पनि देखिनु पर्ने। तर प्रस्तुत मुद्दामा हालको अवस्थामा निवेदक थुनामा रहेको भन्ने नदेखिएकाले अब निवेदकको मागबमोजिम तथ्यभित्र प्रवेश गरी बन्दीप्रत्यक्षीकरणको सैद्धान्तिक पक्षसमेत तर्फ विवेचना गरिरहनु पर्ने औचित्यपूर्ण नदेखिई बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुन पर्ने अवस्थाको विद्यमानता नभएकाले बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाउँ भन्ने पुनरावेदकको पुनरावेदन जिकिर नपुग्ने।

इजलास अधिकृत : हर्कबहादुर क्षेत्री

कम्प्युटर : विदुषी रायमाझी

इति संवत् २०७२ साल भदौ १७ गते रोज ५ शुभम्।

८

**मा.न्या. श्री गोपाल पराजुली र मा.न्या. श्री जगदीश शर्मा पौडेल,** ०७०-CI-१२७०, माना चामल, *बालकृष्ण खकुरेल वि. पम्फा खकुरेल*

प्रतिवादी/पुनरावेदक साबिकमा सशस्त्र प्रहरीको प्रहरी नायब उपरीक्षक पदमा कार्यरत् भै हाल राजीनामा दिई सेवा निवृत्त भएको देखिएपनि निजले हाल पनि निवृत्तिभरण रकम पाउने तथा पुनरावेदकको पुनरावेदनपत्र र मिसिल संलग्न तथ्यबाट स्पष्ट भएको

देखिन्छ । लगाउको अंश मुद्दामा पेस भएको तायदाती फाँटवारीमा उल्लिखित सम्पत्ति र सो सम्पत्तिबाट प्राप्त हुने आय आर्जनसमेतलाई मध्यनजर गरी हेर्दा वादीलाई मासिकरूपमा प्रतिमहिना रू. ३०००।– का दरले हुन आउने मानाचामलस्वरूप वादीले प्रतिवादीबाट भरी पाउने ठहर गरी सुरू जिल्ला अदालतबाट र सोही फैसलालाई सदर गर्ने ठहर गरी पुनरावेदन अदालत, पाटनबाट भएको फैसलालाई अन्यथा लिन सकिएन । अतः पुनरावेदन अदालत, पाटनबाट मिति २०६९।४।११ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : कमला पौडेल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७२ साल भदौ २ गते रोज ४ शुभम् ।

## इजलास नं. ६

१

**मा.न्या. श्री दीपकराज जोशी र मा.न्या. श्री गोविन्दकुमार उपाध्याय,** ०७०-CI-०६३७, मोही लगत कट्टा, *मोतीराम साफी वि. गयाराम यादव*

भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६ ग(१) समातेर आउनको लागि जग्गावाला र मोहीको संयुक्त निवेदन पर्नु अनिवार्य सर्त हो । त्यस्तो निवेदन दिनको लागि पहिलेबाट लेनदेन हुनु पर्ने भनी कानूनले कुनै व्यवस्था नगरेको कुरा उपदफा (१) मा रहेको "चाहेमा" भन्ने शब्दबाट स्पष्ट हुन्छ । पहिलेबाट रकम लेनदेन गर्न कुनै बाधा नरहे पनि सोही आधारमा मात्र अरू केही नगरी लगत कट्टा हुन सक्ने देखिँदैन र त्यस किसिमले लेनदेन नै भएको भए पनि संयुक्त निवेदन दिन मोही मन्जुर नभएमा दफा २६ग(१) क्रियाशील हुने नदेखिने ।

वादीको दाबी मोहीले भूमिसम्बन्धी ऐन नियमअन्तर्गतको दायित्व पूरा नगरेकाले लगत कट्टा गरिपाउँ भन्ने हो वा दफा २६ग(१) ले निर्देश गरेबमोजिम थैली लेनदेन भएकाले लगत कट्टा गरी पाउँ भन्ने हो सो स्पष्ट नभएको साथै प्रस्तुत मुद्दामा ती दुवै अवस्था आकर्षित हुने अवस्था नरहेकाले मोही लगतबाट प्रतिवादी मोहीको नाम कट्टा गरेको सुरू भूमिसुधार कार्यालय, सिराहाको मिति २०६८।३।२० र पुनरावेदन अदालत, राजविराजको मिति २०७०।३।३ को फैसला नमिलेकाले दुवै फैसला उल्टी हुने ।

इजलास अधिकृत : सुमनकुमार न्यौपाने

कम्प्युटर : रानु पौडेल

इति संवत् २०७२ साल जेठ ८ गते रोज ६ शुभम् ।

२

**मा.न्या. श्री दीपकराज जोशी र मा.न्या. श्री ओमप्रकाश मिश्र,** ०६८-CR-०३४०, कर्तव्य ज्यान, *दीपकराज सेन वि. नेपाल सरकार*

प्रतिवादीले मृतकउपर ज्यान मार्ने मनसाय लिई घातक हतियारको प्रयोग गरेको नदेखिए तापनि निजले हँसियाको उल्टो भागले मृतकउपर प्रहार गरेको तथ्य निर्विवादरूपमा स्थापित भएको देखिँदा पुनरावेदकको जिकिरअनुसार निजले अभियोग दाबीबाट पूर्णरूपमा उन्मुक्ति पाउने अवस्था देखिन आएन । मिसिल संलग्न प्रमाण कागजातहरूबाट प्रस्तुत वारदातमा ज्यानसम्बन्धी महलको ५ नं. को अवस्था विद्यमान देखिँदा सुरू फैसला उल्टी गरी पुनरावेदक प्रतिवादीलाई ज्यानसम्बन्धी महलको ५ नं. को कसुर कायम गरी ऐ. ६(२) नं. अनुसार सजाय गर्ने गरी भएको पुनरावेदन अदालत, तुल्सीपुरको मिति २०६७।१२।१ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । आरोपित कसुरबाट सफाइ पाउँ भन्ने पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत : चन्द्रप्रकाश तिवारी

कम्प्युटर : रानु पौडेल

इति संवत् २०७१ साल फागुन ३ गते रोज १ शुभम् ।

३

**मा.न्या. श्री दीपकराज जोशी र मा.न्या. श्री ओमप्रकाश मिश्र,** ०६८-CR-००४७, जबरजस्ती

करणी, *नेपाल सरकार वि. विकेश कोइराला*

पीडित भनिएको आशा खड्काको स्वास्थ्य परीक्षण प्रतिवेदनबाट जबरजस्ती करणी भएको नदेखिएको, प्रतिवादीको स्वास्थ्य परीक्षण प्रतिवेदनमा निजले जबरजस्ती करणी गरेको नदेखिएको, प्रतिवादी अनुसन्धान तथा अदालतमा आरोपमा इन्कार रही बयान गरेको, जाहेरवालाले वारदातको विरोधाभासपूर्ण व्यहोरा लेखाइदिएको कागज मिसिल संलग्न रहेको अवस्थामा कसुरदार ठहर गर्ने गरी भएको सप्तरी जिल्ला अदालतको फैसला उल्टी गरी प्रतिवादी विकेश कोइरालाले सफाइ पाउने गरी भएको पुनरावेदन अदालत, राजविराजको मिति २०६७।२।५ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्दैन । प्रस्तुत दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाइदिनू ।

इजलास अधिकृतः चन्द्रप्रकाश तिवारी

कम्प्युटरः रानु पौडेल

इति संवत् २०७१ साल फागुन गते ३ रोज १ शुभम् ।

४

**मा.न्या. श्री दीपकराज जोशी र मा.न्या. श्री ओमप्रकाश मिश्र,** ०६८-CR-०१९९, डाँका चोरी, *नेपाल सरकार वि. दुर्योधन मेहेता*

प्रतिवादीहरूको साथबाट बरामद भएको ९७१।-(नौ सय एकहत्तर) रूपैयाँलाई निजको श्रम सीपबाट प्राप्त भएको रकम होइन भनी अनुमान लगाउनु न्यायिक विवेकभन्दा बाहिरको हुने देखियो । यस्तो अवस्थामा एक लाख रूपैयाँभन्दा माथिको नगदसमेत डाँका भएका भन्ने वारदातमा प्रत्यक्ष संलग्न भनिएको प्रतिवादीहरूको साथबाट प्राप्त न्यूनतम रकमलाई नै डाँका चोरीबाट प्राप्त भएको हो भनी मान्न नसकिने ।

फौजदारी अपराधमा वादीको रूपमा नेपाल सरकारको तर्फबाट मुद्दा दायर हुने हुँदा सरकारले मुद्दा दायर गर्नुका साथै त्यसलाई प्रमाणको रोहमा तार्किक निष्कर्षमा पुर्‍याउने जिम्मेवारीसमेत बहन गर्नुपर्ने ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानून र फौजदारी कानूनमा आत्मसात् गरिएको न्यायिक मान्यताले समेत फौजदारी मुद्दामा शङ्कारहितरूपमा अभियोग सिद्ध हुन नसकेको अवस्थामा त्यसको सुविधा अभियुक्तले पाउने भनी विधिशास्त्रीय मान्यता विकास भएको र हाम्रो न्यायिक अभ्यासमा समेत उपर्युक्त मान्यता आत्मसात् गरिएको परिप्रेक्ष्यमा सोभन्दा बाहिर गै स्वतन्त्र सबुद प्रमाणबाट शङ्कारहितरूपमा प्रमाणित नै हुन नसकेको अभियोगमा आरोपित प्रतिवादीहरूलाई कसुरदार कायम गर्न मिल्ने अवस्था नदेखिँदा सुरू फैसला उल्टी गरी प्रतिवादी दुर्योधन मेहता र जोगिन्दर सदा मुसहरलाई सफाइ दिने गरी भएको पुनरावेदन अदालत, बुटवलको मिति २०६७।८।१४ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत : चन्द्रप्रकाश तिवारी

कम्प्युटर : रानु पौडेल

इति संवत् २०७१ साल फागुन ३ गते १ रोज शुभम् ।

५

**मा.न्या. श्री दीपकराज जोशी र मा.न्या. श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७०-CI-०८४३, अंश चलन, *लक्ष्मी केशरी श्रेष्ठ वि. जीवनलाल श्रेष्ठसमेत*

फैसला हुँदाका अवस्थामा सानुलालको मृत्यु भइसकेको र मूल अंसियार वादी र प्रतिवादी जीवनलाल श्रेष्ठ दुईजनामात्र रहेको देखिएको अवस्थामा निज अंसियार बीच अंशबन्डाको १ नं. बमोजिम जीयजीयकै अंशबन्डा गर्नुपर्ने हुँदा तायदातीमा उल्लिखित कि.नं. ११६६ समेतको सम्पत्तिबाट २ भागको १ भाग वादीले अंश छुट्ट्याई लिन पाउने नै देखियो । तर ससुरा सानुलालको हेरचाह, स्याहार सम्भार पालनपोषणसमेत आफूले गरेकाले निजको अंश भाग पर सारी सो भाग आफूले पाउनु पर्ने भन्ने पुनरावेदन जिकिर पुग्न सक्ने देखिएन । प्रतिवादी रामलक्ष्मी श्रेष्ठका नाम दर्ताको कि.नं. २८६ को घर जग्गा निजले दूरसञ्चार कम्पनीसमेतमा नोकरी गरी

कमाएको स्व. आर्जनबाट खरिद गरी बनाएको भन्ने मिसिल संलग्न निजले पेस गरेका विभिन्न मितिमा कर्जासमेत लिएको प्रमाण कागजातबाट पुष्टि भई रहेकाले अंशबन्डाको १८ नं. बमोजिम सो सम्पत्तिमा बन्डा लाग्न सक्ने अवस्था नदेखिँदा उक्त घर जग्गासमेत बन्डा लाग्नुपर्छ भन्ने वादीको पुनरावेदन जिकिर र यस अदालतको संयुक्त इजलासबाट मिति २०७०।९।१९ मा मुद्दा दोहोर्‍याई हेर्ने निस्सा प्रदान गर्ने गरी भएको आदेशमा उल्लिखित आधार प्रमाणसँग सहमत हुन नसकिने।

वादीले प्रतिवादीबाट २ भागको १ भाग अंश छुट्ट्याई लिन पाउने ठहर गरेको भक्तपुर जिल्ला अदालतको मिति २०६६।१।३० को फैसला सदर हुने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको मिति २०६७।७।१० को फैसला मनासिब हुँदा सदर हुने ठहर्छ । पुनरावेदक वादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : दण्डपाणि लामिछाने

कम्प्युटर : रानु पौडेल

इति संवत् २०७२ साल असार ८ गते रोज ३ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार आदेश भएका छन्:

- ०७०-CI-०८४२, लिखत बदर, *शेरबहादुर राई वि. लक्ष्मी केशरी श्रेष्ठ*
- ०७०-CI-०८४७, लिखत बदर, *रामकृष्ण श्रेष्ठसमेत वि. लक्ष्मी केशरी श्रेष्ठ*
- ०७०-CI-०८४४, अपुताली हक कायम, *लक्ष्मी केशरी श्रेष्ठ वि. जीवनलाल श्रेष्ठसमेत*
- ०७०-CI-०८३९, अंश चलन, *रामलक्ष्मी श्रेष्ठ वि. लक्ष्मी केशरी श्रेष्ठ*
- ०७०-CI-०८४१, लिखत बदर, *रामलक्ष्मी श्रेष्ठसमेत वि. लक्ष्मी केशरी श्रेष्ठ*
- ०७०-CI-०८४०, लिखत बदर, *रामलक्ष्मी श्रेष्ठसमेत वि. लक्ष्मी केशरी श्रेष्ठ*
- ०७०-CR-११०९, जालसाजी, *लक्ष्मी केशरी श्रेष्ठ वि. रामबहादुर तामाङसमेत*
- ०७०-CI-०८४५, अंश चलन, *रविन्द्र श्रेष्ठसमेत वि. लक्ष्मी केशरी श्रेष्ठ*
- ०७०-CI-०८४६, लिखत बदर, *रामकृष्ण श्रेष्ठसमेत वि. लक्ष्मी केशरी श्रेष्ठ*
- ०७०-CR-११०८, किर्ते जालसाजी, *लक्ष्मी केशरी श्रेष्ठ वि. जीवनलाल श्रेष्ठसमेत*

## इजलास नं. ७

१

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६८-CI-०७८८, अंश दर्ता, *रामप्रसाद यादव वि. भागोदेवी यादवसमेत*

सुरू सप्तरी जिल्ला अदालतले वादी दाबीअनुसार प्रतिवादी चनर यादव र भागोदेवी यादवको सम्पत्तिबाट अंश पाउने ठहर्‍याएको सुरू फैसला केही उल्टी गरी प्रतिवादी भागोदेवी यादवको नाममा रहेको कि.नं. १७३, २३२ र २९४ को सम्पत्ति निजी र कि.नं. २२८ र २६८ को सम्पत्ति सगोलको कायम गर्ने गरेको र प्रतिवादी चनर यादवको नाममा रहेको कि.नं. २४९ को जग्गा निजी कायम हुने ठहर्‍याएको पुनरावेदन अदालत राजविराजको मिति २०६८।१०।१८ गतेको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । वादी रामप्रसाद यादवको पुनरावेदन जिकिर पुग्न सक्दैन । प्रस्तुत मुद्दाको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाइदिनू।

इजलास अधिकृत: जवाहरप्रसाद सिंह

कम्प्युटर: चन्द्रा तिमल्सेना

इति संवत् २०७२ साल जेठ २२ गते रोज ६ शुभम्।

२

**मा.न्या. श्री गोविन्दकुमार उपाध्याय र मा.न्या. श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६८-CI-१००८, १००९, अंश चलन, *चन्द्रशेखर सिंह राजपूतसमेत वि. विष्णुदेव सिंह, भोला सिंह राजपूतसमेत वि. विष्णुदेव*

*सिंह राजपूत*

अंशबन्डाको ३० नं. को कानूनी व्यवस्था हेर्दा अंशबन्डा गर्दा साक्षी राखी कानूनबमोजिम बन्डा छुट्याई बन्डापत्रको कागज खडा गरी लिने दिनेको र साक्षीको समेत सहिछाप गरी रजिस्ट्रेसन गर्नुपर्नेमा सो गरी राख्नुपर्छ । सोबमोजिम नभएको बन्डा सदर हुँदैन भनी उल्लेख भएको पाइन्छ । मिति २०३४।९।२७ मा मुलुकी ऐनको सातौं संशोधन भएकामा सो कानून लागू भएको ६ वर्षपछि २०४० सालमा घरायसी बन्डापत्र खडा गरेको लिखत बन्डापत्रको कानूनी लिखत नभएकाले त्यस्तो लिखतको आधारमा छुट्टी भिन्न भएको भन्ने प्रतिवादीहरूको प्रतिउत्तरपत्र र पुनरावेदन जिकिर निरर्थक रहेको देखिने ।

भूमिसम्बन्धी ऐन, २०२१ व्यक्ति विशेषसँग कति जग्गा जमिन छ सोको लगत तयार गर्नको लागि लागू गरिएको ऐन हो । प्रमाणबाट वादी अंसियार देखिएकामा ७ नं. फाँटवारी र १ नं. लगतमा वादीको नाम उल्लेख नहुँदैमा वादी प्रतिवादीहरू दाजुभाइ अंसियार होइनन् भन्नु  न्यायसङ्गत हुँदैन । वादी विष्णुदेव सिंहको भारत बिहारको दरभंगा जिल्लामा विवाह भै धेरैजसो भारतमा बस्ने गरेकाले भूमिसुधार लागू हुँदा भारतमा नै रहेको अवस्थामा ७ नं. फाँटवारी र १ नं. लगतमा वादीको अंश हक मार्ने उद्देश्यबाट वादीको नाम उल्लेख नगर्नुबाट अंश हक जान्छ भन्न मिल्दैन । प्रतिवादी अनुजकुमार सिंहले वादीको स्वार्थमा परी वा अन्य कुनै कारणले नातातर्फ झुट्टा बयान गरेको प्रमाण गुज्रन आएको  छैन । अतः ७ नं. फाँटवारी व्यहोराबाट पुनरावेदन अदालतको फैसलामा असर पर्ने  नदेखिने ।

छुट्टी भिन्न नबसी सगोलमा रहेका अंसियारको नाममा रहेको सम्पत्ति अन्यथा प्रमाणित नभएसम्म सगोलको मानिने हुन्छ । सगोल अवस्थामा आर्जन भएको सम्पत्तिमा सबै अंसियारको श्रम आदिको योगदान रहन्छ । सबै अंसियारको सगोलमा उपभोग गर्ने मनसाय रहन्छ । सो नभै कुनै सम्पत्ति निजीरूपमा आर्जन गरेकाले निजीरूपमा भोग गरी आएको हो भन्ने अवस्था भए सो कुरा देखाउने र प्रमाणित गर्ने काम त्यस्तो जिकिर लिनेउपर नै रहने ।

उपर्युक्त तथ्य आधारबाट वादी दाबी नपुग्ने ठहर्‍याएको सुरू मोरङ जिल्ला अदालतको फैसला उल्टी गरी वादी दाबीअनुसार ३ भागको १ भाग अंश पाउने ठहर्‍याएको पुनरावेदन अदालत, विराटनगरको मिति २०६८।३।९ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: जवाहरप्रसाद सिंह
कम्प्युटर: चन्द्रा तिमल्सेना
इति संवत् २०७२ साल जेठ २२ गते रोज ६ शुभम् ।

३

**मा.न्या. श्री गोविन्दकुमार उपाध्याय र मा.न्या. श्री जगदीश शर्मा पौडेल,** ०६८-CI-०४१६, अंश चलन, *शान्ताकुमारी पाण्डेय (पन्त) वि. चोलकुमारी पाण्डेयसमेत*

सुरू फैसलाउपर विश्वामित्र पाण्डेयसमेतका प्रतिवादीहरूले मात्र चित्त नबुझाई पुनरावेदन गरेको देखिन्छ । निजहरूको पुनरावेदनपत्रउपर विचार गरी पुनरावेदन अदालतले फैसला गर्दा मिति २०६३।१०।१६ मा जन्मेकी नवजात बच्चीको जैविक बाबु यी प्रतिवादी विश्वामित्र पाण्डेय नभएको भनी DNA परीक्षणको रिपोर्टमा उल्लेख भएकाले वादी शान्ताकुमारीबाट जन्मेकी नाबालिका छोरीको विवाह खर्चबापत प्रतिवादी विश्वामित्र पाण्डेको अंश भागबाट अंशबन्डाको १७ नं. अनुसार विवाह खर्च पर सार्नुपर्ने कानूनी आधार नदेखिएकाले छोरीको विवाह खर्च पर सारी भन्ने वाक्यांशसम्मको हकमा काठमाडौं जिल्ला अदालतको फैसला केही उल्टी हुने ठहर्छ भनी सुरू फैसला केही उल्टी गरेको देखिन्छ । उक्त फैसलामा चित्त नबुझाई नवजात छोरी प्रतिवादी विश्वामित्र पाण्डेको अंसियार कायम हुन नसकेको अवस्थामा म पुनरावेदिकाले २ भागको १ भाग अंश पाउनु पर्नेमा ३ भागको १ भाग मात्रै पाउने ठहर्‍याएको फैसला

नमिलेकाले उल्टी गरी प्रतिवादी विश्वामित्र पाण्डेको भागलाई २ भाग लगाई दुई भागको एक भाग अंश पाउँ भन्नेसमेतको यी वादीको पुनरावेदन जिकिर देखिन्छ । तर यी वादीले चित्त बुझाई बसेको सुरू फैसलाबाट वादीले जे जति पाउने कुरा थियो र छ त्यसमा पुनरावेदन अदालतले केही घटबढ तलमाथि गरेको देखिँदैन । वादीकी छोरीले के गर्ने भन्ने कुरा अहिले नै भन्न सकिन्न । यो निजमा भर पर्ने कुरा हो । प्रतिवादीको केही भाग बढ्न गए पनि वादीको हकमा भएको सुरू फैसला यथावत् रहेको अवस्थामा २ भागको १ भाग अंश पाउनु पर्ने भन्ने वादीको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन । अतः पुनरावेदन अदालत, पाटनबाट मिति २०६७।७।११ मा भएको फैसला मनासिब हुँदा सदर हुने ।

इजलास अधिकृत : बसन्तजङ्ग थापा

कम्प्युटर : चन्द्रा तिमल्सेना

इति संवत् २०७२ साल असार ३० गते रोज ४ शुभम्।

- यसै लगाउको ०६९-CR-१०२९, विश्वामित्र पाण्डेय वि. शान्ताकुमारी पन्त भएको मुद्दा पनि यसै अनुसार फैसला भएको छ।

## इजलास नं. ८

१

**मा.न्या. श्री ओमप्रकाश मिश्र र मा.न्या. श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६८-CR-१३१७, कर्तव्य ज्यान, *धनबहादुर थापा मगर वि. नेपाल सरकार*

प्रतिवादी धनबहादुर थापा मगर र सुनिता घले श्रीमान् श्रीमती भएको देखिन्छ भने दुवैजनासँगै ट्रकमा चढी घर जाने क्रममा दुवैजनाबीच झगडा परी बाटोमा नै धादिङबेसी जाने त्रिशुलीको पुलनेर ओर्लिएर, प्रतिवादीले श्रीमती सुनिता घलेलाई त्रिशुलीको पुलबाट नदीमा खसाली कर्तव्य गरी मारेको हो भनी सैनिक कोर्ट अफ इन्क्वाइरीमा, अधिकार प्राप्त अधिकारी र सुरू अदालतमासमेत अपराध स्वीकार गरी एक मिलानको बयान गरेको देखिन्छ। प्रतिवादीको बयानलाई अन्यथा हो भन्ने कुनै प्रमाण पेस भएको अवस्था छैन। घटना वर्षात्को समय साउन महिनाको उर्लदो बाढी पानी भएको त्रिशुली नदीमा फालिएको मानिसको लास फेला नपर्नु स्वाभाविककै देखिन्छ । मिसिल संलग्न उर्मिला घलेको जाहेरी तथा अदालतमा गरेको बकपत्र र घटना विवरणका व्यक्तिहरूको कागज व्यहोरा र बकपत्रबाटसमेत प्रतिवादीको साबिती बयानलाई पुष्टि गरिरहेको अवस्था देखिन्छ । तसर्थ, प्रतिवादी धनबहादुर थापाले मृतक सुनिता घलेलाई मारेको पुष्टि भएकाले ज्यानसम्बन्धी महलको १ नं. विपरीत कसुर अपराध गरेकाले निजलाई सोही ऐनको दफा १३(३) बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर गरेको सुरू धादिङ जिल्ला अदालतबाट मिति २०६७।१२।१४ मा भएको फैसलालाई सदर हुने ठहर्‍याई मिति २०६८।१०।२४ मा पुनरावेदन अदालत, पाटनबाट भएको फैसला मिलेकै देखिँदा सदर हुने।

प्रतिवादीको मृतकलाई मार्ने मनसाय देखिँदैन भने कुनै किसिमको सुनियोजित योजना बनाई मारेको अवस्था पनि छैन। घटना श्रीमान् श्रीमतीबीच झगडा भै तत्काल उठेको रिसको परिणामस्वरूप मृतकलाई पुलबाट त्रिशुली नदीमा फालेको तथ्यलाई प्रतिवादीले अनुसन्धानको क्रममा र जिल्ला अदालतमा पनि स्वीकार गरी न्याय सम्पादनमा सहयोग पुर्‍याएको देखिन्छ। अतः प्रतिवादीको मृतकलाई योजना बनाई मार्ने मनसाय तत्त्वको अभाव हुनु, न्याय सम्पादनमा गरेको सहयोग र वारदात हुँदा बखतको प्रतिवादीको मानसिक अवस्थासमेतलाई विचार गर्दा प्रतिवादी धनबहादुर थापा मगरलाई १५ वर्ष कैद गर्ने सुरू धादिङ जिल्ला अदालत र पुनरावेदन अदालत, पाटनले अ.बं. १८८ नं. बमोजिम व्यक्त गरेको राय समर्थन हुने।

शाखा अधिकृत: देवी चौधरी

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७२ साल असार ९ गते रोज ४ शुभम्।

२

**मा.न्या. श्री ओमप्रकाश मिश्र र मा.न्या. श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७०-CR-०६५९, सरकारी छाप दस्तखत किर्ते, *नेपाल सरकार वि. नवराज नेपाल*

प्रतिवादी नबराज नेपालले हाँकी चलाइरहेको सवारी साधन चेक जाँच गर्ने क्रममा शङ्का लागी निजको नामको ०६-१३६८७० नं. को सवारी चालक अनुमतिपत्र चेक जाँचको क्रममा उक्त सवारी चालक अनुमतिपत्रमा वर्ग "बी" मात्र निजको नाममा जारी भएको तर वर्ग "एफ" निजले आफूखुसी थपी किर्ते भएको कुरामा विवाद छैन । उक्त किर्ते कार्य प्रतिवादीबाहेक अरूले गरेको जिकिर प्रतिवादीको रहेको भएपनि सो जिकिरको पुस्ट्याइँ पत्यारिलो तवरले प्रतिवादीबाट भएको नदेखिएकाले प्रतिवादीले आरोपित कसुर गरेको अभियोग दाबीको पुस्ट्याइँ तर्कसम्मतरूपबाट भएको देखियो । मुलुकी ऐन, किर्ते कागजको महलको ९ नं. ले "लिखतमा नै किर्ते नगरी अङ्क वा व्यहोरासम्म घटीबढी पारी किर्ते गरेमा जति कुरा घटीबढी गरेको छ उति कुरामा मात्र सजाय गर्नुपर्छ । मितिसम्म अघिपछि पारेको रहेछ भने सो गर्दा बिगो खुलेकामा जे जति बेहक हुने वा नोक्सान हुने गरी अघिपछि पारेको हो सोही बिगोको सयकडा पच्चीसले जरिवाना गर्नुपर्छ । बिगो नखुलेको मुद्दामा पचास रूपैयाँसम्म जरिवाना गर्नुपर्छ" भन्ने कानूनी व्यवस्था छ भने ऐ. को १२ नं. ले "सरकारी अड्डाको छाप वा सरकारी काममा सरकारी कर्मचारीको छाप दस्तखत वा सो छाप दस्तखत भएको सरकारी कागज किर्ते गर्नेलाई यसै महलको अरू नम्बरले हुने सजायमा एक वर्ष र उसै अड्डाको कर्मचारीले किर्ते गरेमा दुई वर्ष थप कैद हुन्छ" भन्नेसमेतको कानूनी प्रावधान भएकामा प्रतिवादीले सरकारी कागजको रूपमा रहेको सरकारी अड्डाबाट जारी हुने र अभिलेखसमेत रहने सवारी चालक अनुमतिपत्रमा वर्ग थप गरेकामा विवाद नरहेकाले प्रतिवादीलाई मुलुकी ऐन किर्ते कागजको महलको ९ नं. अनुसार सजाय गरेपछि सोही महलको १२ नं. बमोजिम थप कैद वर्ष एकसमेत गर्न पर्ने कानूनी व्यवस्था भएकामा सो नगरेको हदसम्म सुरूको फैसला सदर गर्ने गरी भएको पुनरावेदन अदालत पाटनको मिति २०६९।२।१४ को फैसला उल्टी भै पुनरावेदन अदालत, पाटनले गरेको सजायमा थप एक वर्ष कैदको सजाय हुने ।

इजलास अधिकृत: गजेन्द्रबहादुर सिंह

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७१ साल चैत १६ गते रोज २ शुभम् ।

३

**मा.न्या. श्री ओमप्रकाश मिश्र र मा.न्या. श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६९-CI-०८५३, क्षतिपूर्ति रकम दिलाई भराइ पाऊँ, *उर्मिला श्रेष्ठ वि. प्रचण्डबहादुर बम*

विपक्षी प्रतिवादीले सम्झौताबमोजिम पुनरावेदक वादीबाट जुम्ला जिल्लाको लागि २००.४० क्वी. र मुगु जिल्लाको लागि २००.४० क्वी. नुन बुझी लिएको मध्ये जुम्ला जिल्लामा जम्मा १८.८७ क्वी. मात्र नुन ढुवानी गरेको कुरामा प्रतिवादी सहमत नै रहेको अवस्था देखिन्छ । विपक्षी ढुवानीकर्ता र पुनरावेदक वादी कर्पोरेसन बीच २०६३ साल भाद्र महिनामा करार सम्पन्न भएको र सो करार सम्झौताको दफा ८ (क) मा भाद्र महिनादेखि प्रत्येक महिना ढुवानीकर्ताले सम्बन्धित जिल्लामा पुर्‍याउनु पर्ने गरी तोकेको परिमाण अनुसारको नुनको ढुवानी गर्न सकेको अवस्था नदेखिने ।

करारमा उल्लेख भएको शब्दको अर्थ गर्दा कानून व्याख्याको नियमअनुसार नै गर्नुपर्ने हुँदा सम्झौताको दफा ८ मा भएको जुनसुकै साधनको अर्थ गर्दा कर्पोरेसन स्वयंले नुन ढुवानी गर्नु पर्ने र सो नुन ढुवानी गर्दा प्रयोग गरेको "साधन" को अर्थ यातायातको साधन मात्रै हो भनी गर्न मिल्ने देखिँदैन । करार सम्झौतामा प्रयोग गरिएको "जुनसुकै साधन" को अर्थ गर्दा यातायातको साधनलाई मात्रै बुझाउँछ भनी सोझो अर्थ नगरी सो दफामा प्रयोग भएको "अन्य वैकल्पिक उपाय" भन्ने वाक्यलाईसमेत मध्यनजर गरी करारका

पक्षहरूको अभिप्रायको खोजी गरिनु पर्ने देखिन्छ । पुनरावेदक वादी र विपक्षी प्रतिवादीबीच भएको करारको अभिप्राय जुम्ला र मुगु जिल्लामा नुनको अभाव हुन नदिई नियमितरूपमा नुन आपूर्ति गर्ने रहेको र यदि विपक्षीले तोकिएको समयमा तोकिएको परिमाण नुन आपूर्ति गर्न नसकेको वा नगरेको अवस्थामा कर्पोरेसन स्वयंले अन्य जुनसुकै वैकल्पिक उपाय अवलम्बन गरी उक्त क्षेत्रमा नुन आपूर्ति गर्न सक्ने भन्ने देखिएको हुँदा कर्पोरेसनले आफैँले कुनै सवारीसाधनबाट नुन ढुवानी गर्नुपर्ने भन्ने अर्थ गर्न मिल्ने नभई कर्पोरेसनले जुनसुकै तरिकाबाट नुन ढुवानी गराउन सक्ने कार्यलाई बुझ्नुपर्ने हुने ।

अतः दुर्गम क्षेत्रमा रहेका नागरिकहरूलाई नुनलगायतका अति आवश्यक खाद्यपदार्थ समयमा आपूर्ति गर्ने जिम्मेवारी लिएको साल्ट ट्रेडिङ्ग कर्पोरेसनले सो क्षेत्रहरूमा समयमा नुन आपूर्ति गराउने प्रयोजनका लागि प्रतिवादीसँग करार सम्झौता भएको भन्ने देखिएको र सो सम्झौताको अवधि चैत मसान्तसम्मको तोकिएको भएपनि प्रत्येक महिना आपूर्ति हुनु पर्ने नुनको परिमाणसमेत सम्झौतामा उल्लेख भएको देखिँदा सम्झौता अवधि बाँकी रहेकाले पुनरावेदक वादीले अर्को पक्षसँग सम्झौता गरी नुन आपूर्ति गर्न सक्दैन भन्न मिल्ने नदेखिँदा वादी दाबी पुग्न नसक्ने ठहर गरी भएको बाँके जिल्ला अदालतको मिति २०६६।८।८ को फैसला र सो फैसलालाई सदर गर्ने गरी भएको पुनरावेदन अदालत नेपालगन्जको मिति २०६८।१।१९ को फैसलामा तात्त्विक फरक पर्ने देखिने ।

करारको समय २०६३ चैत मसान्तसम्मको रहेकाले पुनरावेदक वादीले सो समयावधि बाँकी छँदै बीचैमा अर्को पक्षसँग सम्झौता गरी विपक्षीलाई करारीय दायित्व पूरा गर्ने मौकाबाट वञ्चित गरी करार उल्लङ्घन गरेको भनी अर्थ गर्न मिल्ने देखिएन । करार सम्झौता हुँदा सहमति भएबमोजिम विपक्षीले करारीय दायित्व पूरा नगरेका कारण पुनरावेदक कर्पोरेसनले अर्को पक्षसँग उक्त जिल्लाहरूमा नुन ढुवानी गराउन सम्झौता गर्नु परेको अवस्थामा विपक्षी प्रतिवादीले कबुल गरेकोभन्दा हालका ढुवानीकर्ताले कबुल गरेको रकम वृद्धि भई पुनरावेदक कर्पोरेसनलाई पर्न गएको नोक्सानी विपक्षीबाट भरी पाउने होइन भनी अर्थ गर्न मिल्ने नदेखिने ।

जुम्ला र मुगु जिल्लामा नुन ढुवानी गर्ने कार्य सम्पन्न गर्नको लागि विपक्षी प्रचण्डबहादुर बमले कबुल गरेको जुम्ला जिल्लाको लागि प्रति क्वी. रू.२८५०।- का दरले १५०० क्वी. र मुगु जिल्लाको लागि प्रति क्वी. रू. ३८७५।- का दरले ८०० क्वी. नुन ढुवानी गर्नुपर्नेमा विपक्षीले जुम्ला जिल्लाको लागि १८.८७ क्वी. नुन मात्र ढुवानी गरेको अवस्थामा मिति २०६३।९।१९ मा पुनरावेदक र मणिलेक निर्माण सेवाबीच करार सम्झौता हुँदा कबुल गरेको मुगु जिल्लाको लागि प्रति क्वी. ४२२५।- का दरले ८०० क्वी. र मिति २०६३।९।२४ मा पुनरावेदक र उत्तमकुमार श्रेष्ठबीच करार सम्झौता हुँदा कबुल गरेको जुम्ला जिल्लाको लागि प्रति क्वी. रू.३३१९।- का दरले १५०० क्वी. नुन ढुवानी गर्ने गरी करार सम्झौता भएकामा नुन ढुवानी खर्चमा वृद्धि भई फरक पर्न गएको रकम पुनरावेदक वादीले विपक्षी प्रतिवादीबाट भराउन पाउने नै देखिने ।

प्रतिवादीले कबुल गरेको रकमभन्दा अर्को पक्षसँग बढी रकम कबुल गरी गराई फरक रकमतर्फ वादी दाबी पुग्न नसक्ने र वादीबाट प्रतिवादीले बुझेको ४००.८० क्वी. नुनमध्ये ढुवानी गर्न बाँकी नुन ३८१.९३ को प्रति क्वी. रू.८००।- का दरले हुने रू.३,०५,५४४।- मा प्रतिवादीले १८.८७ क्वी. ढुवानी गरेको सर्तबमोजिम प्रति क्वी. रू.२८५०।- का दरले हुने रू.५३,७७९।५० कट्टा गरी बाँकी हुने रू.२,५१,७६४।५० वादीले प्रतिवादीबाट भरी पाउने ठहर्छ भनी मिति २०६६।८।८ मा बाँके जिल्ला अदालतबाट भएको फैसला र सो फैसलालाई सदर गर्ने गरी भएको पुनरावेदन अदालत नेपालगन्जको मिति २०६८।१।१९ को फैसला मिलेको नदेखिँदा

केही उल्टी भई फिराद मागबमोजिम वैकल्पिक व्यवस्था गर्दा जुम्लासम्म ढुवानी हुनुपर्ने नुन १५०० क्वी मध्ये १८.८७ क्वी. ढुवानी भै गएकाले ढुवानी हुन बाँकी १४८१.१३ क्वी. को फरक परेको प्रति क्वी. रू.४६९।- ले हुने रू.६,९४,६४९।९७, मुगुसम्म ढुवानी हुनुपर्ने नुन ८०० क्वी को फरक परेको प्रति क्वी. रू.३५०।- ले हुने रू.२,८०,०००।- र विपक्षीले बुझी ढुवानी गर्न बाँकी ३८१.९३ को प्रति क्वी. रू.८००।- का दरले हुने रू.३,०५,५४४।-समेत गरी जम्मा रू.१२,८०,१९३।९७ मध्ये प्रतिवादीले ढुवानी गरिसकेको १८.८७ क्वी. को रू.२८५०।- का दरले हुने रू.५३,७७९।५० कट्टा गरी बाँकी हुने रू.१२,२६,४१४।४७ वादीले प्रतिवादीबाट भरी पाउने।

इजलास अधिकृत: इन्दिरा शर्मा

इति संवत् २०७२ साल भदौ १० गते रोज ५ शुभम्।

४

**मा.न्या. श्री ओमप्रकाश मिश्र र मा.न्या. श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६९-MS-००१७, सेवाबाट हटाएको, *योगेन्द्र गिरी वि. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, रामशाहपथ, काठमाडौंसमेत*

नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ७४ को उपदफा (१) (ज) मा "बिदा स्वीकृत नगराई लगातार साठी दिनसम्म आफ्नो कार्यालयमा अनुपस्थित रहेमा" सेवाबाट हटाउन सकिने गरी कानूनी व्यवस्था भएको देखिन्छ। सोही ऐनको दफा ७५ (१) मा *"कर्मचारीलाई सजायको आदेश दिने अधिकार अख्तियारवालालाई हुनेछ"* भनी कानूनी व्यवस्था भएको र ऐ को दफा २ (घ) मा *"अख्तियारवाला" भन्नाले दफा ११ बमोजिम नियुक्ति गर्न सक्ने अधिकारी सम्झनुपर्छ* भनी अख्तियारवालाको परिभाषा गरेको छ। ऐ को दफा ११ (१) ले *स्वास्थ्य सेवाको अधिकृत तहको पदमा नेपाल सरकारले नियुक्ति गर्नेछ* भनी कानूनी व्यवस्था गरेकोसमेतबाट यी पुनरावेदकलाई विभागीय सजायको आदेश दिन पाउने अधिकार नेपाल सरकारमा रहेको र ऐ ऐनको दफा ७७ मा *"नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी दफा ७५ बमोजिम सजायको आदेश दिने कुनै अधिकारीको अधिकारलाई सोही सूचनामा तोकिएको अधिकारीले तोकिएको अवधिसम्मको लागि प्रयोग गर्न पाउने गरी सुम्पन सक्नेछ"* भन्ने व्यवस्था गरेको हुँदा यी पुनरावेदकलाई विभागीय सजाय गर्ने नेपाल सरकारमा निहित रहेको अधिकार सो दफा ७७ बमोजिम स्वास्थ्य सेवा विभागका महानिर्देशकले प्रयोग गर्न पाउने गरी प्रत्यायोजन भएको भन्ने मिसिल संलग्न कागजातबाट नदेखिँदा यी पुनरावेदकलाई विभागीय सजाय गर्ने अधिकार नेपाल सरकारमा मात्र रहे भएको मान्नु पर्ने हुन आउने।

प्रशासकीय कानूनको आधारभूत सिद्धान्तअनुसार विधायिकाले कानूनद्वारा स्पष्टरूपमा अधिकार नदिएसम्म कुनै पनि निकाय वा अधिकारीले कुनै काम गर्न सक्दैन र गरेमा पनि अधिकारक्षेत्रात्मक त्रुटि हुन्छ। अधिकारक्षेत्रसम्बन्धी सिद्धान्तको प्रतिकूल निर्णय गरेमा त्यस्तो निर्णय बदर भागी हुन्छ भन्ने कानून र न्यायको सर्वमान्य सिद्धान्त रहेको छ। न्यायको मान्य सिद्धान्तअनुसार अधिकार नभएको व्यक्तिले अधिकारक्षेत्र ग्रहण गरी वा अधिकारक्षेत्र भए पनि अधिकारक्षेत्रको सीमा नाघी कार्य गरेमा त्यस्तो निर्णय अमान्य र बदर हुने।

हाम्रो कानूनी व्यवस्थालाई हेर्दा मुलुकी ऐन अ.बं. को ३५ नं. अनुसार *"गैह्र अड्डाले कानूनबमोजिम आफूले हेर्न हुने मुद्दा बाहेक अरू मुद्दा हेर्न हुँदैन। हेरे छिनेको भए पनि बदर हुन्छ"* भनी कुनै पनि निकाय वा अधिकारीले कानूनले तोकेभन्दा बाहिर गएर अधिकारक्षेत्र ग्रहण गर्न नसक्ने अधिकारक्षेत्रसम्बन्धी सिद्धान्तलाई आत्मसात गरेको पाइन्छ। अधिकारक्षेत्रको त्रुटि हुने अवस्थाहरूमा अधिकार नै नभएको निकाय वा व्यक्तिले अधिकार प्रयोग गर्नु वा अधिकार भएको व्यक्ति वा निकायले कानूनले तोकेकोभन्दा बढी अधिकार प्रयोग गर्नु वा अधिकारको

सीमाभन्दा बाहिर गएर कार्य गर्नु जस्ता कुराहरू पर्दछन् । अधिकारक्षेत्रको प्रश्न मुद्दाको विषयवस्तुमा प्रवेश गर्नु भन्दा पहिले नै निर्णयकर्ताले निर्क्योल गर्नु पर्ने विषय हो । उल्लिखित सिद्धान्त तथा कानूनी व्यवस्थासमेतको आधारमा प्रस्तुत मुद्दामा स्वास्थ्य सेवा विभागका का.मु. महानिर्देशकले कानूनले नतोकेको र आफूमा नभएको अधिकार प्रयोग गरी पुनरावेदकलाई विभागीय सजाय गरी अधिकारक्षेत्रात्मक त्रुटि गरेको देखिने ।

प्रस्तुत मुद्दामा स्वास्थ्य सेवा विभागका महानिर्देशकले कानूनीरूपमा आफूमा नभएको अधिकार प्रयोग गरी पुनरावेदकलाई विभागीय सजाय गर्ने गरी निर्णय गरेको देखिएकाले सो निर्णय अधिकारक्षेत्रको त्रुटि पूर्ण भई बदर हुने ठहर गरी प्रशासकीय अदालतका अध्यक्षबाट राय व्यक्त भएको देखिने ।

उल्लिखित सम्पूर्ण प्रमाण तथा आधारमा स्वास्थ्य सेवा विभागका का.मु. महानिर्देशकबाट पुनरावेदक योगेन्द्र गिरीलाई सरकारी सेवाबाट हटाउने सजाय गरी भएको विभागीय सजायको निर्णय अधिकारक्षेत्रात्मक त्रुटि पूर्ण देखिएकाले प्रशासकीय अदालतका अध्यक्षबाट स्वास्थ्य सेवा विभागका का.मु. महानिर्देशकबाट मिति २०६४।३।१७ मा यी पुनरावेदकलाई गरिएको विभागीय सजायको निर्णय अधिकारक्षेत्रको अभावमा बदर हुने ठहर गरी मिति २०६६।४।५ र २०६८।५।१९ मा व्यक्त राय सदर हुने ।

इजलास अधिकृत: इन्दिरा शर्मा

इति संवत् २०७२ साल भदौ १० गते रोज ५ शुभम् ।

५

**मा.न्या. श्री ओमप्रकाश मिश्र र मा.न्या. श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६८-CI-१३३१, निषेधाज्ञा, कृषि प्रेमुरा होल्डिङ प्रा.लि.का तर्फबाट *सुवोध दवाडी वि. नेपाल इन्डस्ट्रियल एन्ड कमर्सियल बैंक लिमिटेड, कमलादी, काठमाडौं*

निषेधाज्ञाको व्यवस्था समन्यायको सिद्धान्तबाट प्रादुर्भाव भएको हो । निषेधाज्ञा सामान्यतया कुनै कार्य गर्नबाट निषेध गर्न जारी गरिन्छ । तर मुद्दाको स्वभावअनुसार यसको रूप निषेधात्मक वा निर्देशनात्मक दुवै हुन सक्छ । यो मुद्दाको प्रकृति हेरेर व्यक्ति र सार्वजनिक पदाधिकारी दुवैका विरूद्धमा जारी हुन सक्छ । निषेधाज्ञाको आदेशले न त कसैको हक अधिकारको सिर्जना गर्दछ न कसैको हक अधिकारको समाप्ति नै गर्दछ । यो मुद्दाको कारवाही नटुङ्गिएसम्म विवादित विषयवस्तुलाई यथास्थितिमा राख्ने रोकथाममुखी उपचारको बाटो हो । यसले मुद्दाको फैसलालाई निष्प्रयोजन हुनबाट बचाउँछ । कसैको हकमा आघात पार्ने आशङ्का भएमा, आकृति अनुहार परिवर्तन गर्ने आशङ्काको स्थिति विद्यमान भएमा, फैसला कार्यान्वयनमा बाधा अड्चन हुने कार्य गर्न रोक्नु पर्ने र यथास्थितिमा कायम राखी कानूनी बाटो अनुसरण गराउनु पर्ने भएमा, अपूरणीय क्षति व्यहोर्नु पर्ने स्थितिको विद्यमानता भएमा, मुद्दा चलिरहेको अवस्थामा विवादित विषयवस्तुलाई यथास्थितिमा राख्नु पर्ने भएमा निषेधाज्ञाको आदेश जारी हुन्छ । कार्य नै सम्पन्न भैसकेकामा, हकबेहक छुट्याउन र हकको सिर्जना गर्नुपर्ने भएमा, विचाराधीन मुद्दामा असर पर्ने भएमा, अनुसन्धानको कार्य अवरूद्ध हुने भएमा, आशङ्का विद्यमान नभएमा तथा हक कायम भै नसकेको विषयमा निवेदन दिएकामा निषेधाज्ञाको आदेश जारी हुन नसक्ने ।

प्रस्तुत मुद्दाको सन्दर्भमा पुनरावेदक कम्पनी र विपक्षी बैंकबीच भएको सर्त प्रावधानबमोजिम Margin Lending कर्जा सेयरको बजार मूल्यमा हुने परिवर्तनको कारणले Margin Call गर्नु परेको भनी बैकले पटक पटक सूचना गर्दासमेत पुनरावेदक कम्पनीले Margin बापतको रकम जम्मा नगरी बेवास्ता गरी बसेकाले बैकले ७ दिनभित्र बैंकको कर्जा चुक्ता गर्न ऋणी कम्पनी तथा व्यक्तिगत जमानतकर्ताहरू समेतलाई पत्राचार गर्दासमेत कर्जा राफसाफ नगरेकाले बैंकले मिति २०६८।३।१५ मा धितो लिलामीको सूचना

प्रकाशित गरी परेका गोप्य सिलबन्दी बोलपत्रहरू मिति २०६८।३।२९ मा खोली बाँडफाँडमा परेका बोलपत्र आवेदकहरूलाई नियमानुसार सेयरहरू बाँडफाँडसमेत गरी सकिएको भन्ने लिखित जबाफबाट खुल्न आएको छ। पुनरावेदक कम्पनीले बैंकबाट मिति २०६८।३।१५ मा प्रकाशित सूचनाअनुसारको कार्य रोकी पाउनका लागि पुनरावेदन अदालत, पाटनमा रिट दायर गरेकामा जुन कार्य रोकी पाउनका लागि रिट दायर भएको हो सो कार्य नै सम्पन्न भै सकेको भन्ने मिसिल संलग्न कागजातहरूसमेतबाट देखिएको छ । जुन कार्य रोकी पाउनका लागि निवेदन परेको हो सो कार्य नै सम्पन्न भइसकेको अवस्था विद्यमान देखिएकाले पुनरावेदकको मागबमोजिम निषेधाज्ञाको आदेश जारी गर्न पर्ने नदेखिने।

उल्लिखित आधार कारणसमेतबाट निवेदन खारेज हुने ठहर गरी भएको पुनरावेदन अदालत, पाटनको मिति २०६८।७।१६ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : इन्दिरा शर्मा

इति संवत् २०७२ साल भदौ १० गते रोज ५ शुभम्।

६

**मा.न्या. श्री ओमप्रकाश मिश्र र मा.न्या. श्री जगदीश शर्मा पौडेल,** ०६९-WO-११४४, उत्प्रेषण / परमादेश, *नर्वदेश्वर शुक्ल, वि. विद्यालय शिक्षक किताबखाना, ताहाचल, काठमाडौंसमेत*

कुनै संस्थाको आन्तरिक कारणवस वा सम्बन्धित कर्मचारीको गल्तीको कारणले गर्दा सम्बन्धित नियमले निर्धारित गरेको समयावधि समाप्त हुनासाथ निवेदकलाई अवकाश नदिएकाले ढिलाइ हुन गई निवेदक पछि आफै अवकाश दिई सो बढी अवधि पनि उक्त पदमा रही काम गरेको कारणले मात्र कानूनले निर्धारण गरेको समयावधि भन्दा अतिरिक्त कार्य अवधिलाईसमेत समेटेर निवृत्तभरण उपलब्ध गराउन मिल्छ भनी अर्थ गर्न मिल्ने नदेखिने।

रिट निवेदकले पेस गरेको मिसिल संलग्न प्रमाण कागजहरूबाट निजले मिति २०३६।५।२८ मा ३१ वर्ष भएको उल्लेख गरी प्राप्त गरेको नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिको छायाँ प्रति हेर्दा निजको जन्म मिति २००५ देखिन्छ भने शैक्षिक योग्यताको प्रमाणपत्र र नोकरी विवरण फारमको प्रतिलिपि हेर्दा जन्म मिति २००९।११।१६ साल (स.न.१-३-१९५३) भएको पाइन्छ । जसअनुसार निवेदकको उमेर विरोधाभाषा पूर्ण भई निज स्वयम्ले यकिन जन्म मिति पेस गर्न सकेको पाइँदैन । यस्तो अवस्थामा विद्यालय शिक्षक किताबखानाले शिक्षा नियमावली, २०५९ नियम १३१(क) को स्पष्टीकरणमा "सेवा प्रवेश गर्दा पेस गरेको नेपाली नागरिकताको प्रमाणपत्रमा किटिएको जन्म दिन वा शैक्षिक योग्यतामा किटिएको जन्म दिन वा नोकरी विवरण फारममा किटिएको जन्म दिनमध्ये जुन उमेरबाट निज पहिला अवकाश हुन्छ सोही आधारमा गणना गरिनेछ" भनी उल्लेख भएको कानूनी व्यवस्थाबमोजिम निवेदकले मिति २०३६।५।२८ मा ३१ वर्ष भएको स्वीकार गरी प्राप्त गरेको नागरिकतामा उल्लेख भएअनुसार निजको जन्म मिति २००५ भएको मानी स्थायी सेवा अवधि २० वर्ष पुग्नुअगावै २०६८।७।१ बाट राजीनामा स्वीकृत हुनुभन्दा पूर्व मिति २०६५।५।२७ मा नै अनिवार्य अवकाश हुनु पर्ने देखिएकाले, निवृत्तभरण उपलब्ध गराउन नसकिने गरी भएको मिति २०७०।१।४ को विद्यालय शिक्षक किताबखानाको निर्णयपत्रलाई अन्यथा मान्न मिल्ने अवस्था नदेखिने।

जिल्ला शिक्षा कार्यालय, पाल्पाको मिति २०६९।६।२२ को पत्रअनुसार रिट निवेदकको अवकाश मिति २०६७।१०।९ देखि नै हुने देखिएको र उक्त अवधिसम्म निजको सेवा अवधि १९ वर्ष ३ महिना १६ दिन हुने भएकाले निजलाई सोहीबमोजिम सेवा सुविधा उपलब्ध गराई दिनुको साथै निज शिक्षकले २०६८ आश्विन मसान्तसम्मको

तलब भत्तासमेत बुझिसकेकोसमेत उल्लेख भएको देखिन्छ । शिक्षा नियमावली, २०५९ को नियम १३१(१) बमोजिम निवेदकले मिति २०३६।५।२८ मा ३१ वर्ष पूरा भई नागरिकता प्राप्त गरेको आधारबाट मिति २०६५।५।२७ मा नै ६० वर्ष पुगी अनिवार्य अवकाश प्राप्त गर्ने अवस्था देखिँदा त्यसपछि गरेको सेवा कानून अनुरूप नभै संस्थाको भूलबस काम गरेको देखिन आएको छ । कानूनबमोजिम पदाधिकार कायम नरहेको अवस्थाको हकमा पनि काम गरेको कुरामा विवाद नरहेको देखिए पनि सो समयको सेवा अवधिलाई समेत गणना गरी कानूनअनुरूप प्रदान गरिने निवृत्तभरण जस्तो प्रकृतिको सुविधा निवेदकले प्राप्त गर्न सक्ने अवस्था हुन नसक्ने ।

अत: शिक्षा नियमावली, २०५९ को नियम १३१(१) ले ६० वर्षसम्म सेवा गर्न पाउने व्यवस्था भएकामा, ऐ. नियम १३१(१) को स्पष्टीकरणमा शिक्षकको उमेर गणना गर्दा निजले पेस गरेको प्रमाणपत्रबाट देखिएको उमेरमध्ये जुन उमेरबाट पहिले अवकाश हुन्छ सोही प्रमाणको आधारमा उमेरको गणना हुने भन्ने व्यवस्था भएबाट निवेदकले मिति २०३६।५।२८मा लिएको नागरिकतामा उमेर ३१ वर्ष भएको आधारबाट हिसाब गर्दा निवेदकको ६० वर्ष उमेर २०६५।५।२७मा पुग्ने र २०४८।६।१३ मा स्थायी शिक्षक पदमा नियुक्त भएको निवेदकको मिति २०६८।६।१३मा मात्र २० वर्ष पुगी निवृत्तभरण पाउन सक्ने अवस्था भएको देखिनाले २० वर्ष नपुग्दै अनिवार्य अवकाश प्राप्त भै सकेकाले कानूनी रूपमा निवृत्तभरण पाउन योग्य नरहेकाले निवृत्तभरण उपलब्ध गर्न गराउन आदेश जारी गरिपाउँ भन्नेसमेतको निवेदन जिकिर कानूनसम्मत नदेखिँदा निवेदन माग दाबीबमोजिम रिट जारी गरी रहन परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : देवीकुमारी चौधरी

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०७२ साल असार १ गते रोज ३ शुभम् ।

## एकल इजलास

१

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** २०७२-WO-००१४, उत्प्रेषण / परमादेश, *चन्द्रकुमारी खड्का वि. सीता भट्टराई न्यौपानेसमेत*

मुलुकी ऐन, अ.बं. १७१ नं. बमोजिम भएको नक्साबाट मुद्दा निरूपण गर्न नसकिने भएमा सुरू अदालतले अर्को आदेश दिनसक्ने नै हुँदा त्यसको लागि निवेदिकाले रिटमा प्रवेश गर्नुको कुनै औचित्य नहुने ।

साधारण अधिकारक्षेत्रमा विचाराधीन रहेको मुद्दामा भएको आदेशलाई लिएर रिट निवेदिकाले असाधारण अधिकारक्षेत्र गुहार्नु निकै दु;खद भएको छ । साधारण अधिकारक्षेत्रमा विचाराधीन मुद्दाको अन्तिम टुङ्गो नलाग्दै यसमा उठेको विवादको निरूपण रिट आदेशबाट गर्नु अधिकारक्षेत्र स्वच्छ न्याय तथा सार्वजनिक नीति (Public Policy), न्यायिक निश्चितता, न्यायिक काम कारवाहीमा सुव्यवस्थालगायतको सिद्धान्तहरू विपरीत हुने देखिन्छ । आइन्दा यस्ता कुराहरूमा ध्यान दिनका लागि निवेदिका र निवेदिका विद्वान कानून व्यवसायीलाई यो इजलास हार्दिक अनुरोध गर्दछ । प्रस्तुत रिट निवेदनमा निरूपणयोग्य कुनै विषय नै नरहेकाले विपक्षीहरूसँग लिखित जवाफ माग गरिरहन परेन । रिट निवेदन खारेज हुने ।

इजालास अधिकृत : बसन्तजङ्ग थापा

कम्प्युटर: चन्द्रा तिमल्सेना

इति संवत् २०७२ साल साउन ११ गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** २०७२-WO-००१५, उत्प्रेषण / परमादेश, *संजीव कोइराला वि. शहरी विकास मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत*

विपक्षीले करारअन्तर्गतको काम कारवाही गर्नसक्ने भए पनि मेरो पेसामा रोक लगाउने गरी मलाई Defame गरी काल्पनिक आरोप लगाई मेरो इन्जिनियरिङ पेसामा व्यावसायिक रोक लगाउने काम कारवाही गर्न मिल्दैन भन्ने निवेदकको जिकिरको हकमा यससम्बन्धमा निवेदकले कानूनबमोजिम गाली बेइज्जती, क्षतिपूर्ति आदिको उपचार लिनुपर्ने हुन्छ । यस्तो उपचार आफूले लिनसक्ने कुरालाई स्वयम् यी निवेदकले यो रिट निवेदनको प्रकरण ४ मा स्वीकार गर्नुभएको देखिने।

विपक्षी मेलम्चीको कामकारवाहीबाट निवेदकको सेवा करारसम्बन्धी कुनै कुराको उल्लङ्घन भएमा सो कुरामा पनि निवेदकले करारसम्बन्धी उपचार लिनु उपयुक्त हुने हुँदा विपक्षी नं. ३ र ८ ले प्रेषित गरेको उल्लिखित पत्रहरूको कारणले मात्रै यी रिट निवेदकको संविधानप्रदत्त रोजगारीसम्बन्धी मौलिक हक हनन् भएको मान्न सकिने अवस्था नदेखिँदा विपक्षीहरूबाट लिखित जवाफ मगाई रहन परेन। रिट निवेदन खारेज हुने।

इजालास अधिकृत : बसन्तजङ्ग थापा

कम्प्युटर: चन्द्रा तिमल्सेना

इति संवत् २०७२ साल साउन ११ गते रोज २ शुभम्।

## रीत/बेरीत आदेश

**मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७२-RE-००६३, उत्प्रेषण / परमादेश, *ज्ञानेन्द्रराज आरणसमेत वि. त्रिभुवन विश्वविद्यालय केन्द्रीय कार्यालय, कीर्तिपुर काठमाडौंसमेत*

त्रिभुवन विश्वविद्यालय शिक्षक कर्मचारी सेवासम्बन्धी नियमावली, २०५० को नियम ६ मा २०६९।६।२९ को त्रि.वि.वि. सभाले संशोधन गरी करारमा रहेको शिक्षकहरूको लागि मात्र विशेष आन्तरिक खुल्ला प्रतियोगितामार्फत विज्ञापन गरेको कार्य नेपालको संविधान, २०७२ सित बाझेको छ वा छैन भन्ने प्रश्न प्रचलित कानून एवम् संविधानबमोजिम निरूपण हुने प्रकृतिको भएकामा विवाद छैन। सर्वोच्च अदालत नियमावली, २०४९ को नियम १५(२) मा अदालत दर्ता गर्न ल्याएको कुनै लिखत कानूनबमोजिम रीत नपुगेको वा कानूनबमोजिम खुलाउनु पर्ने कुरा कारण वा आधारहरू नखुलाएको वा प्रष्ट नभएको देखिएमा रजिस्ट्रारले त्यस्तो लिखतलाई दर्ता अस्वीकार गर्नसक्ने व्यवस्था भएको पाइन्छ। त्यस्तै उपर्युक्त नियमावलीको नियम २७(२) मा लिखत रीत नपुगेको वा कानूनविपरीत देखिएमा सो कुरा स्पष्टरूपमा उल्लेख गरी दरपीठको व्यहोरा उल्लेख गरी दस्तखत गरी अदालतको छाप लगाई एकप्रति सम्बन्धित पक्षलाई फिर्ता दिनुपर्ने व्यवस्था भैरहेको देखिन्छ । सर्वोच्च अदालत नियमावलीको नियम १५(२) र २७(२) मा भएका उपर्युक्त व्यवस्थाले कानूनबमोजिम रीत नपुगेको वा कानूनबमोजिम खुलाउनुपर्ने कुनै कुरा कारण वा आधार नखुलाएको लिखत दरपीठ गर्ने अधिकार र रजिस्ट्रारलाई भएकामा विवाद छैन। तर प्रस्तुत निवेदन व्यहोरा हेर्दा निवेदकले निवेदनमा जिकिर लिएको नियमावलीमा भएको संशोधन कानूनबमोजिम छ वा छैन र प्रस्तुत विषयवस्तु नेपालको संविधान, २०७२ को धारा ३०४ को प्रतिबन्धात्मक वाक्यांशबमोजिम हुनसक्ने प्रकृतिको हो वा होइन भन्ने विषयमा दरपीठ गर्ने अधिकार नियमावलीको उपर्युक्त व्यवस्थाले रजिस्ट्रारलाई दिएको नदेखिएकाले त्यहाँबाट मिति २०७२।६।११ मा भएको दरपीठ आदेश बदर हुने।

इति संवत् २०७२ साल असोज २० गते रोज ४ शुभम्।

## अदालत गतिविधि

### कानूनी नेपाली भाषाको भाषिक प्रशिक्षण कार्यक्रम काठमाडौंमा सम्पन्न

कानूनी नेपाली भाषाको भाषिक प्रशिक्षण कार्यक्रम मिति २०७२।६।२२ गतेदेखि ऐ.२४ गतेसम्म तीनदिने सो कार्यक्रम काठमाडौंमा सम्पन्न भयो।

सो कार्यक्रमको समुद्घाटन कार्यक्रमका प्रमुख अतिथि तथा सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्यायज्यूबाट पानसमा दीप प्रज्वलन गरी सम्पन्न भएको थियो । उक्त उद्घाटन सत्रका क्रममा उहाँले आजको अवस्थामा कम्प्युटरको जमानासमेत भएकाले भाषिक ज्ञान भएमा सोको प्रयोग अझ सहज हुन जाने कुरामा जोड दिनुहुँदै यसको माध्यमबाट Communication लाई FullFil गर्न सकिने हुँदा यसको छुट्टै महत्तव रहने सन्दर्भलाई जोड दिनुहँदै कार्यक्रमको सफलताको कामनासमेत गर्नुभयो।

सो तीन दिनसम्म सञ्चालित भाषिक प्रशिक्षण कार्यक्रमको समापन २०७२।६।२४ गते सम्पन्न भएको थियो। उक्त समापन कार्यक्रमको अध्यक्ष तथा माननीय न्यायाधीश श्री दीपकराज जोशीले गर्नुभएको थियो। समापनका क्रममा उहाँले मन्तव्य दिनुहुँदै कुनै पनि मानिसले आफुले प्रयोग गर्ने अभिव्यक्ति भाषामा ज्ञान भएअनुसार नै प्रयोग गर्दछ।

यस्तो भाषिक प्रशिक्षणले अदालतमा प्रयोग गरिने भाषामा शुद्धतामा थप सहयोग हुनुका साथै न्यायाधीशहरूले फैसलामा प्रयोग गर्ने भाषामा समेत भाषिक एकरूपता गराउन आवश्यक रहेको



पानसमा बत्ती बाली कार्यक्रमको समुद्घाटन गर्नुहुँदै माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्याय

छ । प्रशिक्षणले आगामी दिनहरूमा कानूनी नेपाली भाषालाई श्रीवृद्धि पक्कै पनि गर्ने हुँदा अझै परिस्कृत एवम् सुसँस्कृत हुने विश्वास व्यक्त गर्नुहुँदै प्रशिक्षणको महत्त्वमाथि जोड दिनुभएको थियो ।

प्रशिक्षार्थीहरूका तर्फबाट शाखा अधिकृत श्री राधिका सुवालले यस किसिमका भाषिक प्रशिक्षण कार्यक्रमले अदालतमा प्रयोग गरिने भाषामा शुद्धतालाई थप टेवा दिलाउने हुँदा भावी दिनमा यस्तो प्रशिक्षण माननीय न्यायाधीशहरू लगायत सबै कर्मचारीहरूलाई प्रदान गर्ने वातावरण मिलाउन कानूनी नेपाली भाषाले विकासको फड्को मार्ने विश्वाससमेत व्यक्त गर्नुभएको थियो ।

कार्यक्रमका सहभागीहरू

| | |
|---|---|
| १. शाखा अधिकृत | श्री भेषराज कोइराला |
| २. शाखा अधिकृत | श्री योगेन्द्रप्रसाद आचार्य |
| ३. शाखा अधिकृत | श्री भेषराज पौडेल |
| ४. शाखा अधिकृत | श्री खिलप्रसाद बुर्लाकोटी |
| ५. शाखा अधिकृत | श्री रामचन्द्र खड्का |
| ६. शाखा अधिकृत | श्री मुना ढकाल अधिकारी |
| ७. शाखा अधिकृत | श्री अर्जुन आचार्य |
| ८. नायब सुब्बा | श्री प्रकाश पराजुली |
| ९. नायब सुब्बा | श्री हरि भट्टराई |
| १०. नायब सुब्बा | श्री सरस्वती खड्का |
| ११. नायब सुब्बा | श्री होमप्रसाद आचार्य |
| १२. कम्प्युटर अपरेटर | श्री अप्सरा दहाल |
| १३. कम्प्युटर अपरेटर | श्री सुमन अधिकारी |
| १४. कम्प्युटर अपरेटर | श्री उदेन सुवेदी |
| १५. कम्प्युटर अपरेटर | श्री टेकबहादुर खड्का |
| १६. कम्प्युटर अपरेटर | श्री अभिषेककुमार राय |


कार्यक्रमका सहभागी भाषिक प्रशिक्षण तालिम लिँदै